# अध्याय : एक (CHAPTER-ONE)

## १. परिचय (Introduction)

### १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

नेपाल दक्षिण एशियामा रहेको एक स्वतन्त्र राज्य हो । हिमाल पर्वत अथवा सर्वोच्च शिखर सगरमाथा सहितको यो देश भारत र चीन नामक देशको बीचमा अवस्थित छ । पृथ्वीको उत्तरी गोलार्द्धमा अवस्थित यस मुलुकको अक्षांश २६.२२ देखि ३०.२७ उत्तर र ८०.४ देखि ८८.१२ पूर्वी देशान्तर सम्म फैलिएको छ भने पृथ्वीको कूल क्षेत्रफलको ०.०३ प्रतिशत र एशियाको ०.३ प्रतिशत भू-भाग ओगटेको भएता पनि धरातलिय बनोट तथा हावापानीको दृष्टिले यस भूमिमा अत्यन्तै विविधता पाइन्छ । नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. रहेकोमा हिमाली भाग १५ प्रतिशत, पहाडी भाग ६८ प्रतिशत र तराई भाग १७ प्रतिशत रहेको छ । नेपालको पूर्व पश्चिम औसत लम्बाई ८८५ कि.मी. र उत्तर दक्षिण औसत चौडाई १९३ कि.मि. रहेको छ । (चौधरी, २०७०)

नेपालको कुल भू-भागको ३९.६ प्रतिशत वन क्षेत्रले ढाकेको छ । यस मध्ये २९ प्रतिशत वन र १०.६ प्रतिशत बुट्यानले ढाकेको छ । हाल नेपालमा स्वामित्वको आधारमा ३ प्रकारका वनहरु रहेका छन्, जसमा सरकारी, सामुदायिक र निजी वनहरु रहेका छन् । वन ऐन, २०४९ मा उल्लेख भए अनुसार सामूायिक वन भन्नाले सामूहिक हितको लागि वनको विकास, संरक्षण र उपयोग गर्न उपभोक्ता समूहहरुलाई सुम्पिएको वन भन्ने बुझिन्छ । सामूहिक हितका लागि कुनै वनको हेर विचार गरि संरक्षण गर्न तथा वन पैदावारको उपयोग गर्न सम्बन्धित उपभोक्ताहरुको संगठित रुप नै सामूदायिक वन उपभोक्ता समिति हो (सामुदायिक वन बुलेटिन अंक १४/०६५/०६६) ।

वन सम्पदा नेपालको एक प्राकृतिक श्रोत हो । अधिकांश ग्रामीण नेपालीहरु परम्परागत रुपमा जीविकोपार्जनको लागि कृषि तथा पशुपालन प्रणालीमा निर्भर छन् । इन्धन, घाँस, सेउला सोत्तर निर्माण आदि आधारभूत आवश्यकता वनबाट प्राप्त हुने हुँदा

आय आर्जन गर्ने माध्यम पनि वन जंगल बनेको छ । जलस्रोत, पर्यटन र पर्यावरण क्षेत्रमा समेत वन सम्पदाको महत्वपूर्ण भूमिका रहने देखिन्छ । यति महत्वपूर्ण स्थान रहेको वनसम्पदाको संरक्षण गर्नु पर्ने आवश्यकता विगतमा टड्कारो रुपमा देखिए पछि वनको सामुदायिकरणको अवधारणा देखा पर्न थालेको हो (रावत् २०६५-०६६) ।

वन उपभोक्ताहरुको सहभागितामा वनको संरक्षण, विकास र व्यवस्थापन गर्नको लागि उपभोक्ताहरुको पहलमा स्थानीय स्तरमा योजना निर्माण गरी उनीहरुको नेतृत्वमा वनको दिगो विकास गर्नु सामुदायिक वन कार्यक्रमको उद्देश्य हो । सामुदायिक वन कार्यक्रमले वन उपभोक्तालाई प्रजातान्त्रिक प्रक्रियामा आवद्ध गराई वनको संरक्षण, विकास र व्यवस्थापनको लागि अवश्यक निर्णय प्रक्रियामा सहभागी हुने अवसर प्रदान गरेको छ । यस कार्यक्रमले उपभोक्ताको सामाजिक, आर्थिक, शैक्षिक तथा स्थानीय तहमा भौतिक, वातावरणीय पूँजी निर्माण गर्नमा ठूलो भूमिका खेलेको हुन्छ । उपभोक्ताहरुले सामुदायिक हित अनुकुलको निर्णय लिई वन व्यवस्थापनको योजना बनाउने हुनाले वनको संरक्षण र उपयोग गर्दा उपभोक्ताहरुबीच बेला बेलाबखतमा देखापर्ने विवाद र किचलो समेत आपसी छलफल र संवादबाट स्थानीय तहमै समाधान गर्न यस कार्यक्रमले बाटो खोलेको छ । सरकार विभिन्न तहका गैरसरकारी संस्था र स्थानीय उपभोक्ताहरुको समन्वयबाट अगाडि बढेको पाइन्छ (वन मन्त्रालय, २०६७) ।

वि.सं. २०४९ बाट स्थानीय स्तरमा नै संरक्षण र उपयोग गर्ने व्यवस्था सहित सामुदायिकीकरण भएको सामुदायिक वन आज सम्म आइपुग्दा नेपालको कुल वन क्षेत्रको करिव २२ प्रतिशत वन क्षेत्र सामुदायिक वनले ओगटेको छ । वि.सं. २०६६ को अन्त्य सम्म करिब १४,४३९ वन समुदाय उपभोक्ता समुहका १६,५९,७७५ घरधुरी सामुदायिक वन कार्यक्रममा आवद्ध भई सकेका छन् । यी आवद्ध भइसकेका घरधुरी करिब १२,४७,०२५ हेक्टर वन क्षेत्र संरक्षण र व्यवस्थापनको जिम्मा लिएका छन् । हालसम्म १४,४३९ वन समुदाय मध्ये ७९२ सामुदायिक वन महिलाले मात्र संचालन गरेका छन् । जसले वन र महिलाहरुको हैसियतका बीचको सम्बन्ध र वन श्रोतको

ह्रासले महिलाको जीवन झनै कष्टकर हुने वास्तविकतालाई सामुदायिक वनले समेटेको छ (सामुदायिक वन महाशाखा, २०६७) ।

नेपालमा संचालित सामुदायिक वन सम्बन्धी कार्यक्रमहरु वन ऐन, १९७३ र वन नियमावली, १९९५ अन्तर्गत अगाडी बढाइएको पाइन्छ । सामुदायिक वन स्थानीय समुदायको लागि सञ्चालित सरकार र स्थानीय समुदाय बीचको समन्वयात्मक संस्थागत प्रवर्द्धन हो । जसले वन सम्पदाको व्यवस्थापन गर्छ । यी सामुदायिक वनहरु जिल्ला वन अधिकृतबाट वैधानिक रुपमा स्थापित स्वतन्त्र स्वयंसेवी र स्वसाशित संस्थाहरु हुन् । सामुदायिक वनले स्थानीय व्यक्तिहरुको जीवनयापनमा सहयोग गर्न वनको राम्रो हेरविचार गर्न र वातावरण संरक्षण गर्न नेतृत्वदायी कार्य गरेको छ । करीब १ दशमलव १ मिलियन हेक्टर वन क्षेत्र (कुल वन क्षेत्रको २५ प्रतिशत) हाल १३ हजार भन्दा बढि सामुदायिक वन उपभोक्ता समितिलाई हस्तान्तरण गरि सकिएको छ । जसले नेपालको कुल जनसंख्याको करिब ३५ पतिशत जनसंख्यालाई समेटेको छ । नाङ्गो पारिएको वन क्षेत्रलाई फेरी हरियाली बनाइएको छ भने वन क्षेत्रको अवस्था पुनः सुधारिएर गएको छ । उपभोक्ता आफैले वनको संरक्षण गर्दै वन उपभोग र उपयोग पनि गर्दै आएका छन् । (घिमिरे, २०६६) ।

सामुदायिक वनको उपलब्धिलाई हेर्दा पछिल्लो आँकडा अनुसार नेपालमा १७,६८५ सामुदायिक वन उपभोक्ता समुहले १६ लाख ५२ हजार हेक्टर क्षेत्र, २१ लाख ७० हजार घरधुरीले प्रत्यक्ष तथा अप्रत्यक्ष वन क्षेत्रको उत्पादनबाट आएको घाँस दाउरा, काठ, जडिवुटी तथा वातावरणीय सेवा पाइरहेका छन् । प्रति घरधुरी औसत ०.७५ हेक्टर वन क्षेत्रको व्यवस्थापन समुह बाट भएको २५ प्रतिशत महिला कार्य समितिमा रहेको ५.६३ प्रतिशत सामुदायिक वन महिलाद्वारा व्यवस्थापन भएको पाइन्छ । कुल वन क्षेत्रको २६ प्रतिशत सामुदायिक वन महिला चारा व्यवस्थापन क्षेत्र भित्र रहेको देखिन्छ । क्षेत्रफल तथा धरातलिय हिसावले तराईमा १०० हेक्टर भन्दा बढि क्षेत्र भएको वन ७४.६ प्रतिशत रहेको छ । राज्यको नियन्त्रणमा रहेको वन स्थानीय समुदायले व्यवस्थापन गर्ने कानुनी व्यवस्था भए बमोजिम सामुदायिक वनको रुपमा उपभोक्ता

समुहले व्यवस्थापन गर्न थालेको करिब तीस वर्षको अवधिमा यो क्षेत्रका सामाजिक, आर्थिक, न्याय तथा सुशासनका सवालहरु क्रमशः विस्तार र घनीभूत हुँदै सम्बोधन समेत हुँदै आएका छन् । वनको प्रकृति, हैसियत र अवस्था समुदायको सामाजिक, सांस्कृतिक बनोट, संस्थागत संयन्त्ररु र भौगोलिक अवस्थाको आधारमा सवालहरु फरक फरक खालका हुन्छन् । प्राकृतिक श्रोतको रुपमा रहेको वनको ठूलो हिस्सा सामुदायिक वन उपभोक्ता समुहको जिम्मा आए पछि ती सामुदायिक वनबाट प्राप्त लाभको न्यायोचित वितरण र उपयोग सामुदायिक वन क्षेत्रमा उठेका सवालहरु मध्ये सबै भन्दा टड्कारो सवालको रुपमा आएको छ (वन विभाग, २०६५) ।

सामुदायिक वन कार्यक्रममा व्यापक जनसहभागिताको कारणले वनको संरक्षणमा उल्लेखनिय भूमिका खेलेपछि छोटो अवधिमा नै वन व्यवस्थापनको सामुदायिक वन कार्यक्रमले लोकप्रियता हाँसिल गरेको छ । स्थानीय जनताहरुको सक्रिय सहभागितामा वनको दिगो विकासले उपभोक्ताहरुलाई दैनिक रुपमा आवश्यक पर्ने घाँस, दाउरा, काठ तथा अन्य वन पैदावरमा आत्म निर्भर वनाउँदै वातावरणीय सन्तुलन समेत कायम गरी, आयआर्जन बढाउँदै र स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा समेत योगदान पुऱ्याउन सामुायिक वन विकास कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्दै आएको छ । सामुदायिक वन विकास कार्यक्रमका लागि संचालित विभिन्न योजना तथा परियोजनाहरुमा दातृसंस्थाहरुको पनि सहयोग रहेको छ । सामुदायिक वन कार्यक्रमको शुरुका दिनमा यसको उद्देश्य नाङ्गा डाँडा-पाखाहरुमा विरुवा रोपेर हरियाली बनाउने तथा घाँस दाउरा जस्ता दैनिक आवश्यकता पूर्ति गर्नु रहेको थियो । तर हाल आएर कार्यक्रमको व्यापकता र सफलता बढ्दै जाँदा पर्यटन, गरिबी निवारण, महिला जागरण र पिछडीएका समुदायलाई विभिन्न सिपमुलक तालिमको व्यवस्था गरी आय आर्जनको काममा सक्षम बनाई व्यक्तित्व विकास निर्माणका साथै जैविक विविधताको संरक्षण, जलसम्पदा, खनिज इन्धनको स्रोत, भौतिक निर्माण तथा पर्यावरणय सन्तुलन कायम राख्नमा सामुदायिक वन कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।

## १.२ समस्याको कथन (Statement of the Problem)

नेपाल प्राकृतिक सम्पदाको धनी देश भनेर चिनिन्छ । यहाँ विभिन्न किसिमका प्राकृतिक सम्पदाहरु रहेका छन् । जल सम्पदा, खनिज सम्पदा, वन सम्पदा आदि मध्ये वन क्षेत्रले प्रमुख र महत्वपूर्ण स्थान ओगटेको छ । इन्धनको प्रमुख श्रोत, भौतिक निर्माणको क्षेत्र तथा पर्यावरण सन्तुलन राख्ने काममा अग्रणी भूमिका खेलेको छ । विशेष गरि हाम्रो देशको ग्रामिण वन सम्पदाको महत्व सर्वाधिक रहेको छ ।

सामुदायिक वन समूहहरु गरिवका साथसाथै वञ्चितका पक्षमा समेत काम गर्दछन् । उनीहरुले अवसरबाट वञ्चित दलित, जनजाति तथा अल्प सङ्ख्यकहरुलाई निर्णय प्रक्रियामा समावेश गर्ने प्रयासहरु गरेकोले यसको उदाहरणका रुपमा लिन सकिन्छ । यस सम्बन्धी जीविकोपार्जनका लागि वन कार्यक्रमको तथ्याङ्कबाट हेर्दा नेपालका १५ वटा जिल्लाहरुका वन उपभोक्ताहरुका वन उपभोक्ता समूहहरुमा करिव १५ प्रतिशत दलितहरु रहेकोमा उनीहरुको कार्य समितिमा प्रतिनिधित्व सन् २००३/४ सम्म ६ प्रतिशत रहेकोमा सन् २००८ मा वृद्धि भई सदस्य सङ्ख्याको करिव करिव अनुपातमा पुगेको देखिएको छ । यसै गरी विपन्न जनजातिहरुको पनि समितिमा प्रतिनिधित्व वृद्धि भएको देखिएको छ भने अल्पसङ्ख्यकहहरुको उपस्थितिमा भने खासै भिन्नता देखिएको छैन । यी सबैको वृद्धिसँगै ब्राम्हण, क्षेत्री, नेवार जस्ता उपल्लो जात भनिएका समुहहरुको प्रतिनिधित्व पनि क्रमशः समानुपातिक रुपमा जान थालेको देखिएको छ । यसै गरी गरिबहरुको कार्यसमितिमा उपस्थिति उल्लेख्य रुपमा वृद्धिभई ५२ प्रतिशत पुगेको देखिन्छ । उक्त वृद्धिको कारणहरु हेर्दा वन समूहहरुमा वृद्धि भएको समावेशीकरणको अवधारणा प्रमुख रुपमा देखिएको छ भने कार्यसमितिको महिलाहरुको प्रतिनिधित्व सन् २००३ मा २१ प्रतिशत रहेकोमा २००८ मा यो ३६ प्रतिशत भएको देखिन्छ । यी सबै विश्लेषणलाई सामूदायिक वन समूहहरुको गरिबी न्यूनीकरण तथा सामाजिक समावेशीकरणमा भएका प्रयासहरुको रुपमा लिन सकिन्छ । निर्णय गर्ने पदहरुमा हुने प्रतिनिधिहरुले गर्ने निर्णयले समग्र समुहका क्रियाकलापहरुलाई निर्देशित गर्ने परिप्रेक्षमा निर्णय गर्ने पदहरुमा महिला, दलित तथा गरिब सदस्यहरुको सहभागिताबाट उनीहरुका पक्षमा निर्णय हुन मद्दत पुग्ने र सो बाट आर्थिक तथा सामाजिक

रुपान्तरणमा योगदान पुऱ्याउने सहजै अनुमान गर्न सकिन्छ । तर यति हुँदाहुँदै पनि सामुदायिक वन समूहहरुको निर्णय प्रक्रियामा मध्यम वर्गहरुको हालिमुहाली रहेको तथा उनीहरु गरिव केन्द्रित हुन नसकेको भन्ने आलोचना बाट भने समूहहरु अछुतो छैनन । विश्वबैंकले सन् १९९४ मा गरेको एक सर्वेक्षणले नेपालको वन क्षेत्रलाई सक्रिय व्यवस्थापन नगरिएको कारणबाट वार्षिक रु २२ अर्ब नाश भएर गइरहेको बताएको प्रसङ्गले समेत वनक्षेत्रबाट राष्ट्रिय आय तथा गरिबी न्युनीकरणमा हुने योगदानको अनुमान गर्न सकिन्छ । यसै गरी सन् २००७ मा वन सर्वेक्षण विभागले गरेको एक अध्ययनबाट नेपालको वनक्षेत्र बाट राष्ट्रिय आयको ९.४५ प्रतिशत प्रत्यक्ष योगदान (वातावरणीय सेवा समेत समावेश गर्दा करिव २८ प्रतिशत) गर्न सक्ने संभावना देखाइएकोबाट समेत वन क्षेत्रबाट नेपाल समग्र आर्थिक विकासमा हुन सक्ने योगदान स्पष्ट देखिन्छ (वन विभाग, २०६५) ।

सामुदायिक वनको बुलेटिन अङ्क १४,२०६५/०६६ का अनुसार तराइक्षेत्रमा भइरहेको तीव्र जनसंख्या वृद्धिले सामुदायिक वन कार्यक्रम लागु भए पनि प्रभावकारी नभएको देखिन्छ । बढ्दो रुपमा भईरहेको वन विनाश आज ठूलो समस्याको रुपमा रहेको छ । सामूदायिक वनहरु स्थापना भए पनि स्थानीय जनताहरुमा सामुदायिक वनसमितिमा संलग्न हुँदा त्यसबाट शैक्षिक, आर्थिक तथा सामाजिक क्षेत्रमा हुने प्रत्यक्ष तथा अप्रत्यक्ष फाइदावारे जानकारी नभएको अवस्था छ । सामूदायिक वन कार्यक्रम सुधारबाट स्थानीय जनताहरुको आर्थिक स्तरमा पनि सुधार आएको र सामुदायिक वन समितिको सहयोगमा स्थानीय विद्यालयहरुको पनि शैक्षिक प्रक्रियामा केही मात्रामा भए पनि सहज भएको छ । यस्तो अवस्था हुँदाहुँदै पनि विविध कारणले गर्दा सामुदायिक वनमा स्थानीय सम्पूर्ण जनताहरु समाहित नभएको कारणले गर्दा यसबाट हुने फाइदा प्रष्ट हुन सकेको छैन । साथै सामुदायिक वन समितिले स्थानीय क्षेत्रमा गर्नु पर्ने आर्थिक साथै अन्य प्रकारका सहयोग पनि सीमित भएको छ । यसै सन्दर्भमा गरिएको यस अध्ययनले निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयास गर्नेछ ।

१. सामुदायिक वन उपभोक्ता समितिको सामाजिक विकासको अवस्था कस्तो छ ?

३. सामुदायिक वन उपभोक्ता समितिले स्थानीय क्षेत्रमा के कस्ता शैक्षिक सहयोग गरेको छ ?

४. सामुदायिक वन समितिबाट स्थानीय जनता र त्यसका उपभोक्ताले कुनै किसिमको सामाजिक तथा सामुहिक फाइदा लिएका छन् ?

५. वैदेशिक रोजगारमा मात्र आश्रित समाजमा के सामुदायिक वनको आम्दानी पनि जनताका आधारभूत आवश्यकता पूरा गर्ने माध्यम बन्न सक्छ ?

## १.३ अध्ययनको उद्देश्य (Objective of the Study)

यस अध्ययनको सामान्य उद्देश्य आर्थिक, शैक्षिक लगायत स्थानीय क्षेत्रमा सामुदायिक वनले पुऱ्याएको समग्र योगदानको अध्ययन गर्नु रहेको छ । अध्ययनको उद्देश्य पूरा गर्न यसका विशिष्ट उद्देश्यहरु यसप्रकार रहेका छन् ।

१. सामुदायिक वनको आम्दानीका स्रोतहरु पत्ता लगाउनु ।

२. सामुदायिक वनले स्थानीय उपभोक्ताहरुको आर्थिक तथा शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदान पत्ता लगाउनु ।

३. सामुदायिक वनका समस्याहरु पत्ता लगाई समाधानका उपायहरु प्रस्तुत गर्नु ।

## १.४ अनुसन्धान प्रश्नहरु (Research Questions)

सामुदायिक वनले स्थानीय क्षेत्रको सामाजिक, आर्थिक तथा विकासमा पुऱ्याएको योगदान तथा सामुदायिक वनले स्थानीय उपभोक्ताहरुको आर्थिक तथा शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदान विश्लेषण गर्ने उद्देश्यले तयार गरिएको यस अध्ययनका लागि अनुसन्धानात्मक प्रश्नहरु यस प्रकार छन् ।

१. सामुदायिक वन समितिमा आवद्ध उपभोक्ताको आर्थिक स्रोतहरु के के हुन ?

२. सामुदायिक वन उपभोक्ता समितिले स्थानीय उपभोक्ताको आर्थिक अवस्थामा कस्तो प्रभाव पारेको छ ?

३. सामुदायिक वन उपभोक्ता समितिले सामाजिक विकासमा के-कस्तो योगदान गरेको छ ?

४. सामुदायिक वनले स्थानीय उपभोक्ताको शैक्षिक विकासमा के कस्तो योगदान गरेको छ ?

५. सामुदायिक वनप्रति उपभोक्ताहरुको भूमिका कस्तो रहेको छ ?

## १.५ अध्ययनको महत्व (Significance of the Study)

सामुदायिक वनकार्यक्रम सहभागितामुलक वन व्यवस्थापनको क्षेत्रमा एक साहसिक, सिर्जनशील र प्रतिवद्ध कदम हो । यस कार्यक्रम अन्तर्गत राष्ट्रिय वनको निश्चित क्षेत्र संरक्षण, सम्वर्द्धन, तथा विकासका साथ-साथै स्थानीय क्षेत्रका जनताहरु पनि लाभान्वित हुने भएकाले देशको राष्ट्रिय अर्थतन्त्र विकासका लागि यो एउटा महत्वपूर्ण कार्यक्रम सावित भएको छ । यो कार्यक्रम सन् १९९३ को वन ऐन र सन् १९९५ को वन नियमावली अनुसार प्रदान गरिएको हो । यस कार्यक्रमको प्रमुख उद्देश्य सरकार र स्थानीय समुदाय बीचमा समन्वय गरि सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गर्दै यसबाट अधिकतम फाइदालिनु हो ।

हाम्रो जस्तो कृषिप्रधान देशमा कृषि र वन सम्पदाको सम्बन्ध पहिचान गरि कृषि क्षेत्रको विकासमा वन सम्पदाहरुको अधिकतम प्रयोग बाट कृषि क्षेत्रको विकास गर्नु आजको आवश्यकता हो । त्यसैगरि वातावरण सन्तुलन राख्न पनि वन सम्पदाले ठूलो महत्व राख्ने हुनाले सामुदायिक वन कार्यक्रममा स्थानीय वन सम्पदाको प्रत्यक्ष तथा अप्रत्यक्ष सम्बन्ध पहिचान गर्न आवश्यक देखिन्छ । आज समुदायिक वन गठन र हस्तान्तरणको कारणले स्थानीय उपभोक्ताहरुमा आफ्नो सीमानाभित्र रहेको वन प्रति अपनत्वको भावना जागृत भई उक्त वन जंगललाई पूर्णरुपले संरक्षण र सम्बर्द्धन तथा सदुपयोग गर्ने कार्यको तीव्र रुपमा विकास हुँदै आए पनि वन बाट प्राप्त हुने प्रत्यक्ष तथा अप्रत्यक्ष लाभ बाट वञ्चित भएका तथ्यहरु यत्रतत्र भेटिएका छन् त्यसैले सामुदायिक वनबाट प्राप्त आर्थिक तथा तथा अन्य लाभहरुलाई न्यायोचित तवरले

वितरण गर्नका लागि सम्पूर्ण उपभोक्ताहरु सबैमा सबैको अधिकार र कर्तव्य वा दायित्व बारेमा प्रष्ट हुन वा गराउन उत्तिकै आवश्यक हुन्छ (वन विभाग, २०६६/०६७)

यस अध्ययनमा सामुदायिक वन कार्यक्रममा सहभागी भएका व्यक्तिहरुको आर्थिक, सामाजिक तथा शैक्षिक अवस्थाको अध्ययन गरिएको छ । मुख्य रुपमा स्थानीय क्षेत्रका जनताहरु र उक्त क्षेत्रको शैक्षिक अवस्थाको अध्ययन गरिएको छ । अझ विस्तृत रुपमा स्थानीय क्षेत्रका जनताहरु र उक्त क्षेत्रको विकासमा सामूदायिक वन समितिबाट प्राप्त योगदान र त्यसबाट हुने आर्थिक, शैक्षिक उपलब्धिहरुको लेखाजोखा गरि सामूदायिक वन कार्यक्रममा सहभागिता बढाई सामूदायिक वन कार्यक्रमलाई सफल र प्रभावकारी बनाउन यस अध्ययनले महत्व राख्छ । साथै सामुदायिक वन समितिलाई स्थानीय क्षेत्रको आर्थिक, सामाजिक, शैक्षिक विकासमा अझबढि सहभागी हुन प्रेरित गर्दछ । यस अध्ययनको महत्वलाई बुँदागत रुपमा समेट्न सकिन्छ ।

(क) यस अध्ययनले कास्की जिल्ला, भरत पोखरी गा.वि.स. अन्तर्गतको डाँडागाउँ सामुदायिक वन उपभोक्ता समितिको प्रभाव क्षेत्र तथा उक्त क्षेत्र भित्र रहेका व्यक्तिहरुको आर्थिक, सामाजिक, तथा शैक्षिक अवस्था पत्ता लगाउन मद्दत गर्नेछ । साथै त्यस क्षेत्रको विकासमा वन समितिले पुऱ्याएको योगदान विश्लेषण गर्न सहयोग गर्ने छ ।

(ख) स्थानीय जनताहरुको सामुदायिक वनप्रतिको धारणा बुझ्न सहयोग गर्ने छ ।

(ग) यस अध्ययनले डाँडागाउँ सामुदायिक वन उपभेक्ता समितिले स्थानीय जनताहरुलाई गरेको विभिन्न सहयोगको व्याख्या गर्ने छ ।

(घ) ग्रामिण क्षेत्रका जनताहरुको आर्थिकस्तर उकास्न सामुदायिक वनले खेल्नु पर्ने भूमिका पत्ता लगाई सामुदायिक वन समितिलाई सूझाव यस अध्ययनले दिनेछ ।

(ङ) स्थानीय जनताहरुलाई सामुदायिक वन उपभोक्ता समितिमा सहभागी हुन प्रेरणादायी सुझाव दिनेछ ।

(च) यस अध्ययनले नीति निर्माण तहमा रहेका व्यक्तिहरु र वन क्षेत्रमा कार्य गर्न चाहने परियोजनाहरुलाई सामुदायिक वनको अवस्थाको जानकारी गराइ प्रभावकारी नीति निर्माण गर्नमा पनि सहयोग गर्नेछ ।

(छ) सम्बन्धित क्षेत्रमा अध्ययन, अनुसन्धान गर्न चाहनेलाई पूर्व साहित्यको रुपमा महत्वपूर्ण भूमिका रहने छ ।

## १.६ अध्ययनको सीमाहरु (Limitations of the Study)

सामुदायिक वन उपभोक्ता समुहले गर्ने क्रियाकलापहरु आर्थिक उपार्जनसंग मात्र सीमित छैन र यसको विभिन्न जीविकोपार्जन वृद्धिका लागि वन समुहहरुलाई पनि सहयोग पुऱ्याउँछ तर यस अध्ययनले आर्थिक तथा शैक्षिक क्षेत्रको अध्ययन गरेको छ । यस अर्थमा अध्ययनलाई सामुदायिक वनका क्रियाकलापहरु एवं त्यसमा जीविकोपार्जनका लागि वन कार्यक्रमले पुऱ्याएको सहयोगको आंशिक प्रभाव मुल्यांकनको रुपमा लिनुपर्ने देखिन्छ । अध्ययनले कास्की जिल्ला भरतपोखरी गा.वि.स. को डाँडागाउँ सामुदायिक वनसंग सम्बन्धि घरधुरीहरु मात्र लिएको हुँदा अध्ययनबाट प्राप्त नतिजाहरु पनि सोही सीमा भित्रको समग्र चित्रणको रुपमा लिएको छ । यस अध्ययनलाई प्रभावकारी, यथार्थपरक, उपयोगी र अर्थपूर्ण बनाउन, जनशक्ति, समय र आर्थिक लगायतका सिमाहरुले गर्दा यसलाई निश्चित सिमाभित्र राखिएको छ । उक्त सिमाहरुलाई क्रमशः तल उल्लेख गरिएको छ ।

(क) यो अध्ययन पश्चिम नेपालको कास्की जिल्ला भरतपोखरी गा.वि.स. स्थित डाँडागाउँ सामुदायिक वन समिति क्षेत्रमा मात्र सीमित गरिएको छ । जस अन्तर्गत भरतपोखरी गा.वि.स. वडा नं. ७ को २१५ घरधुरीलाई मात्र समावेश गरिएको छ ।

(ख) डाँडागाउँ सामुदायिक वन समितिले स्थानिय क्षेत्रको विकासमा गरेको योगदानहरुलाई वनको वार्षिक प्रतिवेदनको आधारमा अध्ययन गरिएको छ ।

(ग) यस अध्ययन क्षेत्रको पहिलाको आर्थिक, शैक्षिक तथा सामाजिक अवस्थालाई ध्यान नदिई वर्तमान अवस्थाको आर्थिक, शैक्षिक तथा सामाजिक अवस्थाको विश्लेषण गरिएको छ ।

(घ) यस अध्ययनको लागि समय सीमाको कारणले सानो आकार लिइएको नमूनाको प्रयोग गरिएको छ ।

(ङ) उक्त वन समितिको क्षेत्रमा भएका व्यक्ति मध्येबाट अध्ययनको लागि समितिमा सहभागी भएका १०० जना व्यक्तिहरुलाई नमूनाको रुपमा छनौट गरिएको छ ।

(च) यो अध्ययनबाट प्राप्त निष्कर्ष यस क्षेत्र वाहेक अन्यक्षेत्रमा नमिल्न पनि सक्छ ।

## १.७ मुख्य शब्दावलीको कार्यात्मक परिभाषा (Operational Definition of Key Terms)

**सामूदायिक वन** : सामूहिक हितको लागि वनको विकास संरक्षण र उपयोग गर्न उपभोक्तालाई सुम्पिएको वन ।

**सामूदायिक वनका उपभोक्ताहरु** : सामूहिक हितका लागि कुनै वनको विकास र संरक्षण गर्न तथा वन पैदावारका उपयोग गर्न सम्बन्धित उपभोक्ताहरुको संगठित रुप ।

**स्थानीय स्रोत र साधन** : सामूदायिक वनमा रहेका विभिन्न स्रोतहरु जस्तै : सामूदायिक वनयुक्त काठ, दाउराबाट उठ्ने करबाट प्राप्त हुने आम्दानी ।

**सहुलियत दर** : प्रचलित बजार मूल्य भन्दा कम मूल्य

**आम्दानी** : वस्तु तथा सेवा विक्रि गरेवापत प्राप्त गरिने रकम ।

**खर्च** : वस्तु तथा खरिद गर्दा प्राप्त गरिने रकम ।

**बचत** : आम्दानी र खर्च बीचको अन्तर ।

**वन व्यवस्थापन** : वनको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न गरिने क्रियाकलाप ।

**वन संरक्षण** : आगलागी, चोरी तस्करी, वन फँडानी, अतिक्रमण आदिबाट जोगाउन समुदायद्वारा गरिने क्रियाकलाप ।

**नमूना** : कुल जनसंख्याबाट छनौट गरिएको प्रतिनिधिमूलक समूह ।

**प्रत्यक्ष अवलोकन** : अनुसन्धानकर्ता अध्ययन क्षेत्रमा आफै गई गरिएको अवलोकन ।

**जैविक विविधता** : कुनै निश्चित स्थानमा अवस्थित प्राणी बीचको भिन्नता ।

**वन पैदावार** : वन बाट प्राप्त काठ, दाउरा, घाँस ।

**वन अतिक्रमण** : वन क्षेत्रहरु चोरी कटानीको कारण उजाडिँदै जानु ।

**गरिवी निवारण** : आर्थिक स्थितिमा सुधार ।

## १.८ **अध्ययनको संगठन** (Organization of the Study)

डाँडागाउँ सामुदायिक वनले स्थानीय उपभोक्ताको आर्थिक, सामाजिक तथा शैक्षिक विकासमा पुऱ्याएको योगदान भरतपोखरी गा.वि.स. कास्की नामक यो शोधपत्र तयार गर्दा शोधपत्रलाई व्यवस्थित बनाउनको लागि निम्न ५ अध्यायमा विभाजन गरिएको छ ।

पहिलो अध्यायमा परिचय अर्न्तगत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अनुसन्धान प्रश्न, अध्ययनको महत्व, अध्ययनको सीमा, मुख्य शब्दावलीको कार्यात्मक परिभाषा र अध्ययनको संगठनलाई समावेश गरिएको छ ।

दोस्रो अध्यायमा सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा अर्न्तगत सैद्धान्तिक साहित्यको पुनरावलोकन, पूर्व अध्ययनको पूनरावलोकन, अध्ययनका लागि पूर्व अध्ययनको प्रयोग, अनुसन्धान अन्तर, अवधरणात्मक ढाँचा, कार्यात्मक ढाँचालाई समावेश गरिएको छ ।

तेस्रो अध्यायमा अध्ययन विधि र प्रक्रिया अर्न्तगत अनुसन्धान ढाँचा र अध्ययन विधि, तथ्यांकको स्रोतहरु, संकलन तरिका, तथ्यांक संकलन प्रक्रिया र तथ्यांकको प्रस्तुतिकरण र विश्लेषण विधिबारे चर्चा गरिएको छ ।

चौथो अध्यायमा अध्ययन क्षेत्रको परिचय, तथ्यांको विश्लेषण र प्रस्तुतीकरण अर्न्तगत नतिजाको विश्लेषण र प्रस्तुतीकरण र सारांश प्रस्तुत गरिएको छ ।

पाचौँ अध्यायमा निष्कर्ष र सुझाव अन्तर्गत अध्ययनको निष्कर्ष, सुझाव, नीतिसंग सम्बन्धित, प्रयोगात्मक क्षेत्र सँग सम्बन्धित र आगामी अनुसन्धानसँग सम्बन्धित सुझावहरु प्रस्तुत गरिएको छ । शोधपत्रको अन्तमा सन्दर्भसूची र अनुसूचीहरु समावेश गरिएको छ ।

# अध्याय : दुई (CHAPTER-TWO)

## २. सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा (Review of Related Literature)

यस अध्यायमा सामुदायिक वनसँग सम्बन्धित विभिन्न प्रकाशित कृति, लेख, रचना, जर्नल, अप्रकाशित शोधपत्रलाई आधार मानी साहित्यको पुनरावलोकन गरिएको छ ।

### २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of Theoretical Literture)

हाडा (२०६५) का अनुसार आज एक ठाउँबाट अर्को ठाउँमा जान वैज्ञानिक उपकरणहरुले गर्दा सजिलो भएको छ भने सोही वैज्ञानिक उपकरणहरुले पर्यावरणलाई धमिलो बनाएको छ । स्वस्थ वातावरण सृजना गर्नको लागि ढल निकासको सुप्रबन्ध हुनु अति आवश्यक छ । ठूलठूला सहरहरुको फोहोर मैलालाई कुनै निश्चित ठाउँमा गाडिन वा डढाउनु पर्ने स्थिति देखा परेको छ । जसलाई त्यसै छोडिदिएको खण्डमा दुषित हावामा घुलमिल भई वातावरणलाई अस्वस्थ बनाइदिन्छ । जसले गर्दा विभिन्न किसिमका सरुवा रोगहरुको उद्गमनस्थलको रुपमा सुरु हुन थाल्दछ । यसलाई समयमै नियन्त्रण नगरेको खण्डमा भविष्यमा गएर यसले ठूलो भयावह स्थिति उत्पन्न गराउने कुरामा कसैको दुईमत नहोला । विश्वमा हराउदै गएको वनजंगललाई वृक्षारोपण गरी हराभरा बनाउनु पर्ने स्थिति एकातिर छ भने अर्कोतिर मानवसँग प्रत्यक्ष रुपमा सम्बन्ध राख्ने वनजंगल आज बढ्दो रुपमा ह्रास हुँदै गएको छ । कुनै पनि राष्ट्रको लागि कुल-भू-भागको ४३ प्रतिशत वनजंगल हुनु वाञ्छनिय हुन जाने कुरा विशेषज्ञहरुले बताएका छन् ।

भण्डारी (२०६५) काअनुसार “कम लगानीको वन सम्वर्द्धनका लागि सामुदायिक वन कार्यक्रमको कमजोरी” शीर्षकको अध्ययनमा सामुदायिक वन उपभोक्ता समुहहरु संरक्षण केन्द्रित भएको निष्कर्ष देखिएको छ । साथै अध्ययनको निष्कर्ष अनुसार सामुदायिक वन उपभोक्ता समुहको सक्रिय व्यवस्थापन नहुनुको प्रमुख कारण वन सम्वर्द्धन गर्ने उपाय र साधनको ज्ञानको कमी हुनु हो । सक्रिय वन व्यवस्थापनको

लागि व्यवस्थापन तालिम मात्र पर्याप्त हुदैन । सामुदायिक वनको प्रयोगकर्ता नै वास्तविक प्रवर्द्धक भएकोले उनीहरुलाई नै संरक्षण र साधनको बारेमा जानकारी हुनुपर्दछ । सामान्य सैद्धान्तिक तरिका पर्याप्त नहुन सक्छ । दीगो विकास जस्तै आफ्नै क्रियाकलापद्वारा सिक्ने अवसरले उनीहरुको आत्मविश्वासको विकासको साथै सुहाउँदो उपाय विकास गर्छ । पर्याप्त मात्रामा वन व्यवस्थापनक् गर्ने कार्य प्रमुद रुपमा समाधान गर्ने चुनौती हो । समय दीगो वन व्यवस्थापनको दृष्टिकोणले उपयुक्त रहेको पाइएन र वन सम्वर्द्धन तौरतरिकाहरु उपभोक्ताहरुको दृष्टिकोण र प्रयोग गर्न लागिएका तरिकाहरुसमेत वनलाई उनीहरुको उद्देश्य अनुसारको बनाउन खासै उपयोगी नभएको देखियो ।

शर्मा (२०६५) को अध्ययनले वनसम्पदा प्रकृतिद्वारा प्रदत्त साधनमध्येको एक साधन हो । देशको आर्थिक विकासमा प्राकृतिक साधनको ठूलो भूमिका रहेको हुन्छ । नेपालको आर्थिक विकासमा वनसम्पदाले महत्वपूर्ण भूमिका खेलेको कुरा निर्विवाद छ । वनसम्पदाको उपयोग एक भरपर्दो इन्धनको स्रोतको रुपमा रहेको छ भने जंगलबाट घर बनाउन काठको पूर्ति पनि गरिन्छ । पशुपालन व्यवसायमा घाँसदाउरा, स्याउलाको प्रमुख स्रोतको रुपमा पनि जंगल उपयोगमा आइरहेको छ । वन पैदावरमा आधारित सलाई उद्योग, रबर उद्योग तथा फर्निचर उद्योगका लागि कच्चा पदार्थको पूर्तिको प्रमुख स्रोत पनि वनसम्पदा नै हो । सरकारी राजस्वको रुपमा बार्षिक ४७ करोड रुपैया आम्दानी पनि वनसम्पदाबाटै भईरहेको छ । वातावरण सन्तुलन राख्न पनि वनसम्पदाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । वनसम्पदाबाट उत्पादित फर्निचर, जडिबुटी इत्यादिबाट विदेशी मुद्राको पनि मनग्य आम्दानी गर्न सकिन्छ । वनले बालीलाई हावाबाट विगार्नबाट रोक्छ भने जमिनको माटो बग्न नदिई पहिरो र भू-क्षय रोक्न सहयोग गर्दछ । जंगल एउटा पानीको स्रोतको रुपमा पनि रहिआएको छ । रुखविरुवाका जराले सोसेको पानीलाई जलकणका रुपमा पातलो वायुमण्डलमा फ्याँक्दछ र त्यही जलकण चिसो भएपछि जमिनबाट पानी पर्दछ । वनले प्राकृतिक सौन्दर्य बढाउँछ र बनभोजका लागि मनोहर स्थलको रुपमा वनजंगल प्रयोग गरी पर्यटकलाई आकर्षित

गर्न सकिन्छ । त्यसकारण यी विविध कारणले आर्थिक विकासमा वन सम्पदाको धेरै महत्वपूर्ण स्थान रहेको छ ।

चौधरी (२०६६) ले सामुदायिक वन उपभोक्ता समुहभित्र हस्तान्तरण प्रस्तावको सुशासन सम्बन्धि अध्ययनमा सामुदायिक वन उपभोक्ता समुहको दिगो संस्थागत विकासको लागि सुशासन एक महत्वपूर्ण पक्ष भएको निश्कर्ष दिएका छन् । यस अधयनले सामुदायिक वन हस्तान्तरण प्रस्तावमा प्रदान गरिने प्राविधिक संस्थागत क्षमता अभिवृद्धि क्रियाकलापहरु र नियमित अनुगमनका कार्यले उपभोक्ता समूहरुको प्रजातान्त्रिक अभ्यासको संस्कार बसाल्ने कार्यलाई अढावा दिदै सुशासन कायम हुन्छ भन्ने तथ्य प्रष्ट पारेको छ । तथापी सुशासनलाई दह्रो पार्न सामुदायिक वन उपभोक्ता समुहहरु र फिल्ड कर्मचारीहरुलाई अझ सुदृढ गर्नु पर्ने जरुरी देखिन्छ । नेपालमा सामुदायिक वन सफलताका साथ लागु भएता पनि ती सफलताहरुलाई मापन गर्नको निम्ति सुशासन एक महत्वपूर्ण कसी हो भन्ने निष्कर्ष रहेको छ ।

उपाध्याय तथा साथीहरु (२०६७), “सामुदायिक वनमा सुशासनः एक विश्लेशणात्मक अध्ययन” भन्ने निष्कर्षमा नेपालको सामुदायिक वन कार्यक्रम जनसहभागिता मुलक कार्यक्रम जन व्यवस्थापनको एक सफल नमुनाको रुपमा विश्वमै परिचित भइसकेको छ । यस कार्यक्रम मार्फत लगभग १४ हजार ५ सय सामुदायिक वन उपभोक्ता समितिहरुले १२ लाख हेक्टर भन्दा बढी वन संरक्षण गरिरहेका छन् । हाल सम्म आइपुग्दा समुहरुको सुशासन सवलिकरण गर्ने कार्यलाई प्राथमिकता क्षेत्रमा राखिदै आएको छ । यस कार्य पत्रमा दोलखा, रामेछाप, ओखलढुङ्गा जिल्लाका सामुदायिक वन उपभोक्ता समुहहरुमा सुशासनको अवस्था विश्लेषण गरी समय अनुकुल सिकाई र सुझावहरु आदान प्रदान गर्ने प्रयास गरिएको छ । उक्त सामुदायिक वनहरुमा सुशासन अभिवृद्धि गर्न यी तीन जिल्लाहरुमा सुशासन प्रशिक्षण, सवाल प्रशिक्षण, सामुदायिक वनहरुको स्वः अनुगमन तथा कोचिङ्ग समिक्षा तथा योजना तर्जुमा गोष्ठी, स्थानीय स्रोत व्यक्ति परिचालन, सरोकारवाला संस्थासँग सहकार्य प्रोत्साहकारी व्यवस्था जस्ता कार्यहरु गरिदै आएको छ । तीन दशक यता आइपुग्दा सम्म सामुदायिक

वन उपभोक्ता समितिहरुमा उल्लेखिय रुपमा अनुशासनको पक्षमा सुधार भएको पाइन्छ । समावेशी नेतृत्व, जिम्मेवारी बाँडफाँड, भेला तथा बैठकहरुमा नियमितता, न्यायोचित वितरणको सुरुवात, विपद् व्यवस्थापन आदि सवालहरुमा सकारात्मक परिवर्तन आएको छ । यति हुँदा पनि निर्णय प्रक्रिया, पछाडी पारिएका वर्गको अर्थपूर्ण सहभागितामा कमी, आर्थिक अपारदर्शिता, समुहको स्रोत माथि टाठा बाठाहरुको बल मिचाई, नेतृत्वको हस्तान्तरण तथा योजना कार्यन्वयन माथिको बेमेल जस्ता सवालहरु रहेका छन् । यस कार्यक्रमको उत्कृष्ट सफलतासँगै पहिचान भएका यी पक्षहरुलाई सुधार गरि अघि बढ्न सकेमा सामूदायिक वनको सुशासन प्रकृया अन्य संस्थाहरुलाई समेत थप सिकाईका स्रोत बन्न सक्दछ ।

खतिवडा (२०६७) का अनुसार सामुदायिक वन उपभोक्ता समुहको सुशासनमा सुधार ल्याउन सेवा प्रदायकहरुले कसरी योगदान पुऱ्याउदै आएका छन् भन्ने विषय विश्लेषण गर्नु अहिलेको महत्वपूर्ण विषय हो । उक्त विषयको सम्बोधन गर्नका लागि पर्वत जिल्लाको मङ्खोरे सामुदायिक वन उपभोक्ता समितिमा सन् २००६ मा एउटा मामिला अध्ययन गरिएको थियो । जसको मुख्य उद्देश्य सामुदायिक वन उपभोक्ता सुशासन सेवा प्रदायकहरुको भूमिका साथै तिनीहरुको सुशासनको अवस्थामा सुधारतर्फ काम गर्दा सामना गरेका चुनौतिहरुमा केन्द्रित रहेको थियो । यस अध्ययनको लागि व्यक्तिगत अन्तर्वार्ता, सामुहिक छलफल, प्रत्यक्ष अवलोकन तथा मुख्य सूचनादाता, अन्तर्वार्ता विधिद्धारा प्राथमिक, तथ्यांक संकलन गरिएको थियो । सामुदायिक वन उपभोक्ता समितिको कार्ययोजना, विधान, बैठक, पुस्तिका, सेवा प्रदायकहरुको रेकर्ड अध्ययन अनुसन्धानका प्रतिवेदन र वनसम्बन्धि दस्तावेजहरु द्वितिय स्रोत तथ्यांक संकलन गरिएको थियो । संकलित तथ्यांक विभिन्न गुणात्मक र मात्रात्मक विधिद्धारा विश्लेषण गरी प्राप्त उपलब्धि उपयुक्त तालिका, विवरणात्मक चित्र, मूल लेख आदिमा प्रस्तुत गरिएको छ । यस अध्ययनबाट सामुदायिक वन उपभोक्ता समुहको सुशासनको वर्तमान अवस्था र चाहेको अवस्थाविच केहि भिन्नता देखिनुका साथै जुन क्रियाकलापमा सेवा प्रदायकहरु योगदानको हिस्सा लगभग बराबर हुन्छ । उक्त क्रियाकलापहरु सुशासनको अवस्थामा सुधार ल्याउनको लागि बढि प्रभावकारी रहेको

पाइयो । सेवा प्रदायकहरुलाई आर्थिक स्रोत व्यवस्थापन स्थापनमा आवश्यक प्राविधिक सहयोग पुऱ्याउन मुख्य चुनौतीहरु देखिएका छन् । यस्ता चुनौतीहरुको बाबजुद सेवा प्रदायकहरुले सामुदायिक वनहरुको शुशासनको अवस्थामा सुधार ल्याउनको निम्ति महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

घिमिरे (२०६७) का अनुसार घरायसी आम्दानीमा सामुदायिक वन सम्पदाको योगदान बारेमा लेखिएको अध्ययनमा स्थानीय उपभोक्ताहरु आयआर्जन र घरायसी खर्च व्यवस्थापनमा सामुदायिक वनको प्रभाव र भूमिका महत्वपूर्ण रहेको छ । वन सम्पदाको प्रयोगबाट दैनिक गुजारा टार्न सहज हुनुको साथै तिनको बिक्रिबाट आयआर्जन गरेको र त्यसबाट घर चलाउन सहजता भएको जानकारी प्राप्त भएको छ । सामुदायिक गरिबी उपभोक्ताहरुको पहुँचमा विस्तार गर्ने हो भने यो कार्यक्रम गरिबी निवारणका लागि एउटा महत्वपूर्ण कदमको रुपमा स्थापित गर्न सक्छ भन्ने देखाइएको छ ।

खनाल (२०७१) को लेखमा सामुदायिक वनमा सुशासन सुदृढीकरण गर्न उपभोक्ता वर्गले आफ्नो अधिकारको खोजी गर्नुका साथै जिम्मेवारी वहन गर्ने कार्यका अतिरिक्त पारदर्शिता र जवाफदेहिता जस्ता पक्षमा समेत जोड दिनु आजको आवश्यकता हो । यसका लागि समुहको आम्दानी खर्च व्यवस्थापन, निर्णय र अनुगमन प्रक्रियामा समेत दलित, आदिवासी, जनजाती, महिला तथा विपन्न वर्ग र अपाङ्गता भएका वर्गको समेत अर्थपूर्ण सहभागिता जटाई नेतृत्वको विकास गर्ने कार्यमा लाग्न ढिला गर्नु हुदैन । यी पछाडि पारिएका वर्गका उत्थानका खातिर नेपालका सामुदायिक वनहरुले सकारामत्मक विभेदको नीति अख्तियार गर्नुपर्ने विषयमा सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०६५ ले समेत जोड दिएको अवस्था विद्यमान छ । यसका अतिरिक्त विपन्नमुखी जीविकोपार्जन कार्यक्रमलाई सामुदायिक वन मार्फत प्रभावकारी वनाउनका लागि दलित, आदिवासी, जनजाती, महिला तथा विपन्नमुखी कार्यक्रम यस्ता वर्गको आर्थिक र सामाजिक हैसियत दिगो रुपमा सुधार्ने सम्बन्धमा सुनिश्चितता समेत गर्नु पर्ने र दिगो वन व्यवस्थापन वनमा आधारीत उद्यम विकास समुहको मानवीय तथा संस्थागत विकास समेतका विषयको व्यवस्था भएबाट

सामुदायिक वन विकास कार्यक्रमले प्राकृतिक सम्पदाको क्षेत्रमा शुशासन सुदृढीकरणमा विशेष प्रभावकारी भूमिका निर्वाह गरेको सहजै अनुगमन योग्य विषय बनेको भन्न सकिन्छ ।

चौधौं योजना (२०७३/७४-२०७५/७६) को आधारपत्र अनुसार नेपालको वन क्षेत्रले ढाकेको ३९.६ प्रतिशत बाट बढेर ४४.७ प्रतिशत पुगेको छ । वनजंगलले ढाकेको छ । हालसम्म १७ हजार ८ सय ८ सामुदायिक वन उपभोक्त समुहहरुलाई १६ लाख ६४ हजार ९ सय १८ हेक्टर वन क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्न जोड दिएको छ । यसबाट समुहमा आवद्ध २१ लाख ९४ हजार ३ सय ५० घरधुरीहरु प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् । ६ हजार ७ सय १२ कबुलियतीवन समुह गठन गरी तराईका १७ वटा साझेदारी वनहरुमा वैज्ञानिक वन व्यवस्थापन कार्यको थालनी भएको छ । पारिस्थितिकीय प्रणालीको संरक्षण गर्नको लागि २३.२३ प्रतिशत भू-भाग संरचित क्षेत्र अर्न्तगत राखिएको छ । वन, वनस्पति, र जैविक विविधता लगायतका स्रोतहरुको समुचित संरक्षण, दिगो व्यवस्थापन र सदुपयोग गर्दै अर्थतन्त्रको विकासमा टेवा पुर्‍याउने उद्देश्यका साथ कूल भू-भागको न्युनतम ४० प्रतिशत वनक्षेत्र कायम गर्ने, वन क्षेत्रको स्रोत संरक्षण, दीगो व्यवस्थापन एवं अति उत्तम रुपमा सदुपयोग गरी वन्यजन्तु उत्पादन तथा परिस्थितिकीय सेवाको सदुपयोग गर्दै वन क्षेत्र कायम गर्न ३० हजार हेक्टर वन क्षेत्रमा वैज्ञानिक व्यवस्थापनको सुरुवात गर्दै ५ सय सामुदायिक वन उपभोक्ता समुहहरुमा जलवायु परिवर्तनको नकारात्मकता संग जुध्न सक्ने योजना तयार (कोशी, गण्डकी, कणाली) गर्दै वृहत जलाधारको व्यवस्थापन गर्दै सामुदायिक साझेदारीको प्रवर्द्धनबाट वनजन्य व्यवसायमा निजी क्षेत्रको सहभागितामा वृद्धि गर्दै सय हेक्टर क्षेत्रफलमा जडिबुटीको विस्तार गर्दै आय आर्जनमा टेवा पुर्‍याउने अपेक्षित प्रतिफल तय गरेको छ (राष्ट्रिय योजना आयोग, २०७२/७३) ।

## २.२ पूर्व अध्ययनको पूनरावलोकन (Review of Previous Studies)

मैनाली (२०५८) “नेपालमा सामुदायिक वन सामाजिकीकरण तथा आर्थिक सवलीकरण प्रक्रिया” भन्ने शीर्षकमा तयार पारिएको अप्रकाशित शोधपत्रमा पाँच

अध्याय समावेश गरी गरिएको अध्ययनमा निम्न उद्देश्य राखिएको थियो । पहाड र तराई क्षेत्रका सामुदायिक वनउपभोक्ता समुहहरुको संरचना, कार्य र दिगोपनको सिहांवलोकन गर्नु, सामुदायिक वन उपभोक्त समुहको सामाजिक, सांस्कृतिक, जैविक र भौतिक सम्वन्ध बारे खोनी गर्नु, वन संरक्षण र प्रवर्द्धनमा स्थानीय वारिन्दाको संलग्नता पत्ता लगाउनु, सामुदायिक वनले सामाजिकीकरण प्रक्रियामा कस्तो असर पुऱ्याएको छ भन्ने थाहा पाउनु आदि उद्देश्य राखी वर्णनात्मक, तुलनात्मक अनुसन्धान ढाँचा प्रयोग गरी, उद्देश्यमुलक नमुना छनौट विधिको प्रयोग गरि अनुसन्धान तयार गरिएको थियो । यस अनुसन्धान दुई गा.वि.स. को वार्षिक आम्दानी भन्दा तीन गुणा बढि छ । नारायणपुर गा.वि.स. वार्षिक वजेट ११ लाखको हाराहारीमा छ । जव सेती कर्णाली सामुदायिक वनले वर्षेनी कुल ३० लाख को हाराहारीमा आम्दानी गर्छ । यहाँको आम्दानीको मुख्य श्रोत बेत हो । वि.सं. २०५६ सालमा यसको विक्रीबाट रु. ३५,६३,१०५ आम्दानी भएको थियो । जसको निचोड यस्तो रहेको छ । सामुदायिक वन उपभोक्ता समुहले समाजलाई एक शुत्रमा बाँध्ने काम गरेको छ । उपभोक्ताहरुको वार्षिक भेला र त्यस्तै समारोहमा गरिने छलफलले समाजलाई बलियो बनाएको छ । गा.वि.स.मा हुने विभिन्न किसिमका विकास योजना तथा नदि तट्बन्धन र सामुदायिक वनको रुपमा गाउँका केही घरधुरीले संरक्षण गरेको वनले गाउँको विकासको लागि सरकारले गरेको लगानी भन्दा निकै बढि देखिन्छ । समुदायमा विभिन्न समस्या खापरेकाले ती समस्या समाधान गर्ने जिम्मा सरकारको रहेता पनि त्यसो नभएर सरकारले हस्तक्षेप गरी वन समुहलाई निरुत्साहित पारेको देखिन्छ । किनकी नेपालमा वन सम्बन्धि ऐनहरु अस्थायी जस्तै रहेका छन् । तर पनि हरेक दुई वर्षको अवधिमा वन संरक्षणको नाममा सरकारले वन निति फेर्दै आएको छ । जसले गर्दा उपभोक्तालाई सशंकित तुल्याएको छ । किनकी वन बाट आएको आम्दानी सरकारलाई बुझाउनु पर्छ भन्ने निर्णयबाट संरक्षित वन कतै सरकारीकरण हुँदै  छैन भन्ने डर छ । अस्थिर राजनीतिक शक्तिको कारण विभिन्न भागवण्डा हुनाले वन विनास भएका थुप्रै उदाहरणहरु छन् । सामुदायिक वनको माध्यमबाट स्थानीय उपभोक्ताको वनप्रतिको लगाव राख्दै वन हाम्रो सम्पति हो भन्ने भावना आत्मवोध गराउँदै विविध किसिमका

विवादमूक्त समाजको स्थापना एवं सहयोग गर्न सामुदायिक वन अवधारणालाई परिवर्तन गर्दै यसको सफलताको अनुशरण अन्य क्षेत्रमा पनि गर्नु पर्ने अहिलेको टड्कारो आवश्यकता हो ।

के.सी (२०६०) द्वारा "सामुदायिक वन व्यवस्थापनमा महिला सहभागिता" शीर्षकमा तयार पारिएको अप्रकाशित शोधपत्र आठ अध्यायमा समावेश गरी अध्ययन गर्दा निम्न उद्देश्य राखिएको थियो । सामुदायिक वन व्यवस्थापनमा महिला सहभागिताको स्थिती पत्ता लगाउन, वन व्यवस्थापनमा महिलाहरुको भूमिकामा आएको परिवर्तनको खोजी गर्नु आदि उद्देश्य राखी वर्णनात्मक र अन्वेषणात्मक अनुसन्धान प्रयोग गरी Simple random sampling method प्रयोग गरी प्राथमिक र सहायक दुवै श्रोतबाट तथ्याङ्क संकलन गरिएको थियो । जसमा कुल घरधुरी १५५ मा ३१ घरधुरीलाई सम्पुर्ण प्रतिनिधित्व हुने गरी नमुना छनौट विधि अनुसार १७२ जनामा पुरुष ८७ र महिला ८५ रहेका छन् । यस अध्ययन क्षेत्रको आधारमा उत्तरदाताले निजी रुपमा केही रुखहरु मात्र हुने परिवार ५१.१६ प्रतिशत र एउटा मात्र रुख हुने परिवार ९.६७ प्रतिशत, आफ्नो खेतवारीले पुग्ने बाँकी बेच्न पुग्ने परिवार ३. प्रतिशत र यस समुदायमा दाउरा मात्र प्रयोग गर्ने २५.८० प्रतिशत छन्  भने अर्को तर्फ वृक्षरोपणमा सहभागी हुने महिला उपभोक्ता ६५.२१ प्रतिशत र पुरुष ३४.८७ प्रतिशत, रुख गोडमेल गर्ने समयमा सहभागी पुरुष २८.७८ प्रतिशत र महिला ७१.१ र पुरुष २९.९९ प्रतिशत सहभागी थिए । यसै गरि सामुदायिक वन व्यवस्थापनमा पर्ने वृक्षरोपण, गोडमेल, वन जोगाउने देखि वन बाट उत्पादित वस्तु संकलन कार्यमा समेत महिलाको सहभागिता पुरुष भन्दा बढि नै छ । यसबाट के प्रष्ट हुन्छ भने महिलाहरु वन व्यवस्थापन संरक्षण, विकासमा सहभागी भएर महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् ।

खरेल (२०६०) कवुलियति वन व्यवस्थापनमा महिला सहभागिता भन्ने शिर्षकमा मानविकि संकायद्वारा तयार गरिएको अप्रकाशित शोधपत्र हो । यस शोधपत्रमा ५ परिच्छेदहरु समावेश गरी निम्न उद्देश्य राखेको पाइयो । दनुवार समुदायको सामाजिक आर्थिक स्थितिको विवरण प्रस्तुत गर्न, दनुवार समुदायका महिलाहरुको कवुलियति वन

व्यवस्थापनमा रहेको सहभागिता बारे विवेचना गर्नु, कवुलियति वन व्यवस्थापन लगायत अन्य सामाजिक आर्थिक पक्षहरुमा महिलाले सामना गरिरहेका समस्या बारे विवेचना गर्नु भन्ने उद्देश्य राखी वर्णनात्मक अनुसन्धान ढाँचाको आधारमा प्राथमिक र द्वितीय तथ्याङ्क संकलन गरिएको थियो जसमा नमुना छनौट विधि अनुसार अनुसन्धान गर्दा निम्न निष्कर्ष देखिन्छ । वालुवाबाढी गा.वि.स. भित्र पर्ने बढेली डुम्रेघारी कवुलियति वनमा संलग्न दुई समूहमा विभाजित महिलाहरु आफूले गरेको कार्य प्रति सन्तुष्ट रहेछन् । यस कवुलियति वनमा अधिकांश महिलाहरु दनुवार जातिका पिडित वर्गको रुपमा चिनिएता पनि आत्मनिर्भर बन्ने कोशिसमा लागि परेका छन । पिछडीएका वर्गको रुपमा चिनिएका महिलाको आर्थिक स्थिति त्यती नाजुक पाइएन बरु कबुलियति वनमा संलग्न महिला आफ्नो अथक प्रयासका कारणले वन व्यावस्थापनमा सफलता भएता पनि अन्य क्षेत्रहरुमा भने पछाडी परेका रहेछन् जसले गर्दा यी महिलाहरुको थप हौसला र आत्मविश्वास बढाउन निम्न सुझावहरु दिइएको । महिलाहरुलाई शिक्षाको उचित अवसरमा जोड दिनुपर्छ । दनुवार समुदायलाई स्वास्थ्य र सरसफाई तथा परिवार नियोजन सम्बन्धी उचित ज्ञान दिनु र कवुलियति वन व्याववस्थापनमा आवश्यक सहयोग वन सुरक्षाको लागि सरकार बाट सहयोग हुन आवश्यक देखिन्छ । कबुलियति वनमा दनुवार महिलाले गरेको अथक कडा परिश्रमको उचित मूल्याङ्कन गर्दै पुरस्कार दिने व्यवस्था पनि सरकारबाट हुन आवश्यक देखिन्छ ।

घिमिरे (२०६६) को अध्ययनले तिनतले सुमुदायिक वन उपभोक्ता समितिले जनताको जीवनस्तर माथि उठाउन वनको संरक्षण सम्बर्द्धन र विकास गरी जनतालाई प्रत्यक्ष रुपमा लाभ पुऱ्याई शैक्षिक सामाजिक र आर्थिक रुपमा माथि उठाउन विभिन्न शीर्षकमा सहयोग प्रदान गर्दै आइरहेको छ । सामुदायिक वन उपभोक्ता समितिले स्थानीय क्षेत्रको शैक्षिक विकासका लागि तीन वर्षभित्रमा जम्मा चार वटा स्थानीय विद्यालयलाई शिक्षाको स्तरोन्नती भवन निर्माण, मर्मत तथा फर्निचर निर्माणमा रु ३ लाख ५५ हजार ५८५ नगद उपलब्ध गराएको छ । तीनतले सामुदायिक वन उपभोक्ता समितिले स्थानीय क्षेत्रको आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण योगदान गरेको देखिन्छ ।

अधिकारी (२०६९) "त्रिवेणी सामुदायिक वनले स्थानीय उपभोक्ताको आर्थिक, सामाजिक तथा शैक्षिक अवस्थामा पुऱ्याएको योगदान" शीर्षकमा गरिएको अध्ययनमा झापा जिल्ला पथरीया गा.वि.स. मा गरिएको अनुसन्धानले सामुदायिक वन समितिको वार्षिक कुल आम्दानी र तिनीहरुको श्रोत पत्ता लगाई सामुदयिक वनले स्थानीय क्षेत्रको सामाजिक, आर्थिक, शैक्षिक विकासमा वन समितिले पुऱ्याएको योगदान विश्लेषण गर्ने उद्देश्य राखी यस सामुदायिक वन उपभोक्ता समिति पथरिया १,२ र ५ मा बसोबास गर्ने ९ सय घरधुरीका ३,३०० उपभोक्तालाई ३० टोली सूचिकृत गरी प्रत्येक टोलीबाट ३/३ जना गरी ९० जनालाई नमूनाको रुपमा अध्ययनमा छनोट गरिएको थियो । यस अनुसन्धानमा वर्णनात्मक, सङ्ख्यात्मक विश्लेषणात्मक अनुसन्धान ढाँचालाई प्रयोग गरी उद्देश्यमुलक नमूना विधि प्रयोग गरी अनुसन्धान गरिएको थियो । जसमा वर्तमान कार्य समितिका पदाधिकारीहरुलाई प्राथमिक श्रोतको रुपमा अध्ययनमा समावेश गरिएको थियो । प्राथमिक श्रोत संकलनको लागि अर्न्तवार्ता समुह छलफल, जाँच सूची र पुस्तकालय अध्ययन विधिको प्रयोग गरिएको थियो । संकलित तथ्याङ्को विश्लेषणमा त्रिवेणी सामुदायिक वन उपभोक्ता समिति वार्षिक आम्दानी रु १५,२६,००० रहेको र उक्त आम्दानीलाई वन समितिले स्थानीय क्षेत्र तथा उपभोक्ताको आर्थिक, सामाजिक र शैक्षिक विकासका लागि लगानी गरेको पाइयो । समग्रमा स्थानीय क्षेत्र र उपभोक्ताको शैक्षिक, आर्थिक र सामाजिक विकासमा वन समितिले पुऱ्याएको योगदान सन्तोषजनक र प्रशंसा योग्य देखिन्छ ।

अधिकारी (२०६२) "गरिव उपभोक्ताको आर्थिक स्तर उकास्न घोर्लास सामुदायिक वनको योगदान" सम्बन्धमा गरिएको एक अनुसन्धानबाट उचित वन व्यवस्थापन गर्न सकेमा गरिव उपभोक्ताको आर्थिक स्तर उकास्न सकिन्छ भन्ने निष्कर्ष निकाल्दै यस अध्ययनले हामीमा गरीवी न्यूनिकरण गरौं भन्ने सोचाइ हुनु पऱ्यो भन्ने कुरालाई बढि प्राथमिकता दिएको पाइन्छ । घोर्लास सामुदायिक वनको उपलब्धिलाई उदाहरण दिँदै भनिएको छ कि चिन्न गाह्रो छ तर अवसरहरु हामी वरीपरि नै छन् । गरिव केन्द्रित कार्यक्रम गर्दा उपभोक्ता छनौट कार्यक्रम, ऋण लगानी फिर्ता प्रक्रिया तथा दिगोपन जस्ता कुरालाई गहिरिएर हेर्नु पर्छ भन्ने यसको निचोड रहेको छ ।

खत्री (२०७०) को अध्ययनमा आर्थिक तथा सामाजिक क्षेत्रमा सामुदायिक वनले पुऱ्याएको योगदानः टिकापुर नगरपालिका कैलाली जिल्लाको एक अध्ययनले सामुदायिक वनका उपभोक्ताहरुले नै समुदायको हित अनुकुलको निर्णय लिई वनको संरक्षण, विकास र व्यवस्थापनको योजना वनाई आवश्यकता अनुसार वन पैदावारको उपयोग गर्दै सामाजिक र आर्थिक विकासमा सामुदायिक वनले उल्लेख्य भूमिका खेलेको छ र यो शोधपत्रको मुख्य उपभोक्त समितिको वार्षिक कुल आम्दानी र तिनका स्रोतहरु पत्ता लगाई त्यसबाट स्थानीय क्षेत्रको आर्थिक तथा सामाजिक विकासमा वन समितिले पुऱ्याएको योगदानको विश्लेषण गर्नु रहेको छ । यसका लागि यस सामुदायिक वन उपभोक्ता समितिको ९ वटा टोलीमा सुचिकृत उपभोक्ताहरुबाट ६५ जना र वन क्षेत्रले ओगटेको उक्त नगरपालिकाको ९ वटा टोलबाट उपभोक्ता टोली बाहिरका ५९ जना गरी जम्मा १२४ जनालाई नमूनाको रुपमा अध्ययनमा छनौट गरिएको छ । वनको वर्तमान कार्य समितिका पदाधिकारीहरु पनि प्राथमिक तथ्यांक संकलन लागि प्रश्नावली, समूह छलफल, अवलोकन जाँचसूची र पुस्तकालय अध्ययन विधिको प्रयोग भएको छ । संकलित तथ्यांकहरुको विश्लेषणले सामुदायिक वन उपभोक्ता समितिको वार्षिक आम्दानी १२ लाख ७ हजार ७ सय रुपैया रहेको छ । यसको करिब ४० प्रतिशत रकम वन समितिले स्थानीय उपभोक्ताहरुको आर्थिक तथा सामाजिक विकासमा खर्च गर्ने गरेको देखिएको छ । समग्रमा स्थानीय क्षेत्र र उपभोक्ताहरुको सामाजिक र आर्थिक विकासमा वन समितिले महत्वपूर्ण योगदन गरेको देखिन्छ ।

पौडेल (२०७१) को एक अप्रकाशित शोधपत्रमा अध्ययन गर्दा झापा जिल्ला पथरीया गा.वि.स.मा अवस्थित अभिमुक्तेश्वर सामुदायिक वनले स्थानीय उपभोक्ताको आर्थिक, सामाजिक तथा शैक्षिक अवस्थामा पुऱ्याएको प्रभावको विश्लेषण गरिएको पाइयो । यस अध्ययनको उद्देश्य पुरा गर्न परिमाणात्मक तथा गुणात्मक साधनहरुको माध्यमद्धारा वर्णनात्मक तथा विश्लेषणात्मक तरिकाले तथ्यांकहरुलाई तालिकाको प्रयोग गरी विश्लेषण गरिएको छ । यस अध्ययनको उद्देश्य पुरा गर्नको लागि पथरीया गा.वि.स. वडा नं. ४,७ र ९ अन्तर्गत यस सामुदायिक वनमा आवद्ध ७०२ घरधुरी मध्ये ३० टोली वनाई प्रत्येक नमूनाको छनौटमा परेका उपभोक्ताहरु, बालबालिका,

प्रधानाध्यापक, शिक्षक, अभिभावक, यस समितिको लेखा समितिका पदाधिकारीहरु, अनुगमन समितिको सदस्यहरु आदिलाई समावेश गरिएको छ । प्राथमिक तथ्यांक संकलनका लागि प्रश्नवली, अर्न्तवार्ता, समुह छलफल जाँच सहायक स्रोतबट लिइएको छ । सहायक स्रोतका रुपमा गा.वि.स. को कार्यलय, अभिमुक्तेश्वर वनको वार्षिक प्रतिवेदन, जिल्ला विकास समिति झापा र केन्द्रीय तथ्यांक विभागलाई लिइएको थियो ।

लामिछाने (२०७१) ले गरेको अनुसन्धानमा गोरखा जिल्ला तान्द्राङ गा.वि.स. मा सिम्ले सामुदायिक वनले स्थानीय उपभेक्ताको आर्थिक, शैक्षिक तथा सामाजिक अवस्थामा पुऱ्याएको प्रभाव हेर्नु हो । यस अध्ययनका विशिष्ट उद्देश्यहरुमा सिम्ले सामुदायिक वनको वार्षिक आम्दानीको स्रोतहरु पहिचान गर्न स्थानीय उपभेक्ताहरुको आर्थिक, शैक्षिक तथा सामाजिक अवस्थामा पारेको प्रभाव पत्ता लगाउनु रहेको छ । यस अध्ययनमा वर्णनात्मक, अन्वेषणात्मक विधि अपनाइएको छ । यसका लागि सामुदायिक वन उपभोक्ता वडा नं. ७ र ८ मा बसोबस गर्ने १२० घरधुरीको १२० घरमुली उपभेक्तालाई गणना विधिबाट छनोट गरिएको छ । प्राथमिक तथ्यांक संकलनका लागि प्रश्नावली, अर्न्तवार्ता, समुह छलफल, जाँचसूची र र पुस्तकालय अध्ययन विधिको प्रयोग भएको छ । सहायक स्रोतका रुपमा गाउँ विकास समितिको प्रोफाइल, जिल्ला विकास समितिको प्रोफाइल र केन्द्रीय तथ्यांक विभागबाट प्राप्त तथ्यांकलाई लिइएको छ ।

श्रेष्ठ (२०७१) को एक अप्रकाशीत शोधपत्रमा अध्ययन गर्दा झापा जिल्ला पथरीया गा.वि.स. मा अवस्थित दुर्गाभिट्टा सामुदायिक वनका उपभोक्ताहरुको आर्थिक तथा शैक्षिक अवस्थाको वारेमा वर्णन गरिएको पाइयो । उक्त सामुदायिक वनको मुख्य उद्देश्य सामुदायिक वनको वर्तमान अवस्थाको विश्लेषण गर्नु रहेको थियो । उक्त उद्देश्य पुरा गर्न परिमाणात्मक, गुणात्मक र वर्णनात्मक ढाँचाको माध्यमबाट प्राथमिक र द्वितीय स्रोतबाट तथ्यांकलाई तालिकाको प्रयोग गरी विश्लेषण गरिएको छ । प्राथमिक तथ्याङ्क संकलन गर्न दुई प्रकारका प्रश्नावली, वनका कार्यसमितिका पदाधिकारी था उपभोक्ताहरु

बाट तथ्यांक संकलन गरिएको छ । जम्मा १०५० घरधुरीबाट १२० जना उपभोक्ताहरु छनौट गरी स्तरीकृत नमूना छनौट विधि प्रयोग गरिएको छ । द्वितीय तथ्याङ्कका लागि पथरिया गा.वि.स. कार्यलय, वनको वार्षिक प्रतिवेदन, जिल्ला वन कार्यलय, केन्द्रीय तथ्याङ्क विभाग द्वितीय तथ्याङ्कको स्रोत वनाइएको थियो ।

माथि उल्लेखित अध्ययनहरुमा सामुदायिक वन सम्बन्धि विभिन्न महत्वपूर्ण निचोडहरु निकालिएको पाइएता पनि यस शोधको अध्ययनले छुट्टै किसिमको विशेषता र महत्व बोकेको छ । यस शोधको अध्ययनमा डाँडागाउँ सामुदायिक वनको वर्तमान अवस्था, सामुदायिक वनले स्थानीयमा पारेको सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रको प्रभावको अध्ययन गर्नु यस अनुसन्धानको प्रमुख उद्देश्य रहेको छ । यस भन्दा अघि कुनै पनि शोधकर्ताहरुले यस सामुदायिक वनको अध्ययन नगरेको हुनाले सम्बन्धित व्यक्तिहरुलाई यस अनुसन्धानले थप सहयोग गर्नेछ ।

## २.३ अध्ययनका लागि पूर्वअध्ययनको प्रयोग (Implications of the Review for the Study)

यस अध्ययनका लागि विभिन्न पत्रपत्रिका, लेखरचना, जर्नल तथा अप्रकाशित शोधपत्रलाई आधार बनाइएको छ । भण्डारी (२०७०) को एक अध्ययनमा गरिवी र वन उद्यमका लागि कबुलियती वन नीति, २०५९ ले विपन्न वर्गहरुलाई वनक्षेत्र उपलब्ध गराई आयमुलक कार्यक्रमका साथै वन संरक्षण व्यवस्थापन गर्ने गराउने कार्यक्रमलाई जनसमुहको सहभागितामा संचालन गराईरहेको पाइयो । खतिवडा (२०६७) को अध्ययनमा सामुदायिक वन उपभोक्ता समुहको सुशासनमा सुधार ल्याउन सेवा प्रदायकहरुले कसरी योगदान पुऱ्याउदै आएका छन् भन्ने विषयमा विश्लेषण गर्न अहिलेको महत्वपूर्ण विषय हो भनी उल्लेख गरिएको छ । त्यसैगरी शर्मा (२०६५) को अध्ययनमा वनसम्पदा प्रकृति प्रदत्त साधन मध्येको एक साधन हो जसले देशको आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्नुका साथै वातावरण सन्तुलन राख्नमा पनि सहयोग पुऱ्याएको पाइन्छ । त्यसैगरी चौधरी (२०६६) को अध्ययनमा नेपालमा सामुदायिक वन

सफलताको साथ लागु भएता पनि ती सफलताहरुलाई मापनको निम्ति सुशासन एक महत्वपूर्ण कसी हो भन्ने निष्कर्ष निकालेको पाइन्छ ।

चौधौं योजना (२०७३/०७४-२०७०/२०७६ को आधारपत्रका अनुसार नेपालको कुल भू-भागको वन क्षेत्रले ढाकेको क्षेत्रफल ३९.६ प्रतिशत बाट बढेर ४४.७ प्रतिशत पुगेको छ । वन वनस्पती र जैविक विविधता लगायतका स्रोतहरुको समुचित संरक्षण, दिगो व्यवस्थापन र सदुपयोग गर्दै अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउने उद्देश्य रहेको छ । चौधरी (२०७१) को लेखमा कंचनपूर, भदौ २४ गतेको कृष्णपुर २ बाणी मुक्त कमैया शिविरका वासिन्दाले एक घर दश विरुवा अभियान संचालन गरी वस्तीलाई हराभरा बनाउनमा जुटेको पाइएको छ । त्यसैगरी घिमिरे (२०६७) घरायसी आम्दानीमा सामुदायिक वन सम्पदाको योगदान बारेमा लेखिएको अध्ययनमा स्थानीय उपभोक्ताहरु आयआर्जन र घरायसी खर्च व्यवस्थापनमा साममुदायिक वनको प्रभाव र भूमिका महत्वपूर्ण रहने छ । त्यसैगरी खनाल (२०७१) को लेखमा दलित, आदिवासी, जनजाती, महिला तथा विपन्नमूखी कार्यक्रम, यस्ता वर्गको आर्थिक र सामाजिक हैसियत दिगो रुपमा सुधार्ने सम्बन्धमा सुनिश्चितता समेत गर्नुपर्ने र दिगो वन व्यवस्थापन वनमा आधारित उद्यम विकास र समुहको मानवीय तथा संस्थागत विकास समेतका विषयको व्यवस्था भएबाट सामुदायिक वन विकास कार्यक्रमले प्राकृतिक सम्पदाको क्षेत्रमा सुशासन सुदृढीकरणमा विशेष प्रभावकारी भूमिका निर्वाह गरेको सहजै अनुगमन योग्य विषय बनेको कुराको बारेमा उल्लेख गरिएको छ ।

पूर्वअध्ययनको समिक्षामा घिमिरे (२०६६) को शोधपत्रमा सामुदायिक वनले स्थानीय उपभोक्ताको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्थामा पुऱ्याएको योगदान शीर्षकमा सामुदायिक वन समितिको वार्षिक कुल आम्दानी र तिनको स्रोत पत्ता लगाई त्यसमध्येबाट स्थानीय क्षेत्रको आर्थिक, सामाजिक तथा शैक्षिक विकासमा वन समितिले पुऱ्याएको योगदानको वारेमा विश्लेषण गर्नु मुख्य उद्देश्य रहेको पाइन्छ । खत्री (२०७०) को अध्ययनमा सामुदायिक वनका उपभोक्ताहरुले नै समुदायको हित अनुकुलको निर्णय लिई वनको संरक्षण, विकास र व्यवस्थापनको योजना बनाई आवश्यकता अनुसार वन

पैदावारको उपयोग गर्दै सामाजिक र आर्थिक विकासमा सामुदायिक वनको उल्लेख्य भूमिका रहेको कुरावारे वर्णन गरिएको छ । त्यसैगरी के.सी. (२०६०) को अध्ययनमा सामुदायिक वनमा महिला सहभागिता गराई उनीहरुलाई सामाजिक क्रियाकलापमा अगाडि बढाउने अन्य सीपमुलक काम गर्न तालिम दिने र वनको संरक्षण विकास सम्बन्धि चेतना जस्ता कुराले सामजिक र आर्थिक क्षेत्रमा आएको परिवर्तनलाई उद्देश्यमा राखेको पाइन्छ ।

खरेल (२०६०) को अध्ययनमा कबुलियती वन व्यवस्थापनमा महिला सहभागिता भन्ने शीर्षकमा दनुवार समुदायको सामाजिक, आर्थिक स्थितिको विवरण प्रस्तुत गर्न दनुवार समुदायका महिलाहरुको कबुलियती वन व्यवस्थापनमा रहेको सहभागिताको विवेचना गर्न, दनुवार जातीका केही महिलाहरु वनमा सहभागिता गराई कार्यक्रम सञ्चालन गर्नुपर्ने सुझाव रहेको छ किनकी अन्य क्षेत्रमा पछाडि रहेको निष्कर्ष छ । कबुलियती वन व्यवस्थापन लगायत अन्य सामजिक, आर्थिक तथा शैक्षिक अवस्थाको बारेमा वर्णन गरिएको पाइयो । १०५० घरधुरीमध्ये १२० जना उपभोक्ता छनौट गरी स्तरीकृत नमुना छनोट विधिको प्रयोग गरिएको छ । प्राथमिक तथ्यांक संकलन गर्नका लागि सामुदायिक वनका उपभोक्ताहरु एवं कार्यसमितिका पदाधिकारीको लागि प्रश्नावलीको माध्यमद्वारा तथ्यांक संकलन गरिएको छ । त्यसैगरी द्वितीय तथ्यांक संकलन गर्नका लागि गा.वि.स. कार्यलय, वनको वार्षिक प्रतिवेदन, जिल्ला वन कार्यालय र केन्द्रीय तथ्यांक विभाग आदिलाई तथ्यांकको स्रोत बनाईएको छ ।


## २.४ अनुसन्धान अन्तर (Research Gap)

यस अध्ययन साहित्यको पुनरावलोकन पश्चात र यस अध्ययन बीचमा अनुसन्धान अन्तर यस प्रकार रहेको छ । साहित्यको पुनरावलोकन नमुना छनौट विधिको माध्यमबाट सिमित जनसंख्याबाट तथ्यांक लिई विश्लेषण गरिएको थियो । उपभोक्तालाई सामान्य सम्भावनायुक्त नमूना छनौट विधि अन्तर्गत चिट्ठा विधिको माध्यमबाट नमूना छनौट प्रयोग गरी तथ्यांक संकलन गर्दा सही तथ्यांक नआएको पनि हुन सक्छ तर यस अध्ययनको निचोडमा उपभोक्तासंग अर्न्तवार्ता, उपभोक्ता

कार्यसमितिका पदाधिकारी, बुद्धिजीवी सबैलाई समावेश गरी छलफलको माध्यमबाट सत्य, यथार्थ तथ्यांक लिइएको छ । यस अध्ययनमा सामुदायिक वनको वार्षिक आम्दानी खर्च र बचत स्थिति, सामुदायिक वनको आर्थिक तथा शैक्षिक प्रभाव आदि बारे विश्लेषण गरिएको छ । जसको अध्ययनले उपभोक्ताको आर्थिक प्रभावको विश्लेषण गर्न सहज भएको छ । त्यसैले साहित्यको पुनरावलोकन भन्दा यस अध्ययनको निचोड सत्य र वास्तविक छ भन्ने आशावादी रहेको छ ।

## २.५ अवधारणात्मक ढाँचा (Conceptual Framework)


यस अध्ययनका लागि आवश्यक अवधारणात्मक ढाँचा निम्नानुसार देखाइएको छ ।




स्रोत : ज्ञवाली, २००८ (परिमार्जितरुपमा)

## २.६ **कार्यात्मक ढाँचा (Functional Framework)**

पूर्वसाहित्यको समिक्षा र सैद्धान्तिक अवधारणात्मक आधारमा यस अध्ययनको कार्य सम्पन्न गर्नका लागि निम्नानुसारको कार्यात्मक अवधारणा तयार गरिएको छ ।



# अध्याय : तीन (CHAPTER-THREE)

## ३. अनुसन्धान विधि (Research Methodology)

यस अध्यायमा अनुसन्धानका विधिहरु तथा प्रक्रियाहरुको बारेमा व्याख्या गरिएको छ । यस अन्तर्गत अध्ययनको ढाँचा,, तथ्यांकको स्रोत, जनसंख्या, नमूना आकार र नमूना छनौट रणनिति, अध्ययन क्षेत्र, तथ्याङ्क संकलन प्रकृया, तथ्यांकका साधन, तथ्यांक संकलनका तरिकाहरु, एवं तथ्यांक विश्लेषण र व्याख्याका तरिकाहरु जस्ता शीर्षकहरुलाई समावेश गरिएको छ ।

## ३.१ अध्ययन ढाँचा (Design of the Study)

यो अध्ययन व्याख्यात्मक तथा विश्लेषणात्मक **(Descriptive and analytical)** ढाँचामा आधारीत छ । यस अध्ययनमा नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत कास्की जिल्ला स्थित भरत पोखरी गा.वि.स.वडा नं. ७ मा रहेको डाँडागाउँ सामुदायिक वनमा आवद्ध उपभोक्ताको स्थानीय विकासमा पारेको प्रभावका साथै वन समितिमा सलंग्न व्यक्तिको जीवनस्तर के कति माथि उठेको छ भन्ने कुरा खोज्ने प्रयास गरिएको छ । यस अध्ययनको लागि आवश्यक पर्ने प्राथमिक तथ्यांकहरु अध्ययनकर्ताको सक्रियतामा प्राथमिक स्रोत सामु पुगी अर्न्तवार्ता, लक्षित समुह छलफल तथा अवलोकन विधिको माध्यमबाट तथ्यांक प्राप्त गरिएको छ, भने द्वितीय तथ्यांकहरु यसैसँग सम्बन्धित प्रकाशनहरु, सामुदायिक वन सम्बन्धि प्रकाशित तथा अप्रकाशित लेख रचना, पत्रपत्रिका, जर्नलबाट संकलन गरिएको छ । यसरी प्राप्त तथ्यांकलाई तालिका तथा विभिन्न चित्रात्मक शैलीमा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ । त्यसैले यस अध्ययनमा परिमाणात्मक र गुणात्मक **(Quantitative and Qualitative)** दुवै प्रकारका तथ्यांकहरुको प्रयोग गरिएको छ ।

### ३.२ तथ्यांकको स्रोतहरु (Sources of Data)

यस अनुसन्धानमा तथ्यांकहरु मुख्यत दुई किसिमबाट लिइएको छ । प्रस्तुत शोधपत्र तयार पार्दा प्राथमिक तथ्यांक र  द्वितिय तथ्यांकको प्रयोग गरिएको छ ।

#### ३.२.१ प्राथमिक तथ्यांकको स्रोत (Sourses of Primary Data)

यस अध्ययनमा प्राथमिक तथ्यांकको स्रोतका रुपमा अध्ययन क्षेत्रअर्न्तगत डाँडागाउँ सामुदायिक वनको प्रभाव क्षेत्रभित्र रहेका उपभोक्ताहरुमध्ये नमूना छनौटमा परेका स्थानीय उपभोक्ताहरु रहेका छन् । यसका साथै यस अध्ययनमा भरतपोखरी गा.वि.स.मा अवस्थित डाँडागाउँ सामुदायिक वनको लेखापाललाई पनि प्राथमिक तथ्यांकको स्रोतको रुपमा लिइएको छ ।

#### ३.२.२ द्वितीय तथ्यांकको स्रोत (Sourses of Secondary Data)

प्राथमिक स्रोतबाट प्राप्त गर्न नसकिएका तथ्यांकहरु सहायक स्रोतबाट प्राप्त गरिएको छ । यस अध्ययनलाई उद्देश्यपूर्ण तथा प्रभावकरी बनाउन द्वितीय तथ्यांकको स्रोतहरु सम्बन्धित क्षेत्र र विषयसंग सम्बन्धित विभिन्न संघ संस्था जस्तैः केन्द्रीय तथ्यांक विभाग, वन विभाग, जिल्ला विकास समिति, सामुदायिक वनको वार्षिक प्रतिवेदन, वार्षिक शोधपत्र, पुस्तक, प्रतिवेदन, पत्रपत्रिका, लेखरचनाहरु आदि हुन् ।

### ३.३ जनसंख्या, नमूना आकार र नमूना छनोट रणनीति (Population, Sample Size And Sampling Strategy)

यस अध्ययनका लागि जनसंख्या र त्यसबाट छनोट गरिएको नमूना आकार तथा नमूना छनोट प्रक्रिया यस प्रकार उल्लेख गरिएको छ ।

#### ३.३.१ जनसङ्ख्या (Population)

यस अध्ययनमा अनुसन्धानकर्तासँग सीमित साधन, स्रोत र समयको कारणले गर्दा प्राथमिक तथ्यांक संकलन गर्नका लागि कास्की जिल्ला अर्न्तगत भरत पोखरी

गा.वि.स. वडा नं. ७ मा अवस्थित डाँडागाउँ सामुदायिक वन समितिको प्रभाव क्षेत्रभित्र रहेका जम्मा २१५ घरधुरी यस अध्ययनको जनसंख्या रहेको छ ।

### ३.३.२ नमूना आकार (Sample Size)

डाँडागाउँ सामुदायिक वन समितिमा आवद्ध २१५ घरधुरीलाई समान प्रतिनिधित्व हुने गरी २५ टोलमा बर्गिकृत समूहका प्रत्येक टोलबाट ४/४ वटाको दरले छनोट गरिएको १०० घरधुरी नमूना छनोटको आकार रहेको छ । जुन जम्मा घरधुरी २१५ को ४६.५१ प्रतिशत हुन आउँछ ।

### ३.३.३ नमूना छनौट रणनीति (Sample Selection Strategy)

यस अनुसन्धानको क्रममा स्रोत, साधन तथा समयको सीमितताको कारण सम्पूर्ण जनसंख्यालाई लिएर अध्ययन गर्न जटिल एवं कठिन पर्ने हुनाले सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व हुने गरी नमूना छनौट गरिएको थियो । जसलाई निम्न प्रकार उल्लेख गरिएको छ ।

१. कास्की जिल्लाको भरतपोखरी गा.वि.स. अर्न्तगत रहेको एक मात्र डाँडागाउँ सामुदायिक वन उद्देश्यमूलक नमूना छनौट विधि ((Purposive Sampling Technique) को आधारमा छनौट गरिएको छ । किनकि उक्त क्षेत्रमा यस विषयमा कुनै अध्ययन अनुसन्धान नभएको र अनुसन्धानकर्तालाई तथ्याङ्क संकलन गर्न सहज र सजिलो हुने भएकोले उक्त क्षेत्रलाई छनौट गरियो ।

२. यस वन समितिलाई २५ टोलमा विभाजन गरिएको छ । जसमा कूल घरधुरी २१५ रहेका छन् । तसर्थ, प्रत्येक टोलबाट समान प्रतिनिधित्व हुने गरी ४/४ वटाको दरले हुन आउने १०० घरधुरीलाई नमूना छनोटको रुपमा लिइएको छ । जुन कूल घरधुरी संख्या २१५ को ४६.५१ प्रतिशत हुन आउँछ, ।

३. प्रत्येक टोलबाट नमूनामा समावेश हुने ४/४ घरधुरीलाई छनोट गर्दा सामान्य सम्भावनायुक्त नमूना छनौट विधि (Simple Random Sampling Technique ) अर्न्तगत गोलाप्रथाको आधारमा छनोट गरिएको छ । जुन अनुसूची ७ मा राखिएको छ ।

### ३.४ अध्ययन क्षेत्र (Study Area)

यस अध्ययनको क्षेत्र नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गतको गण्डकी अञ्चल कास्की जिल्लाको दक्षिण भागमा अवस्थित भरतपोखरी गा.वि.स.को वडा नं. ७ रहेको छ ।

### ३.५ तथ्याङ्क संकलन प्रक्रिया (Data Collection Procedure)

यो अध्ययन मुख्यतया प्राथमिक तथ्याङ्कमा आधारित हुने भएकोले अध्ययनको क्रममा अनुसन्धानकर्ता आफैले अध्ययन क्षेत्रमा गई सम्बन्धित व्यक्तिहरुसँग प्रत्यक्ष भेटघाट गरी प्रश्नावली, छलफल र अवलोकनको माध्यमबाट आवश्यक सूचना प्राप्त गरिएको छ । प्राथमिक तथ्याङ्कको अभावलाई पूरा गर्नको लागि सहायक तथ्याङ्कलाई पनि यस अध्ययनमा समावेश गरिएको छ । जसको माध्यमबाट अध्ययनले निष्कर्षलाई विश्वासनियता र वैधता प्रदान गर्ने प्रयास गरिएको छ ।

### ३.६ तथ्याङक संकलनका साधनहरु (Tools of Data Collection)

यस अध्ययनको लागि आवश्यक तथ्यांक संकलन गर्न आवश्यक पर्ने तथ्यांक संकलनका साधनहरु यस प्रकार उल्लेख गरिएको छ ।

#### ३.६.१ प्रश्नावली (Questionnaire)

अर्न्तवार्ता प्रश्नावलीको माध्यमबाट सम्पूर्ण उपभोक्ता मध्ये नमूना छनौटमा परेका उपभोक्ताहरु कहाँ गई तथ्यांक संकलन गरिएको थियो । घरमुली छुट्याउन सम्बन्धित परिवारसंग सोधी उनीहरुले भनेको घरमुलीलाई प्रश्न सोधिएको थियो । घरमुलीको लागि तयार गरिएको प्रश्नावली अनुसूची १ मा राखिएको छ । त्यसैगरी उपभोक्ता समितिका अध्यक्षका लागि तयार गरिएको प्रश्नावलीको नमूना अनुसूची २ मा राखिएको छ ।

### ३.६.२ छलफल निर्देशिका (Discussion Guide)

यस डाँडाँगाउँ सामुदायिक वन उपभोक्ता समितिको आम्दानीका स्रोतहरु, लगानीका क्षेत्रहरु र आर्थिक तथा शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदानका साथै यस समितिका कमजोरी र यसलाई अझ प्रभावकारी वनाउन गर्नुपर्ने उपायहरुको संकलनको लागि कार्यसमितिको पदाधिकारी एवं नमूना छनौटमा परेका उपभेक्ताहरुसंग छलफल गरी आवश्यक तथ्यांक संकलन गरिएको छ । जसको नमूना अनुसूची ३ मा देखाइएको छ ।

### ३.६.३ अवलोकन फारम (Observation Form)

यस अध्ययनको उद्देश्यलाई पुरा गर्न अध्ययनकर्ता स्वयम् र सामुदायिक वनका अध्यक्षलाई लिएर सामुदायिक वन भित्र कटानी भएका रुखहरु र वृक्षारोपण गर्न बाँकी स्थान र वृक्षारोपण गरिएको स्थानको अवलोकन गर्दै उक्त वनले स्थानीय विकासमा पुऱ्याएको योगदानको क्षेत्र अर्न्तगत आर्थिक तथा शैक्षिक दुवै पक्षको प्रत्यक्ष रुपमा अवलोकन गर्नका लागि साधनको रुपमा अवलोकन फाराम तयार गरिएको थियो जसको नमूना अनुसूची ४ मा देखाईएको छ ।

## ३.७ तथ्यांक संकलनका तरिकाहरु (Techniques of Data Collection)

यस अध्ययनको लागि आवश्यक तथ्यांक संकलन गर्नका लागि निम्न लिखित तरिकाहरु अपनाईएको छ ।

### ३.७.१ अर्न्तवार्ता (Interview)

यस अध्ययनमा प्राथमिक तथ्यांक संकलन गर्नका लागि प्रविधिको रुपमा अर्न्तवार्ता अर्न्तगत प्रत्यक्ष व्यक्तिगत अर्न्तवार्ता **(Direct Personal Interview)** विधिलाई प्रयोग गरिएको छ । यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि आवश्यक पर्ने प्राथमिक तथ्यांक संकलन गर्न प्रश्नावली लिएर अध्ययनकर्ता स्वयं अध्ययन क्षेत्रमा गई त्यहाँका घरमुली उत्तरदातासंग आमने-सामुने रुपमा बसी प्रश्न उत्तरका माध्यमबाट तथ्यांक संकलन गरिएको छ ।

### ३.७.२ लक्षित समुह छलफल (Focused Group Discussion)

यस अध्ययनको उद्देश्य पुरा गर्ने सिलसिलामा अनुसन्धानकर्ता स्वयं उपस्थित भई आफ्नो अध्ययन क्षेत्र डाँडाँगाउँ सामुदायिक वनमा आवद्ध २१५ उपभोक्ताहरु मध्ये सामान्य संभावनायुक्त छनौट विधि अन्तर्गत नमुना छनोटमा परेका ५ जना उपभोक्ताहरु लाई लिइयो । कार्यसमितिका अध्यक्ष र लेखापाल १/१ जना, शिक्षक २ जना गरी ९ जनाको लक्षित समूह तयार पारियो । उक्त सामुदायिक वनको भवन भित्र मिति २०७२/१२/३० गते २ घण्टाको समय निर्धारण गरी अध्ययनकर्ता स्वयंले छलफल संचालन गराई उनीहरुको उत्तर टिपोट गरिएको थियो । यसरी टिपेको उत्तर विश्लेषण गरी त्यसबाट आवश्यक तथ्यांक संकलन गरियो । यो छलफल गर्दा लक्षित समूह छलफल निर्देशिका र छलफलको लागि प्रश्नपत्र निर्माण गरिएको छ ।

### ३.७.३ प्रत्यक्ष अवलोकन (Direct Observation)

यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि आवश्यक पर्ने तथ्यांक संकलन गर्नका लागि मिति २०७२/१२/३० गतेका दिन उक्त सामुदायिक वनको अध्यक्ष तथा सदस्यहरुको सहयोगमा सामुदायिक वनभित्र कटानी भएका रुखहरु, वृक्षरोपण गरिएको र गर्न बाँकी स्थान, के कस्ता बोटविरुवा, पशुपंक्षीहरु पाइन्छन ? वनको संरक्षण तथा सम्वर्द्धनका लागि के कस्ता प्रयासहरु गरिएका छन् ? आदि कुराहरुको अवलोकन गर्दै उक्त सामुदायिक वनको आम्दानीका क्षेत्रको अवलोकन गर्दै स्थानीय विकासमा पुऱ्याएको योगदान आर्थिक तथा शैक्षिक दुवै पक्षको बारेमा प्रत्यक्ष अवलोकन गरिएको छ । सामुदायिक वन समितिले स्थानीय विकासमा गरेको लगानी वास्तविक हो होईन भनी पत्ता लगाउनको लागि अवलोकन गरिएको थियो ।

## ३.८ तथ्यांक विश्लेषण र व्याख्याका तरिकाहरु (Data Analysis and Interpretation Techniques)

यस अध्ययनमा आवश्यक तथ्यांक संकलन गरिसकेपछि तथ्यांकहरुलाई आवश्यकताअनुसार विभिन्न तालिकामा प्रस्तुत गर्दै व्याख्या तथा विश्लेषण गरिएको छ

। यस अध्ययनमा संख्यात्मक तथा गुणात्मक दुवै खाले तथ्यांकहरु समावेश भएकाले तिनीहरुलाइ सरल र सहज प्रस्तुतीकरणको लागि चार्टबाट देखाइएको छ । त्यसैगरी तुलनात्मक प्रस्तुतिको लागि तालिकाको निर्माण गरिएको छ भने निष्कर्ष निकालेर सुझावहरु पेश गर्नका लागि सजिलो होस् भनी औषत (Average) को गणना गरिएको छ । जसलाई यस शोधपत्रको अध्याय चारमा विस्तृत रुपमा प्रस्तुत गरिएको छ ।

# अध्याय : चार (CHAPTER-FOUR)

## ४. नतिजाको विश्लेषण र व्याख्या (Analysis and Interpretation of the Result)

यस अध्यायमा प्राथमिक तथा द्वितीय स्रोतबाट संकलित तथ्यांकलाई उद्देश्यअनुसार प्रस्तुत गर्दै विभिन्न तालिका, र चार्ट आदिमा देखाई विषयवस्तुलाई व्याख्या विश्लेषण गरिएको छ । यस अध्यायलाई सरलीकृत गर्न तथ्यांकलाई विभिन्न एकाई तथा उप एकाईहरुमा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ४.१ कास्की जिल्लाको परिचय (Introduction of Kaski District)

कास्की जिल्ला पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गतको गण्डकी अञ्चलमा पर्ने एक पहाडी जिल्ला हो । यसको उत्तरी सीमाना मनाङ्ग र म्याग्दी, पश्चिममा स्याङ्गजा र पर्वत र दक्षिणमा स्याङजा र तनहुँ पर्दछ । यस जिल्लामा ३२ गा.वि.स. र २ वटा नगरपालिका रहेका छन् । यस जिल्लाको सदरमुकाम पोखरा हो । जुन अध्ययन क्षेत्रको २० कि.मि. उत्तरमा पर्छ । भौगोलिक रुपमा कास्की जिल्ला ८३ डिग्री ४० मिनेट देखी ८४ डिग्री १२ मिनेट पूर्वी देशान्तर र २८ डिग्री ०६ मिनेट देखी २८ डिग्री ३६ मिनेट उत्तरी अक्षांशमा अवस्थित छ । यो जिल्ला सामुन्द्रिक सतह देखि न्युनतम ४५० र अधिकतम ८०९१ मीटर उचाइमा रहेको छ । यस जिल्लाको हावापानी नत धेरै गर्मी नत धेरै जाडो मध्यम किसिमको छ । गर्मीयाममा यहाँको तापक्रम ३० डिग्री सेल्सियस भन्दा माथि र न्युनतम १५ डिग्री सेल्सियस पुग्छ भने जाडो मौसम अर्थात पुष, माघ महिनामा अधिकतम २० देखि २५ डिग्री सेल्सियस र न्युनतम ५ डिग्री सेल्सियस देखि १० डिग्री पुग्छ सम्म तापक्रम हुने गर्दछ । असार साउन महिनामा भने वर्षा अधिक हुने गर्दछ । नेपालको सवै भन्दा बढी पानी पर्ने स्थानको रुपमा कास्की जिल्लाको लुम्लेलाई लिइन्छ । । यस जिल्लाको कुल क्षेत्रफल २०१७ वर्ग कि.मि. रहेको छ । यस जिल्लाको पूर्व पश्चिम लम्बाई ६३ कि.मि छ भने उत्तर दक्षिणको चौडाई ५० कि.मि. रहेको छ । यस जिल्लाको भूभाग पूर्ण रुपमा समथल नभएपनि यहाँको माटो उत्पादनको दृष्टिकोणले धेरै उर्वर छ । जिल्लाको कूल क्षेत्रफलको ८१ दशमलव ९२ प्रतिशत भूमि

कृषि व्यवसायको लागि एकदमै उपयुक्त छ । कूल क्षेत्रफलको ३७ .२४ प्रतिशत वनक्षेत्रले ढाकेको छ । खेती नगरिएको जमिनमध्ये ६.५ प्रतिशत जमिन खेती गर्न लायक र १०.६ प्रतिशत जमिन आवास क्षेत्रले ढाकेको छ ।

२०६८ सालको जनगणना अनुसार जिल्लामा १ लाख २ हजार ५७३ घर परिवार रहेका छन् भने कुल जनसंख्या ४ लाख ९२ हजार ०९८ रहेको छ । यस मध्ये २ लाख ३६ हजार ३८५ अर्थात कुल जनसंख्याको ४९ दशमलव ६६ प्रतिशत पुरुष र २ लाख ५५ हजार ७१३ अर्थात कुल जनसंख्याको ५० दशमलव ४३ दशमलव ६६ प्रतिशत महिला रहेका छन् । यहाँको औसत परिवार सदस्य संख्या ३ दशमलव ९२ प्रतिशत रहेको छ । यहाँको जनघनत्व प्रतिवर्ग कि.मि. २४४ जना रहेको छ । यस जिल्लाको जनसंख्या वृद्धिदर २ दशमलव ५६ प्रतिवर्ष र साक्षरता दर ८२ दशमलव ३८ प्रतिशत छ । जसमध्ये पुरुष साक्षरतादर ९०.१० प्रतिशत र महिला साक्षरता ७५.३५ प्रतिशत रहेको छ ।

### ४.१.१ कास्की जिल्लाको भौगोलिक स्थिति (Geographical Location of Kaski District)

कास्की नेपालको पश्चिमाञ्चल विकास क्षेत्र भित्र पर्ने एक विकसित जिल्ला हो । मानव विकास समग्र सूचकाङ्कमा उच्च स्थानमा रहेको यस जिल्लाको सदरमुकाम पोखरा हो । कास्की जिल्ला २८ डिग्री ०६ मिनेट उत्तरी अक्षांश देखि २८ डिग्री ३६ उत्तरी अक्षांश सम्म फैलिएको छ, भने ८३ डिग्री ४० मिनेट देशान्तर देखि ८४ डिग्री १२ मिनेट  पूर्व देशान्तरसम्म फैलिएको छ । कास्की जिल्ला २०१७ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । यस जिल्लाको पूर्वमा लम्जुङ् र तनहुँ जिल्ला, उत्तरमा मनाङ र म्याग्दी, दक्षिणमा स्याङ्गजा र तनहुँ जिल्ला र पश्चिममा स्याङजा र पर्वत जिल्ला पर्दछन् । कास्की जिल्लाको लम्वाई करिव ६३ किलोमीटर र चौडाइ ५० किलोमीटर दुरीमा फैलिएको छ । कास्की जिल्लामा संसदीय निर्वाचन क्षेत्र ४ वटा, नगरपालिका २ वटा तथा गा.वि.स. ३२ वटा रहेका छन् । (जि.वि.स. २०७२/०७३)

) **हावापानी (Monson)**

कास्की जिल्लाको हावापानी उपोष्ण र समशीतोष्ण प्रकृतीको रहेको छ । ग्रीष्म कालमा यहाँको तापक्रम ३२ देखि ३० डिग्री सेल्सीयस र शितकालमा ८ देखी १५ डिग्री सेल्सीयस सम्म पुग्दछ । यहाँ वार्षिक रुपमा २७१.७५ मि.मि. पानी पर्दछ । कास्की जिल्लामा पाँगो किसीमको माटो पाईन्छ । कास्की जिल्लाका मुख्य नदीनालाहरुमा सेती, मादी, कत्ले खोला आदि रहेका छन् । यहाँका पर्यटकीय तथा धार्मिक स्थलहरुमा वेगनास ताल, फेवा ताल, खाष्टेताल, तालबाराही, विन्दावासीनी, डेभिड फल, गुप्तेश्वर महादेव, महेन्द्र गुफा, आदि जस्ता पर्यटकिय क्षेत्रहरु रहेका छन् ।

) **भू-उपयोगको अवस्था (Situation of Using Land)**

नेपालको कुल भू-भागको अठार प्रतिशत मात्र कृषि योग्य जमिन रहको छ । कास्की जिल्लामा कुल भू-भाग को २४ प्रतिशत भू-भाग कृषि योग्य जमिन रहेको छ । कास्की जिल्ला दुई लाख १ हजार ७ सय हेक्टर क्षेत्रफलमा फैलिएको छ (जि.वि.स. कास्की, २०७२/२०७३)।

तालिका ४.१

कास्की जिल्लाको भू-उपयोगको अवस्था २०७२

| क्र.सं. | विवरण | क्षेत्र (हेक्टर) | प्रतिशत |
|---|---|---|---|
| | कुल क्षेत्रफल | २०१७०० | १०० |
| १ | खेती गरेको जमिन | ४८९६२ | २४.३ |
| २ | खेती गर्नलायक जमिन | १३२०० | ६.५ |
| ३ | वनजंगल | ७५२६३ | ३७.३ |
| ४ | चरन, झाडी, वुट्यान | २३९४२ | ११.९ |

| | | | |
|---|---|---|---|
| ५ | आवास क्षेत्र | २१३८५ | १०.६ |
| ६ | हिउँले ढाकेको क्षेत्र | ११५१६ | ५.७ |
| ७ | अन्य (नदी, खोला,सडक, बाटो) | ७४३२ | ३.७ |

स्रोत : जि.वि.स. २०७२।०७३

प्रस्तुत तालिका ४.१ मा कास्की जिल्लाको भु-उपयोगको अवस्थालाई देखाईएको छ । कास्की जिल्लाको कूल क्षेत्रफल २०१७०० हेक्टरको २४ प्रतिशत भूमि अर्थात ४८,९६२ हेक्टर कृषि योग्य रहेको छ । कास्की जिल्लाको कुल भू-भागको ११ प्रतिशत भू-भाग वसोवास क्षेत्रले ओगटेको छ । वनजंगलले ३७ प्रतिशत, चरन क्षेत्र, झाडी वुट्यानले १२ प्रतिशत र नदीनाला र भिरपाखाले ४ प्रतिशत भू-भाग ओगटेको तालिकाद्धारा प्रष्ट देखिएको छ ।

### ४.१.२ कास्की जिल्लाको शैक्षिक अवस्था (Educational Status of Kaski District)

नेपालको साक्षरता दर औषत ६५.९ प्रतिशत रहेको छ । सोही आधारमा हेर्दा कास्की जिल्लाको साक्षरता दर ८२.३८ प्रतिशत लाई राम्रो मान्न सकिन्छ । कास्की जिल्लाका शिक्षण संस्थाहरु, क्याम्पस, सामुदायिक विद्यालयहरुको संख्या विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४.२

कास्की जिल्लाको शैक्षिक अवस्था-२०७२

| सि.नं. | विद्यालय प्रकार | प्राथमिक | निम्नमाध्यामिक | माध्यमिक | उच्चमाध्यमिक | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक | २६० | ५० | ४८ | ६० | ४१८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | संस्थागत | १९ | २५ | १११ | ५७ | २१२ |
| | जम्मा | २७९ | ७५ | १५९ | ११७ | ६३० |
| ३ | गुरुकुल आश्रम | १ | | | | १ |

(श्रोत : जि.शि.का. कास्की, २०७१)

तालिका ४.२ अनुसार कास्की जिल्लामा प्राथमिक विद्यालयको संख्या २७९ वटा रहेका छन् । जसमा सामुदायिक २६० र संस्थागत १९ रहेका छन् । सामुदायिक निम्नमाध्यमिक र माध्यमिक विद्यालयको संख्या क्रमशः ५० र ४८ रहेको छ । यस जिल्लामामा उच्चमाध्यमिक विद्यालयको संख्या ११७ र गुरुकुल आश्रम १ वटा रहेका छन् ।

### ४.१.३ कास्की जिल्लाको आर्थिक अवस्था (Economic Condition of Kaski District)

कास्की जिल्लामा विभिन्न पेशा र व्यवसाय अपनाएका व्यक्तिहरु रहेका छन् । उद्योग, व्यापार व्यवसाय, कृषि क्षेत्र नै यस जिल्लाको मुख्य उद्योग व्यवसायहरु रहेका छन् । कास्की जिल्लामा भएका मुख्य उद्योगहरुको संख्यालाई तालिका ४.३ द्वारा देखाईएको छ ।

तालिका : ४.३

कास्की जिल्लाका उद्योगहरुको संख्या - २०७२

| उद्योग | संख्या |
|---|---|
| दर्ताकायम भएका | २६४ |
| उत्पादनमुलक | ९० |
| सेवामुलक | १२ |
| कृषिजन्य | ४० |

| | |
|---|---|
| उर्जामुलक | ३२ |
| पर्यटनमुलक | ६२ |
| खनिजजन्य | २ |
| निर्माणजन्य | २७ |

स्रोत : जि.वि.स. कास्की , २०७२।०७३ ।

तालिका ४.३ अनुसार कास्की जिल्लामा दर्ता कायम भएका उद्योग हरुको संख्या २६४ रहेको देखिन्छ त्यसैगरी उत्पादनमुलक उद्योगहरु ९० वटा रहेका छन्. । सेवामुलक उद्योगहरु १२ वटा, कृषिजन्य ४० वटा, उर्जामुलक ३२ रहेका छन् । कास्कीमा अधिकांश पर्यटकीय क्षेत्रहरु पनि रहेका छन् । जसका कारण पर्यटनमुलक उद्योगहरुको संख्या ६२ रहेको देखिन्छ । कास्की मा सवैभन्दा कम संख्यामा रहेका उद्योगहरु खानीजन्य रहेका छन् । निर्माणजन्य उद्योगहरु २७ वटा रहेका छन् ।

### ४.२ भरत पोखरी गा.वि.स.को परिचय (Introduction of BharatPokhari V.D.C.)

कास्की जिल्लाका ३२ गाउँ विकास समितिहरु मध्ये एक भरत पोखरी गा.वि.स.को नामाकरण तथा भौगोलिक अवस्थितिको आफ्नै ऐतिहासिक पृष्ठभूमि एवं विशेषताहरु रहि आएका छन् । गा.वि.स.को नामाकरणका सम्बन्धमा धेरै समय पहिले यस गा.वि.स.को वडा नं ७ मा रहेको भर्तीपोखरा भन्ने ठाउँबाट व्रिटीस आर्मी लगायतका संस्थाले लागि भर्ति खुलाउने गरेको र यसै ठाउँ भर्तीपोखराको नाम अपभ्रमंश हुँदै भरत पोखरी हुन गएको भनाइ रहेको छ । पोखराबाट २० कि.मि. को दुरीमा अवस्थित यो मनोरम डाँडा चारैतिर डाँडाँबाट घेरीएको विचमा सुन्दर शान्त र अति सुन्दर गा.वि.स. हो, भरतपोखरी गा.वि.स.। यस गा.वि.स. को सिमानामा पूर्वमा टक्सार, पश्चिममा निर्मल पोखरी र महतगौडा, दक्षिणमा सुरौदी र उत्तरमा लेखनाथ नगपालिका आदि रहेका छन् । वर्षौं अघिदेखि आचार्यको मुख्य बसोबास स्थानको रुपमा रहेको गुरुङ्ग मगर, सार्की, भुजेल, घर्ती, थापा जस्ता धेरै जनजाती र व्राहमण, क्षेत्रीको मिश्रण र भावनात्मक रुपमा बसोबस रहेको यो एक मनमोहक स्थल हो । जुन दुर्गम पनि छैन सुगम पनि होइन । (स्रोत : भरतपोखरी गा.वि.स. को कार्यालय, २०७१)

### ४.२.१ जनसांख्यिक अवस्था (Demographic Condition)

यस गा.वि.स.को जनसंख्या ९ हजार ८ सय ६ जना मध्ये, पुरुष ४ हजार ३ सय ५३ जना र महिला ५ हजार ४ सय ५३ जना रहेका छन् । तलको तालिकाबाट प्रत्येक वडामा रहेका जनसंख्या र परिवारको संख्यालाई हेर्न सकिन्छ ।

तालिका ४.४

भरत पोखरी गा.वि.स. को वडागत रुपमा जनसंख्या र घरपरिवारको विवरण २०६८

| वडा नं. | घरपरिवार | कुल जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | ३६९ | १५२५ | ६९८ | ८२७ |
| २ | २५१ | १०४१ | ४५५ | ५८६ |
| ३ | ७६८ | ३१४२ | १४५२ | १६९० |
| ४ | ३६९ | १४५९ | ६४५ | ८१४ |
| ५ | १३८ | ५२१ | २२६ | २९७ |
| ६ | १४६ | ५७२ | २२९ | ३४३ |
| ७ | २०९ | ७६८ | ३१४ | ४५४ |
| ८ | १०६ | ३८८ | १७५ | २१३ |
| ९ | ११२ | ३८८ | १५९ | २२९ |
| जम्मा | २४६८ | ९,८०६ | ४,३५३ | ५,४५३ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

माथिको तालिका ४.४ मा वडा नं. ८ र ९ मा ३८८ जना रहेका छन् भने सवैभन्दा बढी जनसंख्या वडा नं. ३ मा ३१४२ जना रहेको पाइन्छ । पुरुषको भन्दा महिलाको जनसंख्या ११०० बढी रहेको छ । यस गा.वि.स. को जनसंख्या तथा पारिवारिक सर्वेक्षण अनुसार घरधुरी संख्या २४६८ रहेको छ । यस गा.वि.स. को जनघनत्व ३.९७ रहेको छ । यसै सन्दर्भमा भरतपोखरी गा.वि.स.को उमेरगतसंरचना तलको तालिकामा देखाइएको छ ।

तालिका ४.५

भरतपोखरी गा.वि.स.को उमेरगतसंरचना २०६८

| | उमेर समुह (वर्ष) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ०-०४ | ५-९ | १०-१४ | १५-१९ | २०-२४ | २५-२९ | ३०-३४ | ३५-३९ | ४०-४४ | ४५-४९ | ५०-५४ | ५५-५९ | ६० वर्ष माथि |
| कूल जनसंख्या | ७३६ | १०२० | १२३२ | १२२३ | ८२१ | ६८४ | ५३२ | ५२५ | ४९३ | ५३७ | ४५१ | ४१३ | ११३९ |
| पुरुष | ३७७ | ५३० | ६५२ | ५६८ | ३२९ | २२९ | १८६ | १७५ | १७८ | २२३ | २०७ | २०७ | ४९२ |
| महिला | ३५९ | ४९० | ५८० | ६५५ | ४९२ | ४५५ | ३४६ | ३५० | ३१५ | ३१४ | २४४ | २०६ | ६४७ |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०६८

यस गा.वि.स. को जनसंख्यालाई विभिन्न उमेर समुहहरुमा वर्गीकरण गरी विश्लेषण गर्दा के देखिन्छ भने १०-१४ वर्ष र १५-१९ वर्ष उमेर समुहको जनसंख्या सवैभन्दा वढी क्रमशः १२३२ र १२२३ रहेको छ । समग्रमा हेर्दा १०-१४ वर्ष उमेर समुहको जनसंख्या १२३२ अर्थात १२.५६ प्रतिशत रहेको छ जसमध्ये पुरुषको जनसंख्या ६५२ जुन कुल जनसंख्याको ६.६४ प्रतिशत र महिलाको जनसंख्या ५८० छ जुन कुल जनसंख्याको ५.९१ प्रतिशत हो ।

## ४.२.२ सामाजिक अवस्था (Social Condition)

यस गा.वि.स.मा जम्मा १८ जातजातिका मानिसहरु बसोवास गर्दै आएका छन् । धेरै जातजाति र धर्म रहेको भए पनि यस गा.वि.स. मा वसोवास गर्ने मानिसहरुमा

जातिय तथा धार्मिक सहिष्णुता कायम रहेको छ । गा.वि.स. मा भएका सम्पूर्ण जातजातिहरुको जनसंख्या विवरण तालिका ४.६ मा देखाईएको छ ।

तालिका ४.६

लैङ्गिक तथा जातीगत विवरण

| भरत पोखरी गा.वि.स. को जातीय विवरण | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| जम्मा जात | ९८०६ | ४३५३ | ५४५३ |
| क्षेत्री | १६८७ | ७४० | ९४७ |
| पहाडिया ब्राम्हण | ३२३३ | १४३७ | १७९६ |
| मगर | १२२३ | ५७३ | ६५१ |
| थारु | १३ | ६ | ७ |
| तामाङ | ५२ | २७ | २५ |
| नेवार | २८१ | १२८ | १५३ |
| कामी | १०७८ | ४५९ | ६१९ |
| गुरुङ | ६८४ | २८१ | ४०३ |
| दमाई/धोई | २६९ | १२४ | १४५ |
| ठकुरी | १५४ | ६८ | ८६ |
| सार्की | ५५७ | २२२ | ३२५ |

| | | | |
|---|---|---|---|
| सन्यासी/दस्नामी | ३५ | ३० | ६५ |
| सुनार | ३५ | १७ | १८ |
| घर्ति/भुजेल | १५३ | ६७ | ८६ |
| तात्मा/टात्वा | १४ | ८ | ६ |
| दुरा | ३३ | १२ | २१ |
| वादी | १७८ | ८८ | ९० |
| अन्य | ८९ | ५३ | ३६ |
| तराई अन्य | १७ | ८ | ९ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

माथिको तालिका ४.६ अनुसार यस गा.वि.स. मा पहाडीया ब्राह्मण जातिको बाहुल्यता रहेको देखिन्छ । क्रमशः ब्राह्मण, क्षेत्रीको वाहुल्यता रहेको देखिन्छ भने सबैभन्दा कम थारु, तात्मा, दुरा, सोनार जाती रहेका छन् ।

### ४.२.३ **शैक्षिक अवस्था (Educational Condition)**

यस भरतपोखरी गा.वि.स. को शैक्षिक अवस्थालाई हेर्दा उक्त गा.वि.स.को धेरै जनसंख्या साक्षर रहेको पाइयो जुन कुल जनसंख्याको ७६.८८ प्रतिशत रहेको छ भने निरक्षर जनसंख्या २३.१२ प्रतिशत रहेको छ । जसलाई तलको तालिकाद्वारा प्रस्तुत गरिएको छ । शैक्षिक अवस्थालाई  साक्षरता अवस्था र तहगत शैक्षिक स्तरमा विभाजन गरी छुट्टाछुट्टै तालिकाहरुमा प्रस्तुत गरी गरिएको छ ।

तालिका ४.७

भरत पोखरी गा.वि.स.को ५ वर्ष र सो भन्दा माथिको साक्षरता अवस्था २०६८

| क.सं. | विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | पढ्न लेख्न सक्ने | ३५२० | ३४५३ | ६९७३ |
| २ | पढ्न मात्र सक्ने | १४२ | १०२ | २४४ |
| ३ | पढ्न र लेख्न नसक्ने | १४२७ | ४१९ | १८४६ |
| ४ | साक्षरता नखुलेको | ५ | २ | ७ |
| ५ | साक्षरता दर | ६९.१० | ८६.८५ | ७६.८८ |
| | कुल जम्मा | ५०९४ | ३९७६ | ९०७० |

स्रोत : केन्द्रिय तथ्यांक विभाग , २०६८

तालिका ४.७ को ५ वर्ष र सो भन्दा माथिको साक्षरता अवस्थालाई हेर्दा पढ्न र लेख्न सक्ने महिलाको जनसंख्या ३५२० रहेको छ, भने पढ्न र लेख्न नसक्ने महिलाको जनसंख्या पनि उत्तिकै बढी अर्थात १४२७ रहेको छ । यस गा.वि.स.को कुल साक्षरता दर ७६.८८ प्रतिशत, पुरुषको साक्षरता दर महिलाको भन्दा बढी अर्थात ८६.८५ प्रतिशत रहेको छ भने महिलाको साक्षरता दर ६९.१० प्रतिशत रहेको पाइन्छ ।

तालिका ४.८

भरत पोखरी गा.वि.स. को ५ वर्ष भन्दा माथिको तहगत शैक्षिक स्तर २०६८

| क.सं. | विवरण | महिला | पुरुष | कुल जनसंख्या |
|---|---|---|---|---|
| १ | प्रारम्भिक | ८१ | १२३ | २०४ |

| | | | | |
|---|---|---|---|---|
| २ | प्रा.वि. | १२४८ | ११९५ | २४४३ |
| ३ | नि.मा.वि. | ९६६ | ८०१ | १७६७ |
| ४ | मा.वि. | ५६० | ५५५ | १११५ |
| ५ | एस.एल.सी. | ३३४ | ३४७ | ६८१ |
| ६ | प्रविणता प्रमाणपत्र तह | १७४ | २४२ | ४१६ |
| ७ | स्नातक | ३१ | ९१ | १२२ |
| ८ | स्नातकोत्तर | ५ | २४ | २९ |
| ९ | अन्य | ५ | १ | ६ |
| १० | अनौपचारिक शिक्षा | १२४ | ८९ | २१३ |
| ११ | स्तर नखुलेका | १४ | १३ | २७ |

स्रोत : केन्द्रिय तथ्यांक विभाग, २०६८

तालिका ४.८ मा ५ वर्ष भन्दा माथिको शैक्षिक स्तरलाई हेर्दा प्रा.वि. तहमा सवै भन्दा बढी १२४८ महिला सहभागी रहेका छन् भने त्यस पछिको तहमा क्रमिक रुपमा कम हुँदै गएको पाइयो र स्नातकोत्तर तहमा पुग्दा ज्यादै न्यून रहेको छ ।

### ४.२.४ आर्थिक अवस्था (Economic Condition)

भरतपोखरी गा.वि.स.को मुख्य आयस्रोत कृषि अर्थात खेतीपाती नै रहँदै आएको छ । मुख्यगरी यहाँ धान, मकै, कोदो र तरकारी खेती गरिन्छ । त्यस्तै केही मानिसहरु व्यापार व्यवसाय र केही मानिसहरु निजामती सेवा र शिक्षण पेशामा संलग्न रहेका छन् । वैदेशिक रोजगारीमा जानेको संख्या पनि उल्लेखनीय रहेको छ । यसबाट प्राप्त हुने

विप्रेषणले ग्रामीण अर्थतन्त्रमा ठूलो टेवा पुऱ्याएको छ । यहाँका मानिसहरुले नगदे वालीको रुपमा अदुवा, कफीखेती, सुन्तलाखेती र तरकारी खेतीबाट राम्रो आम्दानी गरेको पाइन्छ । यसरी धेरै मानिसहरुले कृषि पेशालाई आफ्नो जिवन निर्वाहको श्रोत बनाएका छन् । विकासका पूर्वाधारहरुको सन्दर्भमा खानेपानीको व्यवस्था, सञ्चार क्षेत्र अर्न्तगत नेपाल टेलिकम र निजी क्षेत्रको सेवा उपलब्ध छ । यस गा.वि.स.लाई केही पक्की र केही ग्राभेल सडकमार्फत जिल्ला सदरमुकाम पोखरासम्म जोडिएको छ । यी सबै गतिविधिहरुले जनताको आर्थिक अवस्थामा सकरात्मक योगदान पुऱ्याएका छन् (भरतपोखरी गा.वि.स., २०७१) ।

## ४.३ सामुदायिक वनको संरक्षणको स्थिती (Status of Conservation of Community Forest)

कास्की जिल्लाको भरत पोखरी गा.वि.स. वडा नं. ७ मा अवस्थित डाँडागाउँ सामुदायिक वन यहाँका जनताको जागरुकता र वन बचाउने उद्देश्य साथ वि.सं. २०६२/१२/२९ मा सामुदायिक वन स्थापना भएको हो । त्यसपछि वनलाई संरक्षित गर्नको लागि वनको चारैतिर तारबार लगाई वन व्यवस्थापन गरिएको छ । प्रत्येक टोलीलाई एक दिनको गस्ति राखी वन सुरक्षा गर्ने गरेको पाइन्छ । साथै प्रत्येक उपभोक्ताहरुलाई हप्ताको एक दिन शनिवार ठूलो हतियार, बन्चरो, खुकुरी र दाउ आदिको प्रयोग नगरी संरक्षित वन क्षेत्रमा गएर दाउरा संकलन गरी ल्याउन पाउने व्यवस्था गरिएको छ । उपभोक्ता समिति भित्र भएका व्यक्तिहरुलाई केही सहयोगको लागि विरामी उपचार खर्च, गोबरग्याँस आयोजनामा सहयोग, सौचालय निर्माणमा सहयोग र गरिबी निवारण कम गर्नका लागि केही थप रकम समेत वन समितिले दिने गरेको पाइन्छ ।

यस सामुदायिक वन समितिमा हाल १३ सदस्यीय कार्यसमिति रहेको छ । जसमा अध्यक्ष श्री विष्णु प्रसाद आचार्य छन् भने ६ जना महिला सदस्यहरुको कार्यसमितिमा प्रतिनिधित्व रहेको छ । यस वन अर्न्तगत ३ जना व्यक्तिहरुले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् । जसमा ३ जना वन हेरालु रहेका छन् ।

### ४.३.१ सामुदायिक वनले ओगटेको क्षेत्रफल (Area of Community Forest)

यो सामूदायिक वन चार किल्ला भित्रको जम्मा कुल क्षेत्रफल १८०.८ हेक्टर क्षेत्रमा फैलिएको पाइन्छ । यस सामूदायिक वन अर्न्तगत सालको जङ्गल क्षेत्र १४५.५० हेक्टर र कटुस चिलाउने जातका रुख भएको जङ्गल क्षेत्र ३५.३० हेक्टर रहेको छ । जसलाई तलको तालिकामा देखाइएको छ ।

तालिका ४.९

डाँडागाउँ सामुदायिक वनले ओगटेको क्षेत्रफल

| सि.नं. | रुख /जङ्गल को प्रकार | क्षेत्रफल (हेक्टरमा) |
|---|---|---|
| १ | साल | १४५.५० |
| २ | कटुस चिलाउने | ३५.३० |
| जम्मा | | १८०.८० |

स्रोतः डाँडाँगाउँ सामुदायिक वनको वार्षिक प्रतिवेदन, २०७२ ।

### ४.३.२ सामुदायिक वनमा रोजगारीको अवस्था (Employment on Community Forest)

यस सामुदायिक वनमा रोजगारीको अवस्थालाई हेर्दा यस वन उपभोक्ता समूह अर्न्तगत ३ जना वन हेरालुहरुले रोजगारीको अवसर प्राप्त गरेका छन् । तिनीहरुले उक्त सामुदायिक वनमा रोजगारीको अवसर पाई आफ्नो जीवनयापनमा, क्रियाकलापहरुमा क्रमशः सुधार गरेको पाइन्छ । ती ३ जना कर्मचारीले आफ्नो परिवार तथा बालबालिकाको शैक्षिक गुणस्तरमा वृद्धि गर्नमा समेत सहयोग पुगेको देखिन्छ । यसरी यस सामुदायिक वनमा रोजगारीको अवस्था सकारात्मक रहेको छ ।

### ४.३.३ सामूदायिक वनका वर्तमान कार्यक्रमहरु (Present Programme of Community Forest)

आर्थिक वर्ष २०७१/७२ सालमा भएका आर्थिक तथा शैक्षिक कार्यक्रमहरुलाई अध्ययन, मूल्यांकन र पुनः विचार गरी निरन्तरता दिने योजना रहेको वन समितिले जानकारी गराएको छ । यसै सन्दर्भमा आर्थिक वर्ष २०७२/७३ का लागि स्थानीय क्षेत्रको सामाजिक, आर्थिक र शैक्षिक विकासमा सामुदायिक वन उपभोक्ता समितिले गर्ने योगदानका लागि तयार गरिएका वर्तमान कार्यक्रमहरु निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४.१०

डाँडागाउँ सामुदायिक वनका वर्तमान कार्यक्रमहरु-२०७२/०७३

| क्र.सं. | कार्यक्रमहरु | लगानी रकम (रु.मा) | प्रतिशत |
|---|---|---|---|
| १ | बाँध निर्माण | ५०,००० | ५.७९ |
| २ | सिँचाइ तथा खानेपानी | १,२०,००० | १३.९१ |
| ३. | बाटो पुल पुलेसा मर्मत | १,००००० | ११.५९ |
| ४. | विद्यालय सहयोग | ८०,००० | ९.२७ |
| ५ | स्वास्थ्य तथा खेलकुद सहयोग | ९०००० | १०.४३ |
| ६ | विद्युत लाइन मर्मत विस्तार | २५००० | २.८९ |
| ७ | मठमन्दिर निर्माण | ३०००० | ३.४७ |
| ८ | पर्यापर्यटकीय स्थल निर्माण | २०,००० | २.३१ |
| ९ | बाखा तथा कुखुरा पालन अनुदान | ५२०९० | ६.०४ |
| १० | सिपमुलक तालिम | ५७८०० | ६.७० |
| ११ | लघु उद्यम व्यवस्थापन | ९०,००० | १०.४३ |

| | | | |
|---|---|---|---|
| १२ | सौचालय निर्माण | ३३२०० | ३.८५ |
| १३ | सामुहिक खेती अनुदान | ४५४०० | ५.२६ |
| १४ | गोबरग्याँस अनुदान कार्यक्रम | २२,६४० | २.६२ |
| १५ | भू संरक्षण तथा तटवन्धन | १६००० | १.८५ |
| १६ | वृक्षारोपण | ५१०० | ०.५९ |
| १७ | सचेतना गोष्टी तालिम | १५००० | १.७३ |
| १८ | आगलागी नियन्त्रण | १०,००० | १.१५ |
| | जम्मा | ८६२२३० | १०० |


स्रोतः डाँडाँगाउँ सामुदायिक वनको कार्यक्रम पुस्तिका, २०७२ ।

माथिको तालिका ४.१० मा यस सामुदायिक वन उपभोक्ता समितिले गर्ने वर्तमान कार्यक्रमहरु उल्लेख गरिएको छ । यस सामुदायिक वनले आर्थिक वर्ष २०७२/०७३ मा विभिन्न किसिमका कार्यक्रमहरु संचालन गर्दै आएको तथ्यांक प्रस्तुत गरिएको छ । यस सामुदायिक वनले यो वर्ष सामाजिक विकासका कार्यक्रम अर्न्तगत बाटो तथा पुल पुलेसा मर्मतमा १ लाख, त्यस्तै बाँध निर्माणमा रु ५० हजार, मठमन्दिर निर्माणमा रु ३० हजार, सिँचाई तथा खानेपानीको लागि रु १ लाख  २० हजार, स्वास्थ्य तथा खेलकुद सहयोग रु ९० हजार, विद्युत लाइन मर्मत विस्तारको लागि रु २५ हजार र विद्यालय तथा शिक्षामा सहयोगको लागि रु ८० हजार लगानी गर्दै आएको छ । जसले स्थानीय उपभोक्ताहरुको दैनिक जीवनयापनमा सहजता ल्याउनेछ । त्यसैगरी आर्थिक विकास अर्न्तगतका कार्यक्रमहरु बाखा पालन तथा कुखुरा पालन अनुदान रु ५२ हजार ९० सामुहिक खेती अनुदान रु ४५ हजार ४०० सय सिपमुलक तालिम अन्तर्गत रु ५७ हजार ८ सय लघु उद्यम व्यवस्थापनको लागि रु ९० हजार, सौचालय निर्माणका रु ३३ हजार २ सय, गोबरग्याँस अनुदान कार्यक्रममा रु २२,६४० साथै विविध अनुदान कार्यक्रम अन्तर्गत भू-संरक्षण तथा तटबन्धका लागि रु ६१ हजार ६ सय वृक्षरोपणका लागि ५ हजार १००, सचेतना गोष्ठी र तालिमका लागि रु १५ हजार, आगलागी नियन्त्रणका लागि रु १० हजार आर्थिक सहयोग गर्ने कार्यक्रम बनाएको थियो । यसरी नै सामुदायिक वनले विभिन्न क्षेत्रमा आर्थिक तथा फर्निचरको लागि भौतिक सहयोग

गरी अतुलनीय योगदान पुऱ्याएको छ । उपभोक्ता समितिले गर्ने कार्यक्रमहरु मध्ये शैक्षिक क्षेत्रको विकासमा बढी सहयोग गरेको पाइन्छ । यस सामुदायिक वनका वर्तमान कार्यक्रमहरुलाई निम्नलिखित वृतचित्रबाट पनि प्रष्ट पार्न सकिन्छ ।

चित्र ४.१

डाँडागाउँ सामुदायिक वनका वर्तमान कार्यक्रमहरु




स्रोतः डाँडाँगाउँ सामुदायिक वनको कार्यक्रम पुस्तिका, २०७२ (तालिका ४.१०)

## ४.४ सामुदायिक वनको आर्थिक अवस्था (Economic Condition of Community Forest)

यस सामुदायिक वनको आर्थिक अवस्थाको बारेमा अध्ययन गर्दा यस सामुदायिक वनको आम्दानी र खर्चको वारेमा अध्ययन गर्न आवश्यक मानिन्छ । यसैले यस सामुदायिक वनको आर्थिक अवस्था कस्तो किसिमको रहेको छ भन्ने कुरा निम्नलिखित उपशीर्षकबाट प्रष्ट पारिएको छ ।

### ४.४.१ सामुदायिक वनको वार्षिक स्रोतगत आम्दानी (Yearly Income Sources of Community Forest)

यस सामुदायिक वन उपभेक्ता समिति अति सक्रिय, सृजनशील र लगनशीलता भएको कारणले यस समितिले हरेक पटक आम्दानीको स्रोतहरु खोजी गरी आफ्नो गाउँ विकास, सामुदायिक वन विकास, वन संरक्षण गर्न चौकीदार राख्नको लागि आम्दानीको स्रोतहरुको आवश्यकता पर्दछ । यस सामुदायिक वन समितिले कुन-कुन स्रोतबाट आम्दानी प्राप्त गरेको छ भनी अध्ययन गरिएको छ । आम्दनीका स्रोतहरुमध्ये सहकारी संस्था, कृषि विकास बैंकमा नगद मौज्दात, काठ बिकी, दाउरा बिकी, निवेदन दस्तुर, खोल्टारी भुक्तानी, नर्सरी बोट बिकी, बैंक व्याज र विविध आयबाट प्राप्त रकम नै यस सामुदायिक वनको आम्दानीका स्रोत रहेको पाईयो । यसरी विभिन्न स्रोतबाट प्राप्त गरेको वार्षिक आम्दानी विवरणलाई निम्नानुसार उल्लेख गरिएको छ ।

तालिका ४.११

डाँडागाउँ सामुदायिक वनको वार्षिक आम्दानी विवरण २०७१/७२

| क्र.सं. | आय विवरण | रकम | प्रतिशत |
|---|---|---|---|
| १ | गत वर्षको आय | | |
| | (क)सुरक्षा वचत तथा ऋण सहकारी संस्था | २३५६३२ | २५.८२ |
| | (ख) कृषि विकास बैंक | ५६०.७५ | ०.०६१ |
| | (ग) नगद | ५००८५ | ५.४८ |
| | जम्मा | २८६२७७.७५ | |
| २. | निवेदन दस्तुर | ५२० | ००.५६ |
| ३. | वेर्ना विक्री | २०००० | ०.०२१ |
| ४. | जरिवाना | १६०० | ०.१७ |
| ५. | बैंक व्याज | ६५८३ | ०.७२ |
| ६ | काठ विक्रीबाट | २००२०१ | २१.९४ |
| ७. | खोल्टारी खा.पा. भुक्तानी | २६०००० | २८.४९ |
| ८. | काठको रोयल्टी | ७११३४ | ७.७९ |
| ९ | गत वर्षको वेर्ना | ११००० | १.२० |
| १० | सापटी फिर्ता चेत बहादुर महत | ५०००० | ५.४८ |
| | जम्मा | ९१२३४९.७५ | १०० |

स्रोतः सामुदायिक वनको वार्षिक प्रतिवेदन, २०७१

तालिका ४.११ अनुसार यस सामुदायिक वन उपभोक्ता समितिले आफ्नो जम्मा आम्दानीको कुल ९ लाख १२ हजार ३ सय ४९ मध्ये मुख्य हिस्सा वन पैदावारको विक्रीबाट प्राप्त गर्ने गरेको देखिन्छ। यस वनको आम्दानीको स्रोतहरु मध्ये गत वर्षको अन्य सहकारीमा रु २ लाख ३५ हजार ६ सय २३ अर्थात २५.८२ प्रतिशत आम्दानी प्राप्त भएको देखिन्छ । त्यसैगरी कृषि विकास बैंकमा ५ हजार ६ सय ३ अर्थात

०.०६१४ प्रतिशत, जरिवाना बाट १ हजार ६ सय अर्थात ०.१७ प्रतिशत, बैंक व्याज बाट रु ६ हजार ५ सय ३ अर्थात ०.७२ प्रतिशत काठ बिक्रीबाट रु २ लाख २ सय एक अर्थात २१.९४ प्रतिशत, खोल्टारी भुक्तानी २ लाख ६० हजार अर्थात २८.४९, काठको रोयल्टी ७१ हजार एक सय ३४ अर्थात ६.७९ प्रतिशत सापटी फिर्ता चेत बहादुर महत ५० हजार अर्थात ५.४८ प्रतिशत रकम यस सामुदायिक वनलाई वार्षिक रुपमा प्राप्त भएको छ । उपभोक्ता समितिको पदाधिकारीहरुको अनुसार विगतका वर्षदेखी यस वनले माथि तालिकामा उल्लेख गरे अनुसारका विभिन्न स्रोतहरुबाट आयआर्जन गर्दै आएको छ । यही आम्दानीलाई स्थानीय विकासका कार्यक्रममा उपभोक्ताको आर्थिक तथा शैक्षिक क्षेत्रमा खर्च गरी उक्त क्षेत्रमा सकारात्मक प्रभाव पारेको प्रष्ट छन् ।

### ४.४.२ सामुदायिक वनको वार्षिक खर्च विवरण (Yearly Expenditure of Community Forest)

यस सामुदायिक वन उपभोक्ता समुहले विभिन्न स्रोतबाट प्राप्त आम्दानीलाई स्थानीय विकासमा तथा सामुदायिक वनको संरक्षण, सम्बर्द्धन र गाविसको लागि हरेक साल विभिन्न क्षेत्रहरुमा खर्च गर्दै आएको पाइन्छ । यसरी यस सामुदायिक वन उपभोक्ता समुहको वार्षिक खर्च विवरण लाई निम्नलिखित तालिकाद्वारा स्पष्ट पार्न सकिन्छ ।

तालिका ४.१२

डाँडागाउँ सामुदायिक वनको वार्षिक खर्च विवरण -२०७१/०७२

| क्र.सं. | व्यय विवरण | रकम रु मा | प्रतिशत |
|---|---|---|---|
| १ | खानेपानी | २६०००० | ३०.१५ |
| २ | मन्दिर निर्माण | १८००० | २.०८ |
| ३ | स्वास्थ्य उपचार तथा खर्च | ६०००० | ६.९५ |
| ४ | बाटो पुल पुलेसो | ७५००० | ८.६९ |
| ५ | विधुत उत्पादन मर्मत खर्च | २५००० | २.८९ |

| | | | |
|---|---|---|---|
| ६ | सौचालय निर्माण | २२००० | २.५५ |
| ७ | पर्यटकिय स्थल निर्माण | १९००० | २.२० |
| ८ | बाखा तथा कुखुरा पालन | ५२०९० | ६.०४ |
| ९ | सामुहिक खेती अनुदान | ४५४०० | ५.२६ |
| १० | सिपमुलक तालिम | ५७८०० | ६.७० |
| ११ | लघु उद्यम व्यस्थापन | ९०००० | १०.४३ |
| १२ | शान्ति उदय उच्च मा.वि | ६०००० | ६.९५ |
| १३ | सरस्वती प्रा.वि. | ३७००० | ४.२९ |
| १४ | सक्रिय प्रौ. शिक्षा | ९२०० | १.०६ |
| १५ | सफल बालविकास केन्द्र | ९००० | १.०४ |
| १६ | गोबरग्याँस अनुदान कार्यक्रम | २२७४० | २.६३ |
| | जम्मा | ८६२२३० | १०० |

स्रोत : सामुदायिक वन समितिको वार्षिक प्रतिवेदन, २०७१

तालिका ४.१२ अनुसार वनको जम्मा वार्षिक खर्च रु ८६२२३० रहेको छ। जस अन्तर्गत खाने पानीमा २६०००० अर्थात ३०.१५ प्रतिशत, मठमन्दिर निर्माण १८००० अर्थात २.०८ प्रतिशत, स्वास्थ्य उपचार तथा खेलकुद ६०,००० अर्थात ६.९५ प्रतिशत, बाटो पुल पुलेसा मर्मतमा ७५,००० अर्थात ८.६९ प्रतिशत, विद्युत मर्मत विस्तारमा २५००० अर्थात २.९ प्रतिशत, सौचालय निर्माणमा २२००० अर्थात २.५५ प्रतिशत, बाखा तथा कुखुरा पालनमा ५२०९० अर्थात ६.०४ प्रतिशत, सामुहिक खेती अनुदान ४५४०० अर्थात ५.२६ प्रतिशत, सिपमुलक तालिममा ५६८०० अर्थात ६.६० प्रतिशत, लघु उद्यम व्यवस्थापनमा ९०००० अर्थात १०.४३ प्रतिशत, शान्ति उदय उच्च मा.वि.मा ६०००० अर्थात ६.९५ प्रतिशत, सरस्वती प्रा.वि.मा. ३७००० अर्थात ४.२९ प्रतिशत, सक्रिय प्रौढ शिक्षामा ९२०० अर्थात १.०६ प्रतिशत, गोबरग्याँस अनुदान कार्यक्रम शिर्षकमा २२७४० अर्थात २.६३ प्रतिशत गरी जम्मा रु ८,६२,२३० रकम यस सामुदायिक वनले विभिन्न आर्थिक, सामाजिक तथा शैक्षिक क्षेत्रमा विनियोजन गरेको छ ।

### ४.४.३ सामुदायिक वनको बचत (Saving of Community Forest)

वार्षिक आम्दानीबाट वार्षिक खर्च घटाएर प्राप्त हुन आउने रकमलाई वचत भनिन्छ । डाँडागाउँ सामुदायिक वनको आर्थिक वर्ष २०७१/०७२ को जम्म आम्दानी रु. ९१२३४९७५ छ भने कुल खर्च रु. ८६२२३० रहेको पाइन्छ ।

तालिका ४.१३

डाँडागाउँ सामुदायिक वनको वार्षिक बचत विवरण २०७१/०७२

| वार्षिक आम्दानी रु. | वार्षिक खर्च रु. | वार्षिक बचत रु. |
|---|---|---|
| ९१२३४९७५ | ८६२२३० | ५०११९.७५ |

स्रोत :सामुदायिक वनको वार्षिक प्रतिवेदन, २०७१

### ४.५ सामुदायिक वनले सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा गरेको खर्च (Social, Economic and Education Expenditure of Community Forest)

यस सामुदायिक वनले वनबाट प्राप्त आम्दानीलाई स्थानीय विकास कार्यमा सहयोग गर्दै आएको छ र वन समितिले आफ्नो गाउँको विकास पछि मात्र अन्य क्षेत्रमा लगानी गर्ने योजना बमोजिम हरेक साल वन समितिबाट प्राप्त हुने आम्दानीलाई उचित खर्चको माध्यमबाट कुन ठाउँमा बढी आवश्यक छ त्यसको अध्ययन गरी त्यही अनुसारको लगानी गर्दै आएको पाइन्छ । यस वन समितिले आफ्नो गाउँ आफै बनाऔँ भन्ने नारालाई अवलम्बन गरी आफ्नो आम्दानीलाई सामुदायिक विकास तर्फ अगाडि बढाउन खोजेको पाइन्छ । जुन तलको तालिकामा देखाइएको छ ।

तालिका ४.१४

डाँडागाउँ सामुदायिक वनले विभिन्न क्षेत्रमा गरेको क्षेत्रगत सहयोग विवरण -२०७१/०७२

| क्र.सं. | खर्च विवरण | लगानी रकम (रु.मा) | प्रतिशत |
|---|---|---|---|
| १. | सामाजिक खर्च | ४७९००० | ५५.५५ |

| | | | |
|---|---|---|---|
| २ | आर्थिक खर्च | २६८०३० | ३१.०८ |
| ३. | शैक्षिक खर्च | ११५२०० | १३.३६ |
| ४ | जम्मा | ८६२२३० | १०० |

स्रोतः सामुदयिक वन उपभोक्ता समिति, २०७२

तालिका ४.१४ अनुसार डाँडागाउँ सामुदायिक वनले सामाजिक क्षेत्रमा रु ४लाख ७९हजार अर्थात ५५.५५ प्रतिशत, आर्थिक क्षेत्रमा रु २ लाख ६८ हजार ३० अर्थात ३१.०८ प्रतिशत खर्च गरेको पाइयो, जसको फलस्वरुप यसको प्रभाव उपभोक्ता माथि परेको देखिन्छ । वि.सं. २०६२ सालमा यस सामुदायिक वन उपभोक्ता समितिको गठन भई सामुदायिक वन संरक्षण र उपयोग सामाजिक तहबाट हुन थालेपछि उपभोक्ताहरुको जीवनस्तरमा परिवर्तन आउन थालेको देखिन्छ ।

### ४.५.१. सामुदायिक वनले सामाजिक क्षेत्रमा गरेको खर्च (Expenditure of Community Forest on Social Sector)

भरत पोखरी गा.वि.स. वडा नं.७ स्थित डाँडागाउँ सामुदायिक वनले स्थानीय विकासको लागि हरेक वर्ष सामाजिक क्षेत्रहरुमा सहयोग गर्दै आएको छ । सामुदायिक वनले आफ्नो खर्चको रु ४ लाख ७९ हजार सामाजिक क्षेत्रमा खर्च गर्दै आएको छ । जुन तलको तालिकामा देखाईएको छ ।

तालिका ४.१५

डाँडागाउँ सामुदायिक वनले सामाजिक क्षेत्रमा खर्च विवरण -२०७१/०७२

| क्र.सं. | कार्य विवरण | खर्च रकम (रु.मा) | प्रतिशत |
|---|---|---|---|
| १. | खानेपानी | २६०००० | ५४.२७ |
| २. | मठमन्दिर निर्माण | १८,००० | ३.७५ |
| ३ | स्वास्थ्य उपचार तथा खेलकुद | ६०००० | १२.५२ |
| ४ | बाटो पुल पुलेसा मर्मत | ७५००० | १५.६५ |

| | | | |
|---|---|---|---|
| ५ | विद्युतलाइन मर्मत विस्तार | २५००० | ५.२१ |
| ६ | सौचालय निर्माण | २२००० | ४.५९ |
| ७ | पर्यटकीय स्थल निर्माण | १९००० | ३.९६ |
| | जम्मा | ४,७९,००० | १०० |

स्रोत : सामुदायिक वन समितिको वार्षिक प्रतिवेदन, २०७१

तालिका ४.१५ अनुसार डाँडागाउँ सामुदायिक वनले स्थानीय क्षेत्रको विकासमा टेवा पुऱ्याउने उद्देश्यले सुरु गरेको अभियान अनुसार खानेपानीको लागि रु २६०००० अर्थात् ५४.२७ स्वास्थ्य उपचार तथा खेलकुदमा ६०००० अर्थात प्रतिशत, अर्थात् १२.५२ प्रतिशत, बाटो पुलपुलेसा मर्मतमा रु ७५००० अर्थात १५.६५ प्रतिशत, बिद्युत लाइन मर्मत विस्तारमा रु २५००० अर्थात ५.२१ प्रतिशत, सौचालय निर्माणमा रु. २२००० अर्थात् ४.५९ त्यसैगरी पर्यापर्यटकीय स्थल निर्माणको लागि रु १९,००० खर्च गरी जम्मा ४,७९,००० रकम सामाजिक क्षेत्रको विकासमा लगानी गरेको पाइन्छ । आम्दानीको आधारमा खर्च विश्लेषण गर्दा सामाजिक क्षेत्रमा ५५.५५ प्रतिशत, आर्थिक क्षेत्रमा ३१.०८ प्रतिशत र शैक्षिक खर्चमा १३.३६ प्रतिशत खर्च गरेको पाइयो ।

### ४.५.२.सामुदायिक वनले आर्थिक क्षेत्रमा गरेको खर्च (Expenditure of Community Forest on Economy Sector)

यस डाँडागाउँ सामुदायिक वनले सामजिक क्षेत्रमा गरेको सेवा जस्तै गाउँको चौतर्फि विकासको लागि सामुदायिक वनसंग सम्बन्धित उपभोक्ताहरुको स्तर उन्नति, आर्थिक रुपले सक्षम र सबल बनाई आत्मनिर्भर बनाउने योजना बमोजिम उनीहरुलाई आर्थिक सहयोग गर्दै गरेको छ । वनमा मात्र आश्रीत हुँदा वन जंगलको बढ्दो विनासलाई रोकथाम गरी वैकल्पिक उर्जाको रुपमा उपयोग गर्ने उद्देश्य लिई स्थानीय उपभोक्ताहरुलाई गोबरग्याँस आयोजना निर्माण, गरिवी निवारण कार्यक्रम, सहुलियत काठदाउरा वितरण गरिएको पाइन्छ । जसलाई तलको तालिकाद्वारा प्रष्ट पार्न सकिन्छ ।

तालिका ४.१६

डाँडागाउँ सामुदायिक वनको आर्थिक क्षेत्रगत खर्च विवरण-२०७१/०७२

| क्र.सं. | कार्य विवरण | खर्च रकम (रु.मा) | प्रतिशत |
|---|---|---|---|
| १. | बाखा तथा कुखुरा पालन अनुदान | ५२०९० | १९.४३ |
| २ | सामूहिक खेती अनुदान | ४५४०० | १६.९३ |
| ३ | सीपमूलक तालिम | ५७८०० | २१.५६ |
| ४ | लघु उद्यम व्यवस्थापन | ९०००० | ३३.५७ |
| ५ | विविध अनुदान कार्यक्रम | २२७४० | ८.४८ |
| ६ | जम्मा | २६८०३० | १०० |

स्रोत : सामुदायिक वन उपभोक्ता समितिको प्रतिवेदन, २०७१

तालिका ४.१६ अनुसार यस सामुदायिक वनले उपभोक्ताको स्थानीय क्षेत्रमा, आर्थिक विकासमा अतुलनिय खर्च गरेको पाइन्छ । आर्थिक विकास अन्तर्गत क्रमशः हेर्दा बाखा तथा कुखुरा पालन अनुदान रु. ५२०९० अर्थात १९.४३ प्रतिशत खर्च गरिएको छ भने सामूहिक खेती अनुदानको लागि रु ४५४०० अर्थात १६.९३ प्रतिशत र सीपमूलक तालिमको लागि रु. ५७,८०० अर्थात २१.५६ प्रतिशत खर्च गरिएको छ । त्यसै गरी लघु उद्यम व्यवस्थापनको लागि रु. ९०००० अर्थात ३३.५७ प्रतिशत, साथै विविध अनुदान स्वरुप रु २२७४० अर्थात ८.४८ प्रतिशत गरी आर्थिक क्षेत्रमा जम्मा रु.२६८०३० लगानी गरेको देखिन्छ ।

### ४.५.३.सामुदायिक वनले शैक्षिक क्षेत्रमा गरेको खर्च (Expenditure of Community Forest on Educational Sector)

शिक्षा मानव विकासको लागि अपरिहार्य तत्व हो । शिक्षाको माध्यमबाट राष्ट्रिय किासको निमित्त शिक्षित, सक्षम र दक्ष जनशक्ति उत्पादन गर्न सकिन्छ । यसलाई समाजमा परिवर्तन ल्याउने प्रमुख साधनको रुपमा मान्न सकिन्छ भने यस्तो महत्वपूर्ण

शैक्षिक क्षेत्रमा वनबाट प्राप्त भएको वार्षिक आम्दानीलाई सामुदायिक वन समितिले आफ्नो कुल वार्षिक आम्दानीको केही हिस्सा विभिन्न स्थानीय विद्यालय भवन निर्माण, विद्यालयको फर्निचर निर्माण, निजी स्रोतको शिक्षकलाई पारिश्रमिकको लागि रु ४००० रकम सहयोग गर्दै आएको छ । जुन तलको तालिकामा देखाइएको छ ।

तालिका ४.१७

डाँडाँगाउँ सामुदायिक वनले विद्यालयलाई गरेको सहयोग-२०७१/०७२

| क्र.सं. | विद्यालयको नाम | सहयोग रकम रु | प्रतिशत | भौतिक सहयोग |
|---|---|---|---|---|
| १. | श्री शान्ति उदय उच्च मा.वि. | ६०,००० | ५२.०८ | ५ क्युफिट साल चिरान |
| २ | सरस्वती प्रा.वि. | ३७,००० | ३२.११ | ६७.३४ क्युफिट साल चिरान |
| ३ | सक्रिय प्रौढ शिक्षा | ९२०० | ७.९८ | - |
| ४ | सफल बाल विकास केन्द्र | ९००० | ७.८१ | - |
| | जम्मा | १,१५,२०० | १०० | १२४.३४ क्युफिट काठ |

स्रोत : डाँडागाउँ सामुदायिक वन समितिको प्रतिवेदन, २०७१

तालिका ४.१७ अनुसार स्थानीय शैक्षिक संस्थाहरुको स्तर वृद्धिका लागि रु १,१५,२०० आर्थिक तथा १२४.३४ क्युफिट काठ भौतिक सहयोग उपलब्ध गरेको देखिन्छ । श्री शान्ति उदय उच्च मा.वि. लाई आर्थिक रुपमा रु.६०,००० र ५७ क्युफिट काठ तथा भवन निर्माणमा श्रमदान गरी विद्यालयको शैक्षिक तथा भौतिक सुधारमा सहयोग गरेबाट सहजता महसुस भएको सम्बन्धित सरोकारवालाको रहेको छ । त्यसैगरी शिक्षामा लगानी गर्ने क्रममा श्री सरस्वती प्रा.वि.लाई रु ३७००० तथा ६७.३४ क्यु. फिट काठ उपलब्ध गराएको पाइन्छ । त्यसैगरी सक्रिय प्रौढ शिक्षालाई रु ९०००

सहयोग गरेको पाइन्छ । सफल बालविकास केन्द्रलाई रु. ९००० रकम आर्थिक सहयोग गरेको पाइन्छ जसले गर्दा यस क्षेत्रका बालबालिकाहरुलाई शिक्षा ग्रहण गर्नमा सहज भएको छ । विद्यालयहरुको शैक्षिक सुधारका साथै भौतिक पक्षमा पनि सुधार भएको पाइन्छ । भवन तथा फर्निचर निर्माणमा यस सामुदायिक वनले सहयोग गरेको छ । जसले विद्यार्थीहरुलाई बस्न, खेल्न, पढ्न, लेख्न तथा अतिरिक्त क्रियाकलाप संचालन गर्न सहज भएको पाइन्छ । यसरी विद्यालयलाई गरेको सहयोगबाट यहाँका स्थानीय बासिन्दाहरु एकदमै हर्षित भएको कुरा अध्ययनकर्तालाई बताउँछन् ।

### ४.६ सामुदायिक वनले विभिन्न क्षेत्रहरुमा गरेको सहयोग (Donation on Various Sector From Community Forest)

सामुदायिक वनले विभिन्न क्षेत्रमा सहयोग गरेको छ जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

#### ४.६.१ साँस्कृतिक क्षेत्रमा गरेको सहयोग (Donation on Cultural Activities)

यस सामुदायिक वनले स्थानीय उपभोक्ताको सांस्कृतिक धरोहरको रुपमा रहेको सांस्कृतिक सम्पदा अन्तर्गत मठमन्दिरहरुको निर्माण गर्ने शिलशिलामा सामुदायिक वनले मठमन्दिर निर्माण गर्ने कार्य गरेको छ । स्थानीय मठमन्दिरको संरक्षण, सम्वर्द्धन तथा विकासलाई ध्यानमा राखी विभिन्न धार्मिक संघ संस्थाहरुलाई यस सामुदायिक वनले आर्थिक तथा भौतिक सहयोग गरेको छ । जसलाई निम्नलिखित तालिकाद्वारा प्रष्ट पार्न सकिन्छ ।

तालिका ४.१८

डाँडागाउँ सामुदायिक वनले सांस्कृतिक क्षेत्रमा गरेको सहयोग -२०७१/०७२

| क्र.सं. | धार्मिक संस्था | आर्थिक सहयोग रु | भौतिक सहयोग |
|---|---|---|---|
| १ | सरस्वतीको मन्दिर निर्माण | ८००० | ४० क्युफिट |

| | | | |
|---|---|---|---|
| २ | देउरालीको मन्दिर | ५००० | ३० क्युफिट |
| ३ | ऊँ शान्ति | ५००० | १० क्युफिट |
| | जम्मा | १८,००० | ८० क्युफिट |

स्रोत :डाँडागाउँ सामुदायिक वन समितिको प्रतिवेदन, २०७१

तालिका ४.१८ अनुसार यस सामुदायिक वनले स्थानीय क्षेत्रको मठमन्दिर निर्माण, सम्वर्द्धन तथा विकासको लागि रु १८,००० आर्थिक सहयोगका साथै ८० क्युफिट काठ तथा भौतिक सहयोग गरेको छ । वनले भरतपोखरी ७ मा अवस्थित सरस्वतीको मन्दिर निर्मार्णका लागि रु ८,००० एवं ४० क्युफिट काठ सहयोग स्वरुप उपलब्ध गराएको देखिन्छ । त्यसैगरी देउरालीको मन्दिर निर्माणमा ५,००० क्युफिट काठ उपलब्ध गराएको देखिन्छ । साथै ऊँ शान्तिमा स्थलगत अध्ययनका क्रममा गरिएको छलफलमा सहभागी उपभोक्ताहरु तथा मठमन्दिर संगै सम्वद्ध व्यक्तिहरुको अनुसार वनको यो सहयोगले मठमन्दिरको दिनानुदिनको कार्य सम्पादनमा निकै महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यी र यस्ता अन्य धार्मिक संस्थाहरुले भविष्यमा पनि वनबाट यस्तो सहयोगको निरन्तर अपेक्षा गरेको पाइन्छ ।

### ४.६.२ स्वास्थ्य उपचारमा सहयोग (Facility of Health Services)

यस सामुदायिक वन उपभोक्ता समितिले सामाजिक सेवा समेतलाई ध्यानमा राखेर आर्थिक अभावका कारण स्वास्थ्य उपचार गर्न गराउन असक्षम उपभोक्तालाई केही स्वास्थ्योपचार खर्च प्रदान गर्ने कार्यक्रम अन्तर्गत सामुदायिक वन उपभोक्ता समितिमा नरहेका स्थानीय बासिन्दाहरु पनि लाभान्वित हुने गरेका छन् । जुन निम्नलिखित तालिकामा रहेको छ ।

तालिका ४. १९

डाँडागाउँ सामुदायिक वनद्वारा स्वास्थ्य उपचारमा सहयोग-२०७१/०७२

| आर्थिक वर्ष | विवरण | सहयोग रकम (रु.मा) |
|---|---|---|
| २०७१/०७२ | राम प्रसाद भुजेल | ४,००० |
| २०७१/०७२ | रेणु विश्वकर्मा | ३,००० |
| २०७१/०७२ | मैना नेपाली | ४,००० |
| २०७१/०७२ | शम्शेर घर्ती | ३,००० |
| २०७१/०७२ | काइला कामी | १,००० |
| २०७१/०७२ | माया भुजेल | ५,००० |
| २०७१/०७२ | कुमार सार्की | १,००० |
| | जम्मा | २०,००० |

स्रोत : सामुदायिक वनको प्रतिवेदन,२०७१/७२

माथिको तालिकामा हेर्दा, गरीव, निम्नस्तर, विपन्न वर्गलाई स्वास्थ्योपचार गर्नका लागि यस सामुदायिक वनले जम्मा रु २०,००० रुपैयाँ सहयोग गरेको पाइयो । सामुदायिक वनले उपभोक्ता समितिका सदस्यहरुका साथै स्थानीय बासी जनताहरुका जीवनस्तरमा योगदान गर्ने उद्देश्यका साथ वनले सुरु गरेको आर्थिक तथा सामाजिक विकासमा उल्लेखनीय योगदान नै उद्देश्य  गर्ने उद्देश्यका साथ वनले सुरु गरेको सामाजिक कार्यक्रमहरुमध्ये स्वास्थ्य उपचारमा गरेको खर्च महत्वपूर्ण रहेको पाईन्छ ।

### ४.६.३ गरिवी निवारण कार्यक्रम (Poverty Alleviation Programme)

सामुदायिक वन निर्देशिका, २०६५ ले निर्दिष्ट गरे बमोजिम सामुदायिक वनहरुले आय आर्जन गरेको आम्दानीको ३५ प्रतिशत रकम गरिवी न्यूनिकरण खर्च शीर्षक अन्तर्गत खर्च गर्नु पर्ने प्रावधान भए पनि यस सा.व. को आ.व. २०७१/०७२ मा यस शीर्षक अन्तर्गत रु २००९१० अर्थात कुल आम्दानीको २२.०२ प्रतिशत रकम विनियोजन गरेको छ । सामुहिक रुपमा पछि परेका र अनुत्पादित क्षेत्र र अति विपन्न

वर्ग समुदायका व्यक्तिगत चाहना र क्षमताको आधारमा लघु उद्यम, सिपमुलक तालिम, सामुहिक खेती प्रणाली, सामुहिक पशुपालन, सामुहिक कुखुरा पालन अनुदान र विपन्न वर्गको आय आर्जन हुने खालको विभिन्न कार्यक्रमहरु सञ्चालन गरेको छ । वन उपभोक्ता समितिका वर्तमान पदाधिकारीहरुका अनुसार यस समितिले गरिवी निवारण कार्यक्रमलाई स्थानीय उपभोक्ता तहमा अत्यन्तै महत्वका साथ लागु गरेको र लागु गरिरहने छ । यसका साथै उपभोक्तालाई विभिन्न प्रजातिका बोट बिरुवाहरु वार्षिक रुपमा निःशुल्क उपलब्ध गराउदै आएको पनि छ । गरिवी न्यूनिकरण कार्यक्रमलाई स्थानीय उपभोक्ता तहमा अत्यन्तै महत्वका साथ लागु गरेको छ । गरिवी न्यूनिकरण कार्यक्रमहरु ठोस रुपमा लक्षित वर्गसम्म पुग्न नसकेतापनि समग्रमा स्थानीय जनताले यस्ता कार्यक्रमबाट राहत पुगेको महसुस गरेका छन् भने आगामी दिनहरुमा ठोस रुपमा लक्षित वर्ग केन्द्रित भएर कार्यक्रम संञ्चालन गर्ने लक्ष्य यस सामुदायिक वनको रहेको पाइयो ।

### ४.६.४ गोबरग्याँस आयोजना (Biogas Project)

वातावरणको प्रदुषण न्युनिकरणमा सहयोग गर्दै स्थानीय उपभोक्ताहरुको उर्जा संकटमा सहयोग गरी सहज रुपमा उर्जा उपलब्ध गराउने उद्देश्यअनुरुप डाँडागाउँ सामुदायिक वन उपभोक्ता समितिले गोवरग्याँस आयोजन निर्माण कार्यक्रम संचालन गर्न थालेको छ । प्रतिवेदनमा उल्लेख भए अनुसार आर्थिक वर्ष २०७१/०७२ मा वन उपभोक्ता समितिका सदस्यहरुलाई आवश्यकताको पहिचान गरी प्राथमिकताको आधारमा रु २२७४० गोबरग्याँस आयोजना निर्माण अनुदान सहयोग गरेको छ । यो अनुदान कार्यक्रमलाई यही रुपमा भावी वर्षहरुमा पनि निरन्तरता दिँदै जाने योजना रहेको वनको उक्त प्रतिवेदनमा जनाएको छ ।

### ४.६.५ शौचालय निर्माण (Toilet Building)

वातावरण प्रदुषण न्युनिकरण गर्नको निम्ति व्यवस्थित सौचालय अपरिहार्य हुन्छ, त्यसैले गर्दा स्थानीय उपभोक्ताहरु जो व्यवस्थित सौचालय निर्माण गर्न सक्दैनन् त्यस्ता उपभोक्ताहरुलाई डाँडागाउँ सामुदायिक वन उपभोक्ता समितिले सौचालय निर्माण

कार्यक्रम संचालन गरेको छ । प्रतिवेदनमा उल्लेख भए अनुसार आर्थिक वर्ष २०७१/०७२ मा वन उपभोक्ता समितिका सदस्यहरुलाई आवश्यकताको पहिचान गरी प्राथमिकताको आधारमा रु.२२००० रकम सौचालय आयोजना निर्माण अनुदान सहयोग गरेको छ ।

### ४.६.६ सहुलियत दरमा काठ दाउरा (Discounted Rate of the Wood Distribution)

उपभोक्ताहरुको हितलाई मध्यनजर गरि समितिले सहुलियत दरमा काठदाउरा वितरणको कार्यक्रम पनि संचालन गरेको छ । यस अन्तर्गत प्रत्येक उपभोक्ताले हप्तामा एक दिन ठूलो हतियार बञ्चरो, खुकुरी, दाउ आदि प्रयोग नगरी संरक्षित वन क्षेत्रमा गएर दाउरा संकलन गर्न पाउने व्यवस्था गरिएको छ । यसरी उपलब्ध गराउने दाउराको मूल्यसूचि निम्नानुसार निर्धारण गरिएको छ ।

तालिका ४.२०

डाँडागाउँ सामुदायिक वनको सहुलियत दरमा दाउराको मूल्यसूची -२०७१/०७२

| दाउराको प्रकार | प्रति क्विन्टल |
|---|---|
| डोलो (जर्ना) | २०० |
| चिरान दाउरा | ३०० |
| बोक्रा | ३०० |

स्रोत : सामुदायिक वनको प्रतिवेदन २०७१/७२

उपभोक्ताहरुकै हितलाई मध्येनजर गरी समितिले स्थानको आधारमा उपभोक्ताहरुलाई क र ख वर्गमा विभाजित गरि सहुलियत मूल्यमा काठ पनि उपलब्ध गराउने गरेको छ । यसरी प्राप्त काठ नियम अनुसार उपभोक्ताहरुको निजी प्रयोजनका लागि भए तापनि यसलाई बाहिरी बजारमा बिक्रि वितरण गरेर उपभोक्ताहरुले आय आर्जन गर्ने गरेका पनि छन् । दाउराको सहुलियत दरलाई निम्नानुसार देखाइएको छ ।

तालिका ४.२१

डाँडाँगाउँ सामुदायिक वनको सहुलियत दरमा काठको मूल्य सूची-२०७१/०७२

| दाउराको प्रकार | प्रति क्विन्टल |
|---|---|
| साल | ७०० |
| कटुस | ५०० |
| चिलाउने | ५०० |
| अन्य | ३५० |

स्रोत : सामुदायिक वनको प्रतिवेदन २०७१/७२

यसरी सामुदायिक वन उपभोक्ता समितिले स्थानीय क्षेत्रको आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउँदै स्थानीय उपभोक्ताको जीवनस्तर र जीवनशैलीमा परिवर्तन गर्ने गराउने उद्देश्यले गरेको यस अभियानबाट हालसम्म स्थानीय क्षेत्र तथा उपभोक्ताहरुले छोटो समयमा नै धेरै प्रगति गरेको देखिन्छ ।

## ४.७ सामुदायिक वनको लगानीबाट बार्षिक उपलब्धि (Yearly Achievement of Community Forest By It's Investment)

यस सामुदायिक वनले स्थानीय विकासको लागि विभिन्न क्षेत्रमा लगानी गरेको देखिन्छ । आर्थिक तथा शैक्षिक क्षेत्रमा लगानी गरी स्थानीय विकासमा टेवा पुऱ्याएको पाइन्छ । यस सामुदायिक वनको लगानीबाट वनको संरक्षण, सम्वर्द्धन तथा विकासका कार्यक्रमहरु संचालन गरी विभिन्न उपलब्धिहरु प्राप्त भएको पाइन्छ । सामाजिक विकास अन्तर्गत बाटो तथा पुल निर्माण र मर्मत, बाँध निर्माण र मर्मत, मठमन्दिरलाई सहयोग, धानखेती, खानेपानी, स्वास्थ्य तथा खेलकुद सहयोग, विद्युत लाइन मर्मत विस्तार सहयोग, विविध अनुदान कार्यक्रम जस्ता महत्वपूर्ण कार्य गरेको छ । जसले उपभोक्ताको दैनिक जीवनमा सहजता ल्याएको छ । त्यसैगरी यस सामुदायिक वन समितिले आर्थिक क्षेत्रमा पनि लगानी गरेको कुरा उपभोक्ताहरु संगको कुराकानीबाट प्राप्त गरिएको  छ । आर्थिक विकास अन्तर्गत गरिबी निवारण कार्यक्रम, सहुलियत

काठदाउरा वितरण जस्ता कार्यहरु गरेको छ । शैक्षिक विकासका लागि गरेको कुरा उपभोक्ताहरुसंगको कुराकानी बाट प्राप्त गरिएको छ । शैक्षिक विकासका लागि गरेको योगदान पनि प्रसंशनीय रहेको छ । यस समितिले शिक्षाको विकासमा गरेको लगानी अर्न्तगत श्री शान्ति उदय उच्च मा.वि. लाई आर्थिक सहयोगका साथै भवन एवं फनिचर निर्माणमा काठ उपलब्ध गराएको छ भने सक्रिय प्रौढ शिक्षा र सफल बाल शिक्षा केन्द्रलाई आर्थिक सहयोग गरेको कुरा यस अध्ययनको क्रममा पाइएको छ ।

यस सामुदायिक वनले स्थानीय विकासमा उल्लेखनीय योगदान पुऱ्याएकोले स्थानीयको जीवनशैली सरल भएको कुरा स्थानीय उपभोक्ताहरु बताउँछन् । सामाजिक विकासका साथै स्थानीय उपभोक्ताहरु विभिन्न किसिमका उद्योग, कलकारखाना, व्यापार, कृषि, पशुपालन, कुखुरा पालन, बाख्रापालन जस्ता व्यवसायमा आवद्ध भएर त्यहाँको आर्थिक विकास पनि भएको देखिन्छ । त्यसैगरी आर्थिक किासका साथै शैक्षिक विकास पनि भएको पाईन्छ । आफ्नै गाउँमा प्रा.वि., नि.मा.वि. सम्मको शिक्षा हाँसिल गर्न त्यहाँको उपभोक्ताका छोराछोरीले पाइरहेका छन् । स्थानीय विकास संगसंगै त्यहाँको शैक्षिक गुणस्तरमा समेत वृद्धि भएको पाइन्छ । त्यसैगरी गरिव तथा पिन्न परिवारलाई विभिन्न सहुलियत सुविधा प्रदान गरी तिनीहरुको जीवनशैलीमा पनि परिवर्तन भएको पाइन्छ ।

यस सामुदायिक वनबाट स्थानीय उपभोक्ताहरुले प्राणवायु अक्सिजन, स्वच्छ हावा, घाँसदाउरा, कृषिका औजारहरु, काठ प्राप्त गरेकोले तिनीहरुको जीवनयापनमा सहजता महसुस भएको कुरा उपभोक्ताहरुले बताएका छन् ।

## ४.८ नमूना छनोटमा परेका उपभोक्ताहरुको अवस्था (Condition of Sampled Consumers)

नमूना छनोटमा परेका उपभोक्ताहरुको जनसाख्यिक अवस्था, आर्थिक अवस्था र शैक्षिक अवस्थालाई निम्नानुसार देखाइएको छ ।

## ४.८.१ नमूना छनोटमा परेका घरमूलीको जनसांख्यिकीय अवस्था (Demographical Condition of Sampled Household)

भरतपोखरी गा.वि.स. वडा नं. ७ मा अवस्थित यस सामुदायिक वन उपभोक्ता समिति भित्र २१५ घरधुरी मध्ये महिला ५५२ र पुरुष ६१० संख्या रहेको छ । यसरी उक्त समितिमा आवद्ध उपभोक्तालाई २५ वटा टोलिमा समावेश गरिएको छ । यसरी उक्त समितिमा आवद्ध उपभोक्तालाई नमूनाको रुपमा छनौट गरिएको छ ।

) **उमेरगत संरचना (Agewise Structure)**

नमूना छनौटमा परेका १०० घरधुरीका जम्मा उपभोक्ता संख्या ४२८ जना रहेका छन् । उमेरगत हिसाबले हेर्दा सक्रिय जनसंख्या तुलनात्मक रुपमा अलिबढी जस्तो देखिन्छ । यस वन समितिका उपभोक्ताहरु विविध समूहका रहेका छन् । नमूना छनौटमा परेका उपभोक्ताहरुको उमेर समूहलाई निम्नानुसार विभाजन गरिएको छ ।

तालिका ४.२२

नमूना छनौटमा परेका उपभोक्ताको उमेर समूह-२०७२

| क्र.सं. | उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २०-२९ | १२ | १२ |
| २ | ३०-३९ | ३५ | ३५ |
| ३ | ४०-४९ | ३९ | ३९ |
| ४ | ५०-५९ | ११ | ११ |
| ५ | ६० वर्ष भन्दा माथि | ३ | ३ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.२२ अनुसार यस सामुदायिक वन समितिमा आवद्ध २१५ घरधुरी मध्ये १०० घरधुरी नमूना छनौटमा परेका छन् । ति घरधुरी मध्ये नमुना छनौटमा परेका उपभोक्ताहरुको उमेरगत संरचना हेर्दा २०-५९ वर्षसम्मका ९७ जना

उपभोक्ता र ६० वर्षभन्दा माथि ३ जना उपभोक्ता रहेका छन् । सबैभन्दा बढी ४०-५० वर्ष उमेर समूहका उपभोक्ताहरु रहेका छन् ।

) **पेशागत संरचना (Occupation Structure)**

यस सामुदायिक वन समितिमा आवद्ध जनसंख्या मध्ये नमूना छनौटमा परेका उपभोक्ताहरुको पेशागत विवरणलाई निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४.२३

नमूना छनौटमा परेका उपभोक्ताहरुको पेशागत विवरण-२०७२

| क्र.सं. | मुख्य पेशागत संरचना | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ५२ | ५२ |
| २. | श्रमिक | १५ | १५ |
| ३. | वैदेशिक रोजगार | २० | २० |
| ४ | सेवा | ८ | ८ |
| ५ | व्यापार | ५ | ५ |
| | जम्मा | १०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.२३ अनुसार यस सामुदायिक वन उपभोक्ता समितिमध्ये नमूना छनौटमा परेका १०० जना मध्ये सवैभन्दा बढी जनसंख्या कृषि पेशामा संलग्न रहेको देखिन्छ । व्यापारमा सबैभन्दा कम संलग्न रहेको देखिन्छ । माथिको उल्लेखित तालिकामा कृषिमा ५२ प्रतिशत, श्रमिकमा १५ प्रतिशत, वैदेशिक रोजगारमा २० प्रतिशत, सेवामा ८ प्रतिशत, जनसंख्या संलग्न रहेको पाईन्छ ।

) **धर्म संरचना (Structure of Religion)**

यस सामुदायिक वनमा आवद्ध २१५ घरधुरीमध्ये नमूना छनौटमा परेका १०० जना उपभोक्ताहरु कुन-कुन धर्मप्रति आस्था राख्दछन् भन्ने विषयमा अध्ययन गर्दा पाइएको तथ्यांक लाई निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४.२४

नमूना छनौटमा परेका उपभोक्ताहरुको धार्मिक अवस्था-२०७२

| क्र.सं. | धर्म विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | ८४ | ८४ |
| २ | बौद्ध | १३ | १३ |
| ३ | इसाइ | ३ | ३ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.२४ अनुसार नमूना छनौटमा परेका उपभोक्ताहरु मध्ये सबैभन्दा बढी उपभोक्ता ८४ जना हिन्दू धर्मप्रति आस्था राख्दछन् । त्यसैगरी १३ जना बौद्ध मान्दछन् र त्यसैगरी ३ जना उपभोक्ताहरुले क्रिश्चियन धर्म मान्ने गरेको पाईन्छ ।

) **लिङ्गको आधारमा जनसंख्या (Population on the Basis of Gender)**

जनसंख्या बनोटको मुख्य आधार लिङ्गलाई पनि लिन सकिन्छ । जसबाट अध्ययन क्षेत्रमा रहेको कुल जनसंख्या मध्ये नमूना छनोटमा परेका जनसंख्यामा कति जना महिला ? कति जना पुरुष छन् ? त्यसको वारेमा अध्ययन गर्न लिङ्गलाई आधार मानेको छ जसलाई निम्न तालिकामा देखाउन सकिन्छ ।

तालिका ४.२५

नमूना छनौटमा परेका उपभोक्ताहरुको लैङ्गिक अवस्था-२०७२

| क्र.सं. | लिङ्ग | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष | ७२ | ७२ |
| २ | महिला | २८ | २८ |
| | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.२५ अनुसार नमूना छनोटमा परेका उपभोक्ताहरुलाई लिङ्गको आधारमा जनसंख्याको वनोटलाई देखाईएको छ । उक्त तालिकामा नमूना छनोटमा परेका कुल १०० उपभोक्ताहरु मध्ये ७२ जना पुरुष र २८ जना महिला रहेका छन् । यस सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा विकासको लागि महिला पुरुष दुवै आवद्ध रहे पनि पुरुषको तुलनामा महिलाको संख्या न्यून रहेको पाइयो ।

### ४.८.२ नमूना छनोटमा परेका घरपरिवारको जनसांख्यीकीय अवस्था (Demographical Condition of Sampled Household Family)

नमूना छनौटमा परेका १०० उपभोक्ताको घरपरिवार सदस्य संख्या ४२८ जना रहेको पाइयो । तिनीहरुको उमेरगत संरचनालाई निम्नानुसार तालिकामा प्रष्ट पारिएको छ ।

तालिका ४.२६

नमूना छनोटमा परेका घरपरिवारको उमेर समुह-२०७२

| क.सं. | उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जन्मदेखि १० वर्ष | ७९ | १८.४५ |
| २ | ११-२० | ९८ | २२.८९ |
| ३. | २१-३० | ८७ | २०.३२ |
| ४ | ३१-४० | ४९ | ११.४४ |
| ५ | ४१-५० | ४२ | ९.८१ |
| ६ | ५१-६० | ४५ | १०.५१ |
| ७ | ६० वर्ष भन्दा माथि | २८ | ६.५४ |
|  | जम्मा | ४२८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.२६ अनुसार नमूना छनोट घरपरिवारको उमेरगत संरचना उल्लेख गरिएको छ । उक्त उमेरगत संरचनालाई हेर्दा जन्मदेखि १० वर्षसम्मका ७९ जना,

देखि ११-२० वर्षसम्मका ९८, ३१ –४० सम्मका ४९ जना, ४१ देखि ५० सम्मका ४२ जना, ५१ देखि ६० वर्षसम्मका ४५ जना र ६० वर्षभन्दा माथिका २८ अर्थात ६.५४ प्रतिशत रहेका छन् ।

) **पेशागत संरचना (Occupational Structure)**

यस सामुदायिक वन समितिमा आवद्ध जनसंख्यामध्ये नमूना छनोटमा परेका १०० घरपरिवारमा बालबालिकाहरु (जन्मेदेखि १५ वर्ष सम्मका) ११९ जना रहेका छन् । तिनीहरुलाई यस अध्ययनमा विश्लेषण गरिएको छैन । व्यक्तिहरु विभिन्न पेशामा संलग्न रहेको पाइन्छ जसलाई निम्नानुसार देखाईएको छ ।

तालिका ४.२७

नमूना छनोटमा परेका १५ वर्ष भन्दा माथिका उपभोक्ता परिवारको पेशागत विवरण-२०७२

| क्र.सं. | पेशागत संरचना | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | १२९ | ४१.७४ |
| २ | श्रमिक | ६१ | १९.७४ |
| ३ | वैदेशिक रोजगार | ५० | १६.१८ |
| ४ | सेवा | ३१ | १०.०३ |
| ५ | व्यापार | १९ | ६.१४ |
| | जम्मा | ३०९ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

माथिको तालिका ४.२७ अनुसार नमूना छनौटमा परेका १०० घरपरिवारका ४२८ जनामध्ये ११९ जना बालबालिका रहेकाले तिनीहरुको यस अध्ययनमा विश्लेषण गरिएको छैन । अन्य ३०९ जना विभिन्न पेशामा संलग्न रहेका छन् । उक्त तालिकामा कृषिमा १२९ अर्थात ४१.७४ प्रतिशत, श्रमिक ६१ जना अर्थात १९.७४ प्रतिशत, वैदेशिक रोजगारमा ५० जना अर्थात १६.१८ , सेवा ३१ जना

अर्थात १०.०३ प्रतिशत र व्यापारमा १९ जना अर्थात ६.१४ प्रतिशत संलग्न रहेको पाइयो ।

) **धार्मिक अवस्था (Religionwise Population)**

यस अध्ययनमा नमूना छनौटमा परेका घरपरिवारका जनसंख्या मध्ये कतिले कुन-कुन धर्म मान्दै आएका छन् भन्ने सन्दर्भमा धर्मगत संरचनालाई निम्नानुसार उल्लेख गरिएको छ ।

तालिका ४.२८

नमूना छनौटमा परेका उपभोक्ताहरुको परिवारको धार्मिक विवरण-२०७२

| क्र.सं. | धर्म विवरण | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दू | ३८० | ८८.७८ |
| २ | बौद्ध | ३७ | ८.६४ |
| ३ | इसाइ | ११ | २.५७ |
| | जम्मा | ४२८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.२८ अनुसार नमूना छनौटमा परेका घरपरिवारका जनसंख्याको धर्मगत विवरणलाई देखाइएको छ । उक्त तालिकामा हिन्दू धर्म मान्ने ३८० जना अर्थात ८८.७८ प्रतिशत, बौद्ध धर्म मान्ने ३७ जना अर्थात ८.६४ प्रतिशत र इसाइ धर्म मान्ने ११ जना अर्थात २.५७ प्रतिशत रहेका छन् । माथिको तालिकालाई हेर्दा सबैभन्दा बढी घरपरिवारका सदस्यले हिन्दू धर्म मान्ने गरेको पाइयो ।

) **लिङ्गको आधारमा जनसंख्या (Genderwise Population)**

जनसंख्या बनोटको मुख्य आधार लिङ्गलाई लिन सकिन्छ । यस अध्ययनमा नमूना छनोटमा परेका १०० घरपरिवारका ४२८ जनामध्ये कति महिला कति पुरुष छन् ? भन्ने वारेमा निम्नलिखित तालिकामा प्रष्ट पारिएको छ ।

तालिका ४.२९

नमूना छनोटमा परेका उपभोक्ताहरुको परिवारको लैङ्गिक विवरण-२०७२

| क्र.सं. | लिङ्ग | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष | २३१ | ५३.९७ |
| २ | महिला | १९७ | ४६.०२ |
| | जम्मा | ४२८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.२९ अनुसार नमूना छनोटमा परेका घरपरिवारको कूल जनसंख्यालाई लिङ्गको आधारमा देखाइएको छ । उक्त तालिकामा पुरुष २३१ अर्थात ५३.९७ प्रतिशत र महिला १९७ अर्थात ४६.०२ प्रतिशत रहेको पाइएको छ  जहाँ महिला भन्दा पुरुषको जनसंख्या उच्च रहेको पाइएको छ ।

### ४.८.३ उपभोक्ताको आर्थिक अवस्था (Economic Condition of Consumer)

सामुदायिक वनको उपभोक्ताको आर्थिक अवस्था निम्नानुसार रहेको छ ।

**उपभोक्ताको तहगत वार्षिक आम्दानी (Levelwise Yearly Income of Consumer)**

डाँडागाउँ सामुदायिक वनमा आवद्ध रहेका कूल उपभोक्ताहरुमध्ये नमूना छनौटमा परेका उपभोक्ताहरुको एक वर्ष भरीको काम गरे वापत पाउने आम्दानीलाई उपभोक्ताहरुको वार्षिक आम्दानी भनिन्छ । यस अध्ययन क्षेत्रभित्र नमूना छनौटमा परेका १०० जना उपभोक्ताहरुको वार्षिक आम्दानीलाई तहगत रुपमा निम्नलिखित तालिकामा प्रष्ट पारिएको छ ।

तालिका ४.३०

नमूना छनौटमा परेका उपभोक्ताहरुको तहगत वार्षिक आम्दानी-२०७१/०७२

| क्र.सं. | वार्षिक आम्दानी (रु.) | उपभोक्ता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २००००० -२५०००० | ४१ | ४१ |
| २ | २५०००० -३००००० | ३२ | ३२ |
| ३ | ३००००० -३५०००० | २० | २० |
| ४ | ३५०००० भन्दा माथि | ७ | ७ |
| ५ | | १०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

तालिका ४.३० बाट के देखिन्छ भने छनौटमा परेका १०० जना उपभोक्ताहरुको आर्थिक वर्ष २०७१/२०७२ को वार्षिक आम्दानी रु. २ लाख देखी २ लाख ५० हजार सम्म हुने उपभोक्ता संख्या ४१ जना अर्थात ४१ प्रतिशत हुन आउँछ । त्यसैगरी रु. २ लाख ५० हजार भन्दा माथि ३ लाख वार्षिक आम्दानी हुने उपभोक्ताको संख्या जम्मा ३२ जना रहेका छन् । ३ लाख ५० हजार भन्दा माथि वार्षिक आम्दानी हुने उपभोक्ताको संख्या जम्मा ७ जना रहेका छन् । जुन ७ प्रतिशत हुन आउँछ । यसरी न्युन आम्दानी हुने उपभोक्ताहरुको संख्या वढी र उच्च आम्दानी हुने उपभोक्ताहरुको संख्या कम रहेको पाइयो । आम्दानीको स्रोतहरुमा सेवा, वैदेशिक रोजगार, व्यापार आदिले आम्दानी्मा वृद्धि भएको कुरा यस अध्ययनबाट पाइएको छ ।

) **स्रोतको आधारमा वार्षिक आम्दानी (Sourcewise Average Income of Consumers')**

तालिका ४.३१

नमूना छनौटमा परेका उपभोक्ताहरुको स्रोतगत वार्षिक आम्दानी-२०७१/०७२

| क्र.सं. | विवरण | कुल आम्दानी | प्रतिशत | औसत आम्दानी (रु) | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कृषि | ३,३५,००० | ३०.४५ | २,७९१.६६ | ३०.४५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | श्रमिक | ९५,००० | ८.६३ | ७९१.६६ | ८.६३ |
| ३ | वैदेशिक रोजगार | ३,९५,००० | ३५.९० | ३,२९१.६६ | ३५.९० |
| ४ | जागिर | १,४५,००० | १३.१८ | १०८३.३३ | ११.८१ |
| ५ | व्यापार | १,४५,००० | १३.१८ | १,२०८.३३ | १३.१८ |
| ६ | जम्मा | ११,००,००० | १०० | ९१६६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

तालिका ४.३१ अनुसार डाँडागाउँ सामुदायिक वन उपभोक्ता समितिमा आवद्ध उपभोक्ताहरु मध्ये नमूना छनौटमा परेका उपभोक्ताहरुको आर्थिक वर्ष २०७१/०७२ मा आम्दानीका स्रोतहरु अन्तर्गत कृषिबाट रु.३ लाख ३५ हजार अर्थात ३०.४५ प्रतिशत, व्यापारबाट रु.१ लाख ४५ हजार अर्थात १३.१८ प्रतिशत, श्रमिक बाट रु. ९५ हजार अर्थात .६३ प्रतिशत, वैदेशिक रोजगारबाट रु ३ लाख ९५ हजार अर्थात ३५.९०, जागिरबाट रु १ लाख ४५ हजार अर्थात ११.१ प्रतिशत गरी जम्मा रु ११ लाख आम्दानी गरेको पाइन्छ ।

**उपभोक्ताको तहगत खर्च (Levelwise Expenditure of Consumer)**

कुनै पनि घरपरिवार संचालनका लागि विभिन्न खर्चको आवश्यकता पर्छ । यस अध्ययनको लागि समावेश भएका उपभोक्ताहरुको आयस्तर फरक भएकोले गर्दा खर्चको प्रकार पनि अलग अलग रहेको छ । जसमा यस सामुदायिक वनमा आवद्ध उपभोक्ताहरुको तहगत खर्चलाई तलको तालिकामा देखाइएको छ ।

तालिका ४.३२

नमूना छनौटमा परेका उपभोक्ताहरुको तहगत वार्षिक खर्च-२०७१/०७२

| क.सं. | वार्षिक खर्च विवरण (रु.मा) | उपभोक्ता संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १०००००-१,५०,००० | ४४ | ४४ |
| २ | १५०,०००-२,५०,००० | ३० | ३० |
| ३ | २,०,०००-२,५०,००० | १८ | १८ |

| | | | |
|---|---|---|---|
| ४ | २,५०,००० भन्दा माथि | ८ | ८ |
| | | १०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.३२ बाट के देखिन्छ भने छनौटमा परेका १०० जना उपभोक्ताहरुको आर्थिक वर्ष २०७१/२०७२ को वार्षिक खर्च रु १ लाख देखी ५० हजार सम्म खर्च गर्ने ४४ जना, वार्षिक खर्च २ लाख देखि २ लाख ५० हजार सम्म खर्च गर्ने उपभोक्ता १८ जना देखिन्छ भने रु २ लाख ५० हजार भन्दा माथि वार्षिक खर्च गर्ने उपभोक्ताको संख्या ८ जना जुन न्यून मात्रामा रहेको देखिन्छ ।

) **क्षेत्रगत वार्षिक खर्च (Sectorwise Expenditure of Consumers)**

तालिका ४.३३

नमूना छनौटमा परेका उपभोक्ताहरुको क्षेत्रगत वार्षिक खर्च-२०७१/०७२

| क्र.सां | विवरण | खर्च (रु.) | प्रतिशत | औसत | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | उपभोग खर्च | १,९६,००० | २८ | १९६० | २८ |
| २ | शिक्षा | १,४७,००० | २१ | १४७० | २१ |
| ३ | विरामी खर्च | १,०८,५०० | १५.५ | १०८५ | १५.५ |
| ४ | चाडपर्व खर्च | १,१९,००० | १७ | ११९० | १७ |
| ५ | मनोरञ्जन | ८०,५०० | ११.५ | ८०५ | ११.५ |
| ६ | अन्य | ४९,००० | ७ | ४९० | ७ |
| ७ | जम्मा | ७,००,००० | १०० | ७००० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.३३ अनुसार डाँडागाउँ सामुदायिक वनमा आवद्ध उपभोक्तहरुमध्ये नमूना छनौटमा परेका उपभोक्ताहरुको आर्थिक वर्ष २०७१/०७२ मा वार्षिक खर्च जम्मा रु. ७ लाख र औषत वार्षिक प्रति व्यक्ति रु ७००० रहेको पाइन्छ भने

खर्चको क्षेत्रलाई क्रमशः हेर्दा उपभोगमा रु.१ लाख ९६ हजार अर्थात २८ प्रतिशत रहेको पाइन्छ ।

**उपभोक्ताको बचत (Saving of Consumer)**

वार्षिक खर्च घटाएर वाँकी रकम बचतको रुपमा तलको तालिकामा देखाइएको छ ।

तालिका ४.३४

नमूना छनौटमा परेका उपभोक्ताहरुको क्षेत्रगत वचत विवरण-२०७१/०७२

| वार्षिक आम्दानी (रु.मा) | वार्षिक खर्च (रु.मा) | वार्षिक बचत (रु.मा) |
| --- | --- | --- |
| ११,००,००० | ७,००,००० | ४,००,००० |

स्रोत : स्थलगत सर्वेक्षण,२०७२ ।

तालिका ४.३४ अनुसार नमूना छनौटमा परेका उपभोक्ताहरुको आर्थिक वर्ष २०७१/०७२ को वार्षिक आम्दानी रु. ११ लाख रहेको छ भने वार्षिक खर्च रु.७ लाख रहेको छ । त्यसैगरी वार्षिक बचत रु. ४ लाख रहेको छ । यस बचतद्धारा उनीहरुले आफ्नो भावी जीवनलाई गुणस्तरीय बनाउनका लागि केही रकम बैंकमा राखेको देखिन्छ । नमूना छनोटमा परेका २१५ घरधुरीको औसत वार्षिक आम्दानी रु ५११६.२७ रहेको छ ।

**४.८.४ उपभोक्ताको शैक्षिक अवस्था (Educational Condition of Consumer)**

अध्ययनको क्रममा परेका सामुदायिक वनसंग सम्बन्धीत उपभोक्ताहरुको वर्तमान शैक्षिक अवस्थालाई साक्षर र निरक्षर गरी अध्ययन गरिएको छ । अध्ययन सर्वेक्षण गर्दा नमूना छनौटमा परेका १०० घरधुरीका ४२८ जना उपभोक्ताहरु अर्न्तगत ५ वर्षमुनिका बालबालिकाहरु पनि पर्दछन् । ५ वर्षमुनिका ४६ जना बालबालिकाहरु रहेका छन् । तिनीहरुको बारेमा यस अध्ययनमा विश्लेषण गरिएको छैन किनकी हाम्रो देशको परिवेशमा औपचारिक शिक्षा ५ वर्ष पुरा भएपछि

मात्र सुरु हुन्छ । त्यसैले यस अध्ययनमा ५ वर्षमाथिका ३८२ जनाको शैक्षिक अवस्थालाई निम्नतालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४.३५

नमूना छनौटमा परेका उपभोक्ताको परिवारिक शैक्षिक अवस्था-२०७२

| तह | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| निरक्षर | १५ | ७.८९ | ९ | ४.६८ | २४ | ६.२८ |
| साक्षर | १७५ | ९२.१० | १८३ | ९५.३ | ३५८ | ९३.७१ |
| जम्मा | १९० | १०० | १९२ | १०० | ३८२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.३५ मा हेर्दा निरक्षर जनसंख्या जम्मा २४ जना अर्थात ६.२८ प्रतिशत रहेको छ । जहाँ निरक्षर पुरुषको संख्या ९ अर्थात ४.६८ प्रतिशत रहेको छ भने निरक्षर महिलाको संख्या १५ अर्थात ७.८९ प्रतिशत रहेको छ । त्यसैगरी जम्मा साक्षर जनसंख्या ३५८ जना अर्थात ९३.७१ रहेको छ जहाँ साक्षर पुरुषको जनसंख्या १८३ अर्थात ९५.३ र साक्षर महिलाको संख्या १७५ अर्थात ९२.१० प्रतिशत रहेको छ ।

) **उपभोक्ताको पारिवारीक शैक्षिक अवस्था (Family Educational Condition of Consumer)**

शिक्षा विकासको आधार हो । शिक्षाले मानिसलाई असल नागरिक बनाएर जीवनयापन गर्न सिकाउनुका साथै मानिसलाई सर्वपक्षको विकास गर्न सहयोग गर्दछ । शिक्षा विना सभ्य र समुन्नत समाजको परिकल्पना गर्न सकिदैन । यस सामुदायिक वन समितिको अध्ययनको क्रममा नमूना छनौटमा परेका १०० घरधुरीका ४२८ जना सदस्यहरुको शैक्षिक अवस्था हेर्दा ५ वर्षमुनिका बालबालिका पनि रहेका छन् । हाम्रो देशको परिवेशमा औपचारिक शिक्षा ५ वर्ष पुरा भएपछि मात्र सुरु हुने भएकोले यस अध्ययनमा ५ वर्ष मुनिका ४६ जना बालबालिकाहरुलाई

यस अध्ययनमा समावेश गरिएको छैन । त्यसैले उपभोक्ताहरुको पारिवारिक शैक्षिक अवस्थालाई निम्नलिखित तालिकामा देखाइएको छ ।

तालिका ४.३६

नमूना छनौटमा परेका उपभोक्ताहरुको पारिवारिक तहगत शैक्षिक अवस्था - २०७२

| शैक्षिक तह | संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | ३७ | ९.६८ |
| साक्षर | २२९ | ५९.९ |
| एस.एल.सी | ६८ | १७.८० |
| प्रमाण पत्र | ३० | ७.८५ |
| स्नातक | १३ | ३.४० |
| स्नातकोत्तर | ३ | ०.७८ |
| जम्मा | ३८२ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका ४.३६ अनुसार यस सामुदायिक वन उपभोक्ता समूहबाट नमूना छनौटमा परेका १०० घरधुरीका ४२८ जनामध्ये ५ वर्ष माथिका व्यक्तिहरु ३८२ मध्ये निरक्षरको संख्या ३७ जना अर्थात् ९.६८ प्रतिशत रहेको थियो । बाँकी २२९ जना अर्थात् ५९.९ प्रतिशत साक्षर रहेका छन् भने एस.एल.सी उत्तीर्ण गर्नेको संख्या ६८ अर्थात १७.८० जना, प्रमाणपत्र तह उर्तिण गर्नेको संख्या ३० जना अर्थात ७.८५ प्रतिशत, स्नातक तह उर्तिण गर्नेको संख्या १३ जना अर्थात ३.४० प्रतिशत स्नातकोत्तर तह उर्तिण गर्नेको संख्या ३ जना अर्थात ०.७८ प्रतिशत रहेको छ ।

### ) नमूना छनौटमा परेका घरमुलीको शैक्षिक अवस्था (Education Status of Sampling Population)

यस सामुदायिक वन उपभोक्ता समिति अन्तर्गत वडा नं. ७ मा रहेका जम्मा २१५ घरधुरीमध्ये नमूना छनोटमा परेका १०० जना उपभोक्ताहरुको तहगत शैक्षिक अवस्थालाई तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

तालिका ४.३७

नमूना छनौट घरमुलीहरुको शैक्षिक अवस्था -२०७२

| क्र.सं. | शैक्षिक अवस्था | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रा.वि. | ४१ | ४१ |
| २ | नि.मा.वि. | ३८ | ३८ |
| ३ | मा.वि. | १३ | १३ |
| ४ | उच्च. मा.वि. | ८ | ८ |
| जम्मा | | १०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

तालिका ४.३७ बाट के प्रष्ट पार्न सकिन्छ भने नमूना छनोटमा परेका जनसंख्याको शैक्षिक अवस्थालाई प्रतिशतमा हेर्दा प्रा.वि. तहसम्म अध्ययन गर्ने जनसंख्या ४१ प्रतिशत रहेको पाइन्छ भने नि.मा.वि. तहसम्मको अध्ययन गर्ने जनसंख्या ३८ प्रतिशत छ भने मा.वि. तहमा १३ प्रतिशत जनसंख्या रहेको पाइन्छ । त्यस्तै गरी उच्च मा.वि. को शिक्षा हाँसिल गर्ने जनसंख्या ८ प्रतिशत रहेको पाइन्छ ।

## ४.९ सामुदायिक वन उपभोक्ता समितिका समस्याहरु (Problems of Community Forest Consumers)

सामुदायिक वनसँग सम्बन्धित उपभोक्ताहरुले वनक्षेत्रबाट प्रत्यक्ष रुपमा घाँस, स्याउला, दाउरा, हावापानी, प्राप्त गर्दै आएपनि वनबाट केही मात्रामा उपभोक्ताहरुलाई समस्या पनि परेको दे्खिन्छ । नमूना छनोटमा परेका उपभोक्ताहरुले पाएका विभिन्न समस्याहरु जुन निम्नलिखित रहेका छन् ।

### १) वनसमितिको उद्देश्य स्पष्ट नहुनुः

उपभोक्ता समितिले वनबाट प्राप्त आम्दानीलाई कहाँ र कसरी लगानी गर्ने उद्देश्य किटानी नगरी आम्दानीलाई जथाभावी खर्च गर्दा वन उपभोक्ताहरुमा विभिन्न आरोप लगाउने गरेको पाइन्छ भने अर्को तर्फ लगानीको उचित प्रतिफल लिन सकिरहेको छैन ।

### २) कर्मचारी व्यवस्थापनमा समस्याः

सामुदायिक वनमा आबद्ध उपभोक्ताहरु मध्ये चौकीदार, व्यवस्थापन समिति चयन गर्दा राजनीतिक भागबण्डा हुँदा कर्मचारी व्यवस्थापन गर्न नसकेको अवस्थामा तस्करीले काठ निकासामा बढवा गरेको पाइन्छ ।

**३) सरकारको वन सम्बन्धि नीति नहुनुः**

सरकारको वन सम्बन्धि ठोस नीति ल्याउन नसक्दा वन विभिन्न क्षेत्रमा विभाजन भई वनको क्षेत्रफल घट्दै गएको देखिन्छ । जसले गर्दा उपभोक्ताहरुलाई वनले हानी पुयाएको पाइन्छ ।

४) **चोरी निकासीः** स्थानीय उपभोक्ताहरुले आफ्नो दैनिक जीवन निर्वाह गर्नको लागि रातीमा काठ काटी अन्त लगेर बेच्ने प्रचलन तिब्र रहेको छ भने त्यसप्रति सरकारी नीति नियम फितलो हुँदा स्थानीय बासिन्दालाई वन जोगाउन अप्ठ्यारो परेको छ ।

**५) आगलागीः** वनमा आवद्ध उपभोक्ताहरुले क्षणिक स्वार्थले वनमा आगो लगाउदा जडिबुटी, विरुवाहरु, किरा, फटयाङग्राहरुको बिनास भई ठूलो जनधनको क्षति भएको पाइन्छ । जुन अज्ञानताको कारण मान्न सकिन्छ ।

६) गरीबी न्यूनिकरण कार्यक्रम संञ्चालन गर्दा लक्षित वर्गसम्म पुग्न नसकेको गुनासो उपभोक्तामा पाइयो ।

## ४.१० सारांश (Summary)

यस डाँडागाउँ सामुदायिक वनले स्थानीय उपभोक्ताको आर्थिक तथा शैक्षिक विकासमा पुऱ्याएको योगदान भरतपोखरी गा.वि.स. कास्की एक अध्ययन शीर्षकको यो शोधपत्रमा डाँडागाउँ सामुदायिक वनका आम्दानीका स्रोतहरु पत्ता लगाउनु, सामुदायिक वनले स्थानीय विकासमा पुऱ्याएको योगदान पत्ता लगाउनु र सामुदायिक वनले स्थानीय उपभोक्ताको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउने उद्देश्यका साथ यो अध्ययन सम्पन्न गरियो । उपर्युक्त उद्देश्यहरु पूरा गर्न वर्णनात्मक तथा विश्लेषणात्मक पद्धति अपनाएको छ । जसका लागि तालिका तथा रेखाचित्र आदिको प्रयोग गरी प्राथमिक र द्वितीय तथ्यांकद्वारा तथ्यांकहरुको विश्लेषण गरिएको छ । तथ्यांक विश्लेषणको लागि तालिका तथा प्रतिशत जस्ता साधनहरुको प्रयोग गरिएको छ । प्राथमिक तथ्यांक संकलन गर्नका लागि प्रश्नावलीहरु, वनको कार्यसमिति, उपभोक्ताहरु, शिक्षक, अभिभावक र संलग्न व्यक्तिहरुलाई सोधिएको प्रश्नावलीद्वारा तथ्यांक संकलन गरिएको छ ।

यहाँ प्राथमिक तथ्यांकलाई मुख्य स्रोत बनाइएको थियो भने द्वितिय तथ्यांक संकलन गर्ने क्रममा विभिन्न बाह्य स्रोतहरु गा.वि.स. कार्यालय भरतपोखरी सामुदायिक वनको वार्षिक प्रतिवेदन प्रकाशित तथा अप्रकाशित तथ्यांकहरुको सहयोग लिइएको थियो ।

यसरी प्राप्त तथ्यांकको विश्लेषण र प्रस्तुतीकरण गर्नका लागि सामुदायिक वनको वार्षिक आम्दानी, खर्च र बचत तथा वनको वर्तमान अवस्था, उपभोक्ताहरुको बार्षिक आम्दानी खर्च, र बचत तथा सामुदायिक वनको आर्थिक तथा शैक्षिक अवस्थाको बारेमा अध्ययन गरिएको छ । यस अध्ययनका उद्देश्यहरु पुरा गर्न प्रत्येक उद्देश्यका बारेमा छुट्टाछुट्टै रुपमा तथ्यांकहरु प्रस्तुत गरी विभिन्न तालिका, रेखाचित्रको माध्यमबाट तथ्यांकको विश्लेषण गरिएको छ । जुन विश्लेषणले छनौटमा परेका उपभोक्ताहरुको आर्थिक तथा शैक्षिक अवस्थालाई अध्ययन गरिएको छ ।

- डाँडागाउँ सामुदायिक वन भरतपोखरी गा.वि.स. वडा नं. ७ मा अवस्थित रहेको छ । यस सामुदायिक वनमा जम्मा २१५ घरधुरी रहेका छन् ।
- यस आर्थिक बर्ष २०७१/७२ मा कुल आम्दानी रु. ९,१२,३४९.७५ र कुल खर्च रु. ८,६२,२३० र कुल बचत रु. ५०,११९.७५ रहेको पाइयो ।
- यस वनले आम्दानीको विभिन्न स्रोतबाट प्राप्त रकमलाई प्रतिशतमा क्रमशः राखिएको छ । काठ बिक्रिबाट २१.९४ प्रतिशत, वेर्ना बिक्रिबाट २.९ प्रतिशत, निवेदन दस्तुरबाट ००.५६ प्रतिशत, जरिवानाबाट ०.१७ प्रतिशत, काठको रोयल्टीबाट ७.७९ प्रतिशत, बैक व्याज बाट ०.७२ प्रतिशत आम्दानी गरेको पाइयो ।
- यस सामुदायिक वनले विभिन्न क्षेत्रहरुमा खर्च गरेको पाइन्छ । जसलाई क्रमशः सामाजिक खर्च ५५.५५ प्रतिशत, आर्थिक क्षेत्रमा ३१.०८ प्रतिशत र शैक्षिक खर्चमा १३.३६ प्रतिशत खर्च गरेको पाइयो ।
- नमूना छनौटमा परेको उपभोक्ताहरुको बार्षिक जम्मा आम्दानी रु ११.००,००० रहेको पाइन्छ भने औसत आम्दानी रु ९,१६६ रहेको छ । वार्षिक खर्च रु. ७,००,००० रहेको

छ भने औसत खर्च रु.७००० छ। जम्मा बचत रु. ४,००,००० रहेको पाइयो भने औसत बचत रु ४००० रहेको छ।

- नमूना छनौटमा परेका वडा नं. ७ का उपभोक्ताहरुको शैक्षिक अवस्थालाई हेर्दा साक्षर महिला १९० जना र पुरुष १९२ गरी जम्मा ३५८ जना साक्षर छन् भने निरक्षर महिला १५ जना र पुरुष ९ गरी जम्मा २४ जना निरक्षर रहेको पाइयो।
- नमूना छनौटमा परेका घरपरिवारको शैक्षिक अवस्थालाई हेर्दा १०० घरधुरीका ४२८ जनामध्ये ५ बर्ष माथिका व्यक्तिहरु ३८२ मध्ये निरक्षरको संख्या २४ जना अर्थात् ९.६८ प्रतिशत रहेको थियो। बाँकी ३५५ जना अर्थात ९०.३२ प्रतिशत साक्षर रहेका छन भने एस.एल.सि उर्तिण गर्नेको संख्या १७.८० प्रतिशत, प्रमाणपत्र तह उर्तिण गर्नेको संख्या ७.८५ प्रतिशत, स्नातक तह उर्तिण गर्नेको संख्या ३.४० प्रतिशत र स्नातकोत्तर तह उर्तिण गर्नेको संख्या १.८३ प्रतिशत रहेको छ।
- छनौटमा परेका उपभोक्ताहरुको शैक्षिक अवस्थालाई हेर्दा प्रा.वि. तहमा ४१ प्रतिशत, नि.मा.वि. तहमा ३८ प्रतिशत रहेको पाइन्छ भने मा.वि. तहमा १३ प्रतिशत र उ.मा.वि. तहमा ८ प्रतिशतले अध्ययन गरेको पाइयो।

# अध्याय पाँच (CHAPTER-FIVE)

## ५. निष्कर्ष र सुझावहरु (Conclusion and Recommendations)

### ५.१ निष्कर्ष (Conclusion)

यस अध्ययनको मुख्य प्राप्तीहरुलाई निष्कर्षका रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ । अध्ययन क्षेत्र भरतपोखरी गा.वि.स. अन्तर्गत डाडागाउँ सामुदायिक वनले स्थानीय उपभोक्ताको सामाजिक, आर्थिक तथा शैक्षिक विकासमा पुऱ्याएको योगदान सम्बन्धमा गरिएको अध्ययनबाट प्राप्त निष्कर्षलाई तल उल्लेख गरिएको छ ।

- सामुदायिक वनले विभिन्न स्रोतहरुबाट प्राप्त गरेको बार्षिक आम्दानी रु. ९१२३४९. ७५ खर्च रु. ८६२२३० र बचत रु. ५०११९७५ रहेको पाइयो ।
- सामुदायिक वनले स्थानीय विकासमा गरेको खर्च रु. ८६२२३० मध्ये सामाजिक क्षेत्रमा खर्च रु. ४,७९००० अर्थात ५५.५५ प्रतिशत, आर्थिक क्षेत्रमा खर्च रु. २६८०३० अर्थात ३१.०८ प्रतिशत र शैक्षिक क्षेत्रमा खर्च रु. ११५२०० अर्थात १३.३६ प्रतिशत रहेको पाइयो ।
- सामुदायिक वनले सामाजिक क्षेत्र अन्तर्गत खानेपानीको लागि रु. २,६०,००० अर्थात ३०.१५ प्रतिशत, बाटो तथा पुलपुलेसा ममर्तमा रु ७५००० अर्थात १५.६५ प्रतिशत, स्वास्थ्य तथा खेलकुदमा खर्च रु. ६०००० अर्थात १२.५२ प्रतिशत, विद्युत तथा लाइन मर्मत विस्तार खर्च रु. २५००० अर्थात ५.२१ प्रतिशत, शौचालय निर्माणमा रु २२००० अर्थात ४.५९ प्रतिशत र पर्यटकीय स्थल निर्माणमा रु १९००० गरी जम्मा ४,७९,००० खर्च गरेको पाइयो ।
- सामुदायिक वनले आर्थिक क्षेत्र अन्तर्गत बाख्रा तथा कुखुरापालन अनुदान रु ५२०९० अर्थात १९.४३ प्रतिशत, धान खेती अनुदान रु. ४५४०० अर्थात १६.९३ प्रतिशत, सिपमूलक तालिम अन्तर्गत रु ५७८०० अर्थात २१.५६ प्रतिशत, लघु उद्यम व्यवस्थापनको लागि ९०००० अर्थात ३३.५७ प्रतिशत र बिबिध अनुदान कार्यक्रम

अन्तर्गत रु. २५००० अर्थात ८.४८ प्रतिशत गरी जम्मा रु २,६८,०३० खर्च गरेको पाइयो ।

- सामुदायिक वनले स्थानीय शैक्षिक क्षेत्रमा गरेको सहयोग अन्तर्गत श्री शान्ति उदय उच्च मा.वि. लाई रु. ६०,००० साथै ५७ क्युफिट साल चिरान र सरस्वति प्रा.वि. लाई ३७००० साथै ६७.३४ क्युफिट साल चिरान काठ सहयोग गरेको पाइयो । सकीय प्रौढ शिक्षाको लागि र समत बाल विकास केन्द्रको लागि क्रमश रु. ९२००, ९००० गरी जम्मा रु ११५२०० रकम सहयोग गरेको पाइयो ।
- नमूना छनौटमा परेको उपभोक्ताहरुको बार्षिक जम्मा आम्दानी रु ११.००,००० रहेको पाइन्छ भने औसत आम्दानी रु ९,१६६ रहेको छ । वार्षिक खर्च रु. ७,००,००० रहेको छ भने औसत खर्च रु.७००० छ । जम्मा बचत रु. ४,००,००० रहेको पाइयो भने औसत बचत रु ४००० रहेको छ ।
- छनोटमा परेका उपभोक्ताहरुको शैक्षिक अवस्थालाई हेर्दा प्रा.वि. तहमा ४१ प्रतिशत, नि.मा.वि. तहमा ३८ प्रतिशत रहेको पाइन्छ भने मा.वि. तहमा १३ प्रतिशत र उ.मा.वि. तहमा ८ प्रतिशतले अध्ययन गरेको पाइयो ।
- नमूना छनोटमा परेका घरपरिवारको शैक्षिक अवस्था हेर्दा निरक्षर ९.६८ प्रतिशत, साक्षर ५९.९ प्रतिशत, एस.एल.सि पास १७.८० प्रतिशत, प्रमाणपत्र तहमा ७.८५ प्रतिशत, स्नातक तहमा ३.४० प्रतिशत, स्नातकोत्तर तहमा १.८३ प्रतिशत रहेको पाइयो ।

## ५.२ सुझावहरु (Recommendations)

सामुदायिक वन उपभोक्ता समितिले आर्थिक तथा शैक्षिक क्षेत्रमा गरेको विकासबाट स्थानीय जनताहरु प्रत्यक्ष लाभान्वित भई उनीहरुको आर्थिक अवस्था सुधारोन्मुख छ । तर परिस्थिति अनुसार उपभोक्ताहरुलाई थप सुविधा प्रदान गर्न आवश्यक छ । उपभोक्ताको माग र आपूर्तिलाई सन्तुलनमा राख्दै अझै आर्थिक प्रगतिको लागि केही सुझावहरुलाई निम्नानुसार बुँदाहरुमा उल्लेख गर्न सकिन्छ ।

- डाँडागाउँ सामुदायिक वनको वार्षिक आम्दानी जम्मा रु. ९१२३४९.७५ रहेको पाइएता पनि यस वार्षिक आम्दानीलाई अझ बढी प्राथमिकता दिनका लागि नयाँ आम्दानीका स्रोतहरु खोजी गर्नुपर्छ । जस्तै वन कटानी भएको खाली जग्गामा महत्वपूर्ण बोटविरुवाहरु वृक्षारोपण गर्नुपर्दछ ।
- वन क्षेत्रलाई संरक्षण र संम्बर्द्धन गर्नका लागि वृक्षारोपण कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । सामुदायिक वनलाई अझ बढी विस्तार गर्नका लागि वनले सम्बन्धित वन कार्यलय वा जिल्ला वन कार्यालय तथा वनसँग सम्बन्धित कार्यलयससँग थप सम्पर्क तथा सम्बन्ध विकास गर्नुपर्ने देखिन्छ ।
- डाँडागाउँ सामुदायिक वनले शैक्षिक क्षेत्रमा १३.३६ प्रतिशत मात्र खर्च गरेको छ । शैक्षिक क्षेत्रलाई अझ गुणस्तरीय बनाउनका लागि अझ केही थप रकम खर्च गर्नुपर्ने देखिन्छ ।
- उपभोक्ता समूहमा आबद्ध भएका प्रत्येक उपभोक्ताहरुलाई अनिवार्य रुपमा योजना छनौट, नेतृत्व विकास र स्तर वृद्धि जस्ता आधारभूत तालिम गराउन सकेको खण्डमा वनसँग सम्बन्धित उपभोक्ताहरुको आर्थिक समस्या समाधान गरी जीवनस्तर माथि उठाउन सकिन्छ ।
- सामुदायिक वन उपभोक्ता समितिले काठ दाउरा उचित मूल्य प्राप्त गर्नका लागि पारदर्शी रुपमा टेन्डरको आव्हान गर्दा अझै राम्रो हुनेछ ।
- स्थानिय क्षेत्रमा लगानी गर्दा स्थानीय उपभोक्ताको सहभागितामा जोड दिनुपर्ने देखिन्छ ।
- गरिबी निवारण कार्यक्रममा सामुदायिक वनमा समावेश नभएका स्थानीय गरिब जनताहरुलाई पनि समावेश गराउन राम्रो हुनेछ ।

### ५.२.१. **नीति सम्बन्धी सुझावहरु (Policy Related Recommendations)**

१. सरकारले वन सम्बन्धि कडा कानुनी व्यवस्था गरी नीति नियमको प्रभावकारी रुपमा कार्यन्वयन गर्नु पर्ने देखिन्छ ।

२. उपभोक्ताले सामुदायिक वनमा हुने अनावश्यक राजनैतिक हस्तक्षेपलाई रोकी स्वच्छ रुपमा वनको संरक्षण, सम्बर्द्धन र सदुपयोगमा जोड दिनु पर्ने ।

३. वन फडानी गर्नेलाई स्थानीय वन समितिले कानुनी कारबाही गर्नु पर्ने देखिन्छ ।

४. वन व्यवस्थापन चोरी निकासी नियन्त्रण गर्नका लागि स्थानीय उपभोक्तालाई सहभागी गराई उनीहरुको विचारलाई सहभागि गराउनु पर्ने ।

५. उपभोक्ता समितिले वन क्षेत्रमा खाली नाङ्गा, डाँडा, पाखा, एवम् खोल्साहरुमा वृक्षरोपण गर्नु पर्दछ ।

**५.२.२ प्रयोगात्मक क्षेत्रसँग सम्बन्धित सुझावहरु** (Practice Related Recommendation)

१. यस डाँडागाउँ सामुदायिक वनको बार्षिक आम्दानीमध्ये गरिबी न्युनिकरणमा न्यून रकम छुट्याएकोले सामुदायिक वन निर्देशिका, २०६५ ले निर्दिष्ट गरे बमोजिम उक्त शिर्षकमा खर्च बढाउनु पर्ने देखिन्छ ।

२. यस डाडागाउँ सामुदायिक वनले सामाजिक क्षेत्रमा ५५.५५ प्रतिशत, आर्थिक क्षेत्रमा ३१.०८ प्रतिशत र शैक्षिक क्षेत्रमा १३.३६ प्रतिशत रकम खर्च गरेको छ । तुलनात्मक रुपमा शैक्षिक क्षेत्रमा ज्यादै कम खर्च गरेको देखिन्छ । त्यसैले शैक्षिक क्षेत्रमा खर्च बढाउनु पर्ने देखिन्छ ।

३. यस वनका उपभोक्ताहरु अझै पनि धेरै मात्रामा निरक्षर देखिएकोले साक्षरता अभियानलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

**५.२.३. आगामी अनुसन्धानसँग सम्बन्धित सुझावहरु (Further Research Related Recommendations)**

१. डाँडागाउँ सामुदायिक वनका विकासात्मक कार्यहरु तथा यसले शैक्षिक अवस्थामा पुऱ्याएको योगदान अध्ययन गर्दा आगामी नयाँ अनुसन्धानकर्ताहरुको निम्ति सहयोग मिल्नेछ ।

२. वन सम्बन्धि गरिएको यस अनुसन्धानबाट अन्य क्षेत्रको वन सम्बन्धी अध्ययन गर्न सकिने छ ।

३. यस अध्ययनको आधारमा डाँडागाउँ सामुदायिक वनलाई अध्ययन क्षेत्र बनाएर सामुदायिक वनले महिला सशक्तिकरणका क्षेत्रमा पुऱ्याएको योगदानसम्बन्धी विषय अनुसन्धानकर्ताका लागि भावी अध्ययन अनुसन्धानको विषय बन्न सक्तछ ।

# सन्दर्भसूचि (References)


अधिकारी, राजन (२०६९), *त्रिवेणी सामुदायिक वनले स्थानिय उपभोक्ताको सामजिक, आर्थिक र शैक्षिक अवश्थामा पुऱ्याएको योगदान,* अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग त्रि.वि. किर्तिपुर ।

आचार्य, हरिनारायण (२०७१) *महिला सामुदायिक वनले स्थानिय उपभोक्ताको शैक्षिक तथा आर्थिक विकासमा पुऱ्याएको योगदान,* अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, किर्तिपुर ।

के.सी., महालक्ष्मी (२०६०), *सामुदायिक वन व्यवस्थापनमा महिला सहभागिता,* अप्रकाशित सोधपत्र, समाज शास्त्र मानव शास्त्र केन्द्रिय विभाग त्रि.वि. किर्तिपुर ।

के.सी., शारदा कुमारी (२०५४), *सामुदायिक वन विकास कार्यक्रममा ग्रामिण महिलाको भूमिका,* अप्रकाशित शोधपत्र, समाजशास्त्र तथा मानवशास्त्र केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६८), *राष्ट्रिय जनगणना,* काठमाडौं ।

खतिवडा, भोला र श्रेष्ठ, विना (२०६७) *सामुदायिक वनको सुशानमा सेवा प्रदायकको भूमिका र चुनौती,* काठमाडौंः वनविभाग ।

खरेल, निरु (२०६०), *कबुलियती वन व्यवस्थापनमा महिला सहभागिता,* अप्रकाशित शोधपत्र, समाजशास्त्र तथा मानवशास्त्र केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

खत्री, सुरत बहादुर (२०७०), *आर्थिक तथा सामाजिक क्षेत्रमा सामुदायिक वनले पुऱ्याएको योगदान एक अध्ययन,* अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

घिमिरे, रोशन (२०६७),*घरायसी आम्दानीमा सामुदायिक वन सम्पदाको योगदान,* काठमाडौंः वन तथा भू-संरक्षण मन्त्रालय, नेपाल ।

घिमिरे, लेखनाथ (२०६६) *तिनतले सामुदायिक वनले स्थानीय उपभोक्ताको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्थामा पुऱ्याएको योगदान एक अध्ययन,* अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

चौधरी, दिपेश (२०६६), *सामुदायिक वन उपभोक्ता समूहभित्र हस्तान्तरण प्रस्तावको सुशासन,* काठमाडौँः सामुदायिक वन वुलेटिन ।

जिल्ला विकास समिती कास्की, *जिल्ला विकास योजना (२०७२।०७३*), कास्की ।

जिल्ला शिक्षा कार्यालय कास्की, *जिल्ला शिक्षा दर्पण (२०७१*) कास्की ।

निउरे, ध्रुव प्रसाद (२०६९), *अनुसन्धान पद्धति, काठमाडौँ क्वेष्ट पब्लिकेशन,* किर्तिपुर काठमाडौँ ।

बाँनिया, नारायण (२०६५), *गरिब उपभोक्ताको आर्थिक स्तर उकास्न धोर्लास सामुदायिक वनको योगदान,* काठमाडौँः सामुदायिक वन महासंघ नेपाल ।

पौडेल, विष्णुप्रसाद (२०७१), *सामुदायिक वनले स्थानिय उपभोक्ताको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्थामा पुऱ्याएको प्रभाव,* अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

भण्डारी, आनन्द (२०७०), *हाम्रो कल्पवृक्ष,* वनविभाग, बबरमहल ।

भरत पोखरी गा.वि.स.(२०७१), *गा.वि.स. प्रोफाइल,* भरत पोखरी गा.वि.स, कास्की ।

मैनाली, शुशिला (२०५८), *नेपालमा सामुदायिक वन र सामाजिकीकरण तथा आर्थिक सवलीकरण प्रक्रिया,* अप्रकाशित सोधपत्र, समाज शास्त्र मानवशास्त्र केन्द्रिय विभाग त्रि.वि. किर्तिपुर ।

रावत, मनबहादुर (२०६६), *सामुदायिक वन विकासमा सार्वजनिक उत्तरदायित्वको अपरिहार्यता,* सामाजिक वन बुलेटिन अंक १४, काठमाडौँ वन तथा भू-संरक्षण मन्त्रालय ।

राष्ट्रिय योजना आयोग (२०७२।७३), *चौधौं योजनाको आधारपत्र,* काठमाडौं ।

वन विभाग (२०६५), *राष्ट्रिय सामुदायिक वन गोष्टी प्रतिवेदन* ।

वन विभाग (२०६८), *हाम्रो वन,* काठमाडौँः वन तथा भू-संरक्षण मन्त्रालय, नेपाल सरकार ।

श्रेष्ठ, राजन (२०६६), स*ामुदायिक वन कार्यक्रममा महिला सहभागिता,* सामुदायिक वन बुलेटिन, काठमाडौँ, वन तथा भू-संरक्षण मन्त्रालय, नेपाल

सामुदायिक वन महाशाखा (२०६५।०६६), *सामुदायिक वन वुलेटिन,* अंक १४, काठमाडौँ, वन तथा भू-संरक्षण मन्त्रालय ।

सामुदायिक वन महाशाखा (२०६७), *सामुदायिक वन बुलेटिन,* अंक १५, काठमाडौँ, वन तथा भू-संरक्षण मन्त्रालय ।

अनुसूची १

## डाँडागाउँ सामुदायिक वन उपभोक्ता समितिमा आवद्ध उपभोक्ताहरुको लागि प्रश्नावली

व्यक्तिगत विवरण

उपभोक्ताको नाम, थर :                ठेगाना :

उपभोक्ताको टोलः                सदस्यता टोली :

१. तपाईको परिवारको विवरण दिनुहोस् ।

| क.स. | नाम | लिङ्ग | धर्म | पेशा | शिक्षा | उमेर |
|---|---|---|---|---|---|---|
| | | | | | | |

सदस्यता प्राप्त मिति :

२. तपाईको परिवारको वार्षिक आम्दानी कति छ ? रु.........

३. तपाईको परिवारको आम्दानीका श्रोतहरु के के हुन् ?

कृषि रु ..............                व्यवसाय-खुद्रा व्यवसाय रु ............

पशुपालन रु ................                जागिर(सरकारी/नीजी/शिक्षक) रु..........

दैनिक ज्यालादारी रु................                वैदेशिक आय रु ........ अन्य रु........

४. सामुदायिक बनबाट प्रत्यक्ष/अप्रत्यक्ष वार्षिक के कति लाभ लिनु भएको छ ?

छ                छैन

५. सामुदायिक वन उपभोक्ता समितिको सदस्यता किन लिनुभयो ?

सामुहिक भावनाको विकासको लागि                सामाजिक प्रतिष्ठाको लागि

आफूभन्दा अनुभवी व्यक्ति कोही नभएर                अन्य

६. वन समितिबाट तपाइँले पाउनुभएको प्रत्यक्ष लाभ के के हुन् ?

सुहलियत मुल्यमा काठ दाउरा घाँस दाउरा

घर निर्माणको लागि अन्य

७. तपाइँको क्षेत्रको सामाजिक विकासमा सामुदायिक वनको के योगदान छ ?

बाटो तथा पुल निर्माण र मर्मत मठमन्दिर निर्माणमा सहयोग

स्कुल अन्य

८. तपाइँको क्षेत्रमा आर्थिक विकासको लागि सामुदायिक वनले के गरेको छ ?

पशुपालन सीपमूलक तालिम

सुहलियत काठ दाउरा अन्य

९. तपाइँको क्षेत्रको शैक्षिक विकासको लागि सामुदायिक वनको के भूमिका छ ?

स्थानीय विद्यालयलाई भौतिक सहयोग स्थानीय विद्यालयलाई आर्थिक सहयोग

विद्यार्थीलाई सहयोग अन्य

१०. सामुदायिक वनको आवश्यकता कसरी महसुस गर्नुभएको छ ?

घाँस दाउरा पशुपालन स्वच्छ पर्यावरण अन्य

११. सामुदायिक वनले हाल गरिरहेको कार्यलाई कसरी मूल्याङ्कन गर्नुभएको छ ?

उत्कृष्ट ठीक सामान्य अन्य

१२. भावी दिनहरुमा वन उपभोक्ता समितिले के गर्नुपर्दछ र के गर्दै जानु उपयुक्त हुन्छ ? आफ्नो धारणा उल्लेख गर्नुहोस् ।

१३. यो सामुदायिक वन कहिले स्थापना भएको हो ? ................................

१४. यो सामुदायिक वनको वार्षिक आम्दानी कति छ ? रु .......................

१५. यो सामुदायिक वनमा कति उपभोक्ता सदस्यहरु छन् ? ......................

१६. सामुदायिक वन संचालन कार्यसमिति कति सदस्यीय छ ? ................

१७. यो सामुदायिक वनको विगत ५ वर्ष देखिका आम्दानीका श्रोतहरु के के हुन् ?

(१) ..........................................................................

(२) ..............................................................................

(३) ..............................................................................

(४) ..................................................................................

१८. यो सामुदायिक वनले कुन कुन क्षेत्रमा लगानी गरेको छ ?

(१) ..........................................................................

(२) ..............................................................................

(३) ..............................................................................

(४) ..................................................................................

१९. वन सम्पदाको वितरण कसरी गर्नु हुन्छ ?

(१) सबैलाई बराबर

(२) लक्षित समूहलाई प्राथमिकता

(३) आवश्यकता अनुसार

(४) अन्य

२०. यो वन उपभोक्ता समितिका समस्याहरु के के छन् ?

(१) ..........................................................................

(२) ..............................................................................

(३) ..............................................................................

(४) ..................................................................................

२१. यो वन उपभोक्ता समितिका सदस्यहरुका बालबच्चाहरु कुन कुन स्तरमा कति जना अध्ययनरत छन् ?

(क) मा.वि. स्तर .......................... जना ।

(ख) उच्च मा.वि. स्तर .......................... जना ।

(ग) क्याम्पस स्तर .......................... जना ।

(घ) अन्य .......................... जना ।

२२. यो सामुदायिक वनबाट व्यक्तिले के के फाईदा पाउनु हुन्छ ?

(१) ............................................................................

(२) ..............................................................................

(३) ..............................................................................

(४) ..............................................................................

२३. यो सामुदायिक वनको कार्यसमितिको गठन कसरी हुन्छ ?

(क) आपसी समझदारीबाट

(ख) निर्वाचनबाट

(ग) अन्य तरिकाबाट .....................................

२४. यो सामुदायिक वनबाट आय आर्जनका के कस्ता कार्यक्रम संचालन भएका छन् ?

(१) ............................................................................

(२) ..............................................................................

(३) ..............................................................................

(४) ..............................................................................

# अनुसूची २

डाडागाउँ सामुदायिक वन उपभोक्ता समितिको वर्तमान कार्य समितिका अध्यक्षका लागि प्रश्नावली

१. यस सामुदायिक वन उपभोक्ता समुहको स्थापना कहिले भएको हो ?

क) २०५९/२/६ ख) २०५८/१०/९

ग) २०६२/१२/२५ घ) २०६०/५/८

२. वर्तमान कार्यसमितिको विवरण दिनुहोस् ।

| क.सं. | पद | नामथर | ठेगाना |
|---|---|---|---|
| १ | अध्यक्ष | | |
| २ | उपाध्यक्ष | | |
| ३ | सचिव | | |
| ४ | सहसचिव | | |
| ५ | कोषाध्यक्ष | | |
| ६ | सदस्य | | |
| ७ | ” | | |
| ८ | ” | | |
| ९ | ” | | |
| १० | ” | | |
| ११ | ” | | |
| १२ | ” | | |
| १३ | ” | | |
| १४ | ” | | |
| १५ | ” | | |
| १६ | ” | | |
| १७ | ” | | |

## अनुसूची : ३

**लक्षित समूह छलफल निर्देशिका**

क) लक्षित समूह छलफल संचालन गर्न पूर्व बढिमा २५/३० जनाको समूह निर्माण गर्नुपर्दछ ।

ख) समूह निर्माण गर्दा एउटै पृष्ठभूमि र विशेषता भएका सदस्यहरुको समुह हुनुपर्दछ ।

ग) लक्षित समुह छलफलका लागि समेट्नुपर्ने सम्भावित मुद्दाहरु खुला रुपमा ५/६ प्रश्न बनाई समावेश गनुपर्दछ ।

घ) लक्षित समुह छलफलको लागि उपयुक्त स्थान र समय निर्धारण गरेको हुनुपर्दछ ।

ङ) लक्षित समुह छलफल प्रभावकारी बनाउन गोलो चर्तुभुज वा यु आकारको टेबलमा राखी सञ्चालन गर्नुपर्दछ जसको सहयोगमा छलफललाई रेकर्ड गर्न सजिलो होस ।

च) लक्षित समुह छलफलको लागि बनाएका प्रश्नहरु क्रमबद्ध रुपमा संगठन गरेको हुनुपर्दछ ।

छ) संकलित तथ्यांकहरुलाई विभिन्न संकेत र शीर्षकमा वर्गीकरण गरी अनुसन्धानको उद्देश्यअनुसार विश्लेषण गर्नुपर्दछ ।

**लक्षित समुह छलफलका लागि तयार गरिएको प्रश्नावली**

क) डाडागाउँ सामुदायिक वनको बार्षिक आम्दानी कति रहेको छ ?

ख) डाडागाउँ सामुदायिक वनको कुन कुन क्षेत्रबाट कति कति आम्दानी गर्दछ ।

ग) डाडागाउँ सामुदायिक वनले आफ्नो आम्दानीलाई कुन कुन क्षेत्रमा कति कति लगानी गरेको छ ?

घ) डाडागाउँ सामुदायिक वनले स्थानीय विद्यालयलाई कति आर्थिक तथा भौतिक सहयोग गरेको छ ?

ङ) डाडागाउँ सामुदायिक वनले स्थानीय विकास अन्तर्गत सामाजिक क्षेत्रमा कहाँ कहाँ र कति कति खर्च गरेको छ ?

## अनुसूची : ४

१. सामुदायिक वनको कटानी क्षेत्र र वृक्षारोपण गर्नुपर्ने र गरेको क्षेत्र ।

२. खानेपानीको सुविधा प्रदान ।

३. बाटो तथा पुल निर्माण ।

५. बाँध तथा मर्मत ।

६ गोबर ग्याँस आयोजना निर्माण ।

७. सौचालय निर्माण ।

८. गरिबी निवारण कार्यक्रम ।

९. विद्यालयलाई गरिएको आर्थिक र भौतिक सहयोग ।

## अनुसूची : ५

यस अध्ययनको लागि नमूना छनौटमा परेका भरतपोखरी, डाँडागाउँ सामुदायिक वनका उपभोक्ताहरुको नामावली निम्नानुसार छ ।

| सदस्य नं. | सदस्यको नाम थर | टोल नं. |
|---|---|---|
| १ | बसन्त प्रसाद आचार्य | १ |
| २ | विष्णु प्रसाद आचार्य | १ |
| ३ | लक्ष्मी आचार्य | १ |
| ४ | गीता आचार्य | १ |
| ५ | तारादेवी आचार्य | २ |
| ६ | मञ्जु आचार्य | २ |
| ७ | इन्द्र प्रसाद आचार्य | २ |
| ८ | झम्कनारायण आचार्य | २ |
| ९ | डिलराज आचार्य | ३ |
| १० | कमल आचार्य | ३ |
| १ | केशब आचार्य | ३ |
| १२ | यमबहादुर घर्ती | ३ |
| १३ | खड्के घर्ती | ४ |
| १४ | लालु सार्की | ४ |
| १५ | डम्मर वि.क. | ४ |
| १६ | साइला कार्की | ४ |
| १७ | दिलराज आचार्य | ५ |
| १८ | सोभा आचार्य | ५ |
| १९ | केशवराज लम्साल | ५ |
| २० | काजीमान आचार्य | ५ |
| २१ | अर्जुन बाबुआचार्य | ६ |

| | | |
|---|---|---|
| २२ | मनु कार्की | ६ |
| २३ | खडानन्द वि.क. | ६ |
| २४ | शान्ति नेपाली | ६ |
| २५ | बसन्त बहादुर मुजेल | ७ |
| २६ | राम बहादुर वि.क. | ७ |
| २७ | लक्ष्मी गुरुङ | ७ |
| २८ | भिममाया नेपाली | ७ |
| २९ | राधिका आचार्य | ८ |
| ३० | रुकवीणी आचार्य | ८ |
| ३१ | रेनु गुरुङ | ८ |
| ३२ | डीलराज आचार्य | ८ |
| ३३ | होमनाथ आचार्य | ९ |
| ३४ | गंगालाल लम्साल | ९ |
| ३५ | विष्णु विश्वकर्मा | ९ |
| ३६ | मान बहादुर विश्वकमा | ९ |
| ३७ | बलराम आचार्य | १० |
| ३८ | हरिप्रिया आचार्य | १० |
| ३९ | सन्त मगर | १० |
| ४० | तारा देवी विश्वकर्मा | १० |
| ४१ | छत्र बहादुर नेपाली | ११ |
| ४२ | भक्ति आचार्य | ११ |
| ४३ | पृथवी बहादुर आचार्य | ११ |
| ४४ | उपेन्द्र ठकुरी | ११ |
| ४५ | लक्ष्मी थापा | १२ |
| ४६ | taranidhi | १२ |

| | | |
|---|---|---|
| ४७ | सोमनाथ आचार्य | १२ |
| ४८ | चित्राखर नेपाली | १२ |
| ४९ | मोहन विश्वकर्मा | १३ |
| ५० | रुद्र विश्वकर्मा | १३ |
| ५१ | शान्ता नेपाली | १३ |
| ५२ | लिला थापा मगर | १३ |
| ५३ | बिजेन्द्र गुरुङ | १४ |
| ५४ | केशव लम्साल | १४ |
| ५५ | बसन्त लम्साल | १४ |
| ५६ | भूपति लम्साल | १४ |
| ५७ | काइली वि.क. | १५ |
| ५८ | मणि कुमार गुरुङ | १५ |
| ५९ | बुद्ध माया गुरुङ | १५ |
| ६० | कोपीला विश्वकर्मा | १५ |
| ६१ | विस्नु भ्वाई | १६ |
| ६२ | टेकराज भ्वाई | १६ |
| ६३ | उमेश भ्वाई | १६ |
| ६४ | कृष्ण आचार्य | १६ |
| ६५ | विष्णु लाल आचार्य | १७ |
| ६६ | नयन आचार्य | १७ |
| ६७ | गोविन्द गुरुङ | १७ |
| ६८ | नरमाया गुरुङ | १७ |
| ६९ | बम बहादुर गुरुङ | १८ |
| ७० | याम गुरुङ | १८ |
| ७१ | जानुका | १८ |

| | | |
|---|---|---|
| ७२ | रिना नेपाली | १८ |
| ७३ | निर बहादुर मगर | १९ |
| ७४ | जनक लाल बानिया | १९ |
| ७५ | शुक्र बहादुर आचार्य | १९ |
| ७६ | रेणुका नेपाली | १९ |
| ७७ | नन्द लाल आचार्य | २० |
| ७८ | रुद्र गुरुङ | २० |
| ७९ | पद्मा देवी भूजेल | २० |
| ८० | भेष राज आचार्य | २० |
| ८१ | गजाधर गुरुङ | २१ |
| ८२ | रुद्र वि क | २१ |
| ८३ | वीर बहादुर विक | २१ |
| ८४ | डिल्ले विक | २१ |
| ८५ | धन बहादुर विक | २२ |
| ८६ | डम्बर लामा | २२ |
| ८७ | कुबेर वानिया | २२ |
| ८८ | नीर बहादुर मगर | २२ |
| ८९ | मकरध्वज विक | २३ |
| ९० | दधिराम वि.क. | २३ |
| ९१ | लक्ष्मी वि.क् | २३ |
| ९२ | दान बहादुर भूजेल | २३ |
| ९३ | टिका आचार्य | २४ |
| ९४ | पुष्पलाल आचार्य | २४ |
| ९५ | निलराज आचार्य | २४ |
| ९६ | केशव आचार्य | २४ |

| | | |
|---|---|---|
| ९७ | रामु गुरुङ | २५ |
| ९८ | खोमा गुरुङ | २५ |
| ९९ | भक्ति गुरुङ | २५ |
| १०० | चन्द्रलाल गुरुङ | २५ |

## अनुसूची : ६

डाडागाउँ सामुदायिक वन उपभोक्ता समितिको वर्तमान कार्यसमितिको नामावली

| क्र.सं. | पद | नाम/थर | ठेगाना |
|---|---|---|---|
| १ | अध्यक्ष | विष्णु प्रसाद आचार्य | भरतपोखरी- ७ |
| २ | उपाध्यक्ष | ऋषिदेवि आचार्य | भरतपोखरी -७ |
| ३ | सचिव | केशवराज आचार्य | भरतपोखरी -७ |
| ४ | सहसचिव | राधिका आचार्य | भरतपोखरी -७ |
| ५ | कोषाध्यक्ष | भिममाया नेपाली | भरतपोखरी -७ |
| ६ | सदस्य | गोविन्द लम्साल | भरतपोखरी -७ |
| ७ | सदस्य | रेणु गुरुङ | भरतपोखरी -७ |
| ८ | सदस्य | बुद्धिमाया गुरुङ | भरतपोखरी -७ |
| ९ | सदस्य | केदारनाथ आचार्य | भरतपोखरी -७ |
| १० | सदस्य | विष्णु प्रसाद लम्साल | भरतपोखरी -७ |
| ११ | सदस्य | काजीमान आचार्य | भरतपोखरी -७ |
| १२ | सदस्य | सन्त बहादुर वि.क. | भरतपोखरी -७ |
| १३ | सदस्य | सरस्वती आचार्य | भरतपोखरी -७ |

**सल्लाहकार**

मनोहर शर्मा आचार्य

राम बहादुर वि.क.

पिताम्बर आचार्य

कमल प्रसाद आचार्य

याम बहादुर भुजेल

# अनुसूची : ७

सामुदायिक वन उपभोक्ता समितिमा आवद्ध उपभोक्ताहरुको जनसंख्या र नमूना छनौट ।

| क.सं. | टोलको नाम | जम्मा घरधुरी संख्या | नमूना छनौट गरीएको घरधुरी | टोल नम्वर |
|---|---|---|---|---|
| १ | पाण्डेथुम | ७ | ४ | १ |
| २ | जैसी टोल | ८ | ४ | २ |
| ३ | देउराली | ७ | ४ | ३ |
| ४ | वनपाले | ८ | ४ | ४ |
| ५ | तल्लो वनपाले | ८ | ४ | ५ |
| ६ | कार्की गाउँ | ६ | ४ | ६ |
| ७ | सार्की गाउँ | ११ | ४ | ७ |
| ८ | बौमारा | १० | ४ | ८ |
| ९ | भर्तिपोखरा | १० | ४ | ९ |
| १० | थुम | १० | ४ | १० |
| ११ | थुममुनी | ८ | ४ | ११ |
| १२ | लम्सालथर | ९ | ४ | १२ |
| १३ | भ्वाई थर | ९ | ४ | १३ |
| १४ | कामी गाउँ | ११ | ४ | १४ |
| १५ | तल्लो कामी गाउँ | ९ | ४ | १५ |
| १६ | स्याउले | ८ | ४ | १६ |
| १७ | सुरताने | ११ | ४ | १७ |

| | | | | |
|---|---|---|---|---|
| १८ | वानीयाथर | ९ | ४ | १८ |
| १९ | भिरवारी | ७ | ४ | १९ |
| २० | वयरघारी | ७ | ४ | २० |
| २१ | डडेली थर | ८ | ४ | २१ |
| २२ | जिव्रे ढुंगा | ११ | ४ | २२ |
| २३ | घर्ती गाउँ | ८ | ४ | २३ |
| २४ | हस्पीटलचोक | ७ | ४ | २४ |
| २५ | गुरुङ्ग गाउँ | ८ | ४ | २५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।